# *योगमाया* उपन्यासमा पात्रविधान

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअर्न्तगत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह चौथो सत्रको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

शोधपत्र


शोधकर्ता
सुमन्द्रा कुमारी साउद
परीक्षा क्रमाङ्क : २८२६०१७
त्रि.वि. दर्ता नं.: ९-२-२७९-१३३-२०१६
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर


२०८१

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर**

## शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअर्न्तगत नेपाली केन्द्रीय विभाग, स्नातकोत्तर तह चौथो सत्रका छात्रा सुमन्द्रा कुमारी साउदले *योगमाया उपन्यासमा पात्रविधान* शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । यसको आवश्यक मुल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

मिति २०८१/१२/०६

.................................

उपप्रा. राजुमान डङ्गोल

शोध निर्देशक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर ।

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर**

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअर्न्तगत नेपाली कन्द्रीय विभाग, एम. ए. चौथो सत्रका छात्रा सुमन्द्रा कुमारी साउदले स्नातकोत्तर तहको नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नु भएको *योगमाया उपन्यासमा पात्रविधान* शीर्षकको प्रस्तुत शोधपत्र मूल्याङ्कन समितिद्वारा आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

**प्रा.डा. कृष्णप्रसाद न्यौपाने** ...........................

(विभागीय प्रमुख)

**उपप्रा.राजुमान डङ्गोल** .............................

(शोध निर्देशक)

**सहप्रा.डा. दुर्गाबहादुर घर्ती** .............................

(बाह्य परीक्षक)

मिति २०८१/१२/२६

# कृतज्ञताज्ञापन

*योगमाया उपन्यासमा पात्रविधान* शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअर्न्तगत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह चौथो सत्रको दसौँ पत्रको प्रयोजनका निम्ति आदरणीय गुरु उपप्रा. राजुमान डङ्गोलको निर्देशनमा तयार पारेकी हुँ । उहाँको सल्लाह सुझावको अभावमा यो शोधकार्य पूरा हुन सक्ने थिएन । आफ्नो व्यस्त समयका बिचमा पनि शोधपत्र तयारीका सन्दर्भमा स्नेहपूर्ण निर्देशन एवम् सल्लाह सझाव दिई मार्गनिर्देशन गर्नुहुने गुरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै शोधपत्रलाई अझै वस्तुगत र उत्कृष्ट बनाउन सहयोग गरी बाह्य परीक्षकको भूमिका निर्वाह गरिदिनुहुने आदरणीय गुरु सहप्रा.डा. दुर्गाबहादुर घर्तीप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यस कार्यमा उहाँहरूले अलिकति पनि झर्को नमानी आफ्नो अमूल्य समय र सुझाव प्रदान गरेर शोधकार्यलाई परिष्कार र परिमार्जन गरिदिनु भयो, त्यसका लागि आदरणीय गुरुहरूप्रति म कृतज्ञ छु ।

प्रस्तुत शोध शीर्षकमा अध्ययन गर्न स्वीकृति प्रदान गरी शोधकार्य गर्ने अवसर प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा.डा. कृष्णप्रसाद न्यौपानेप्रति हार्दिक आभार व्यक्त गर्दछु मलाई आवश्यक सल्लाह सुझावका साथै हौसल्ला प्रदान गर्नुहुने सबै गुरु गुरुआमाहरूमा कृतज्ञ छु । शोधपत्र तयारीका क्रममा सामग्री सङ्कलनमा सहयोग गर्ने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय तथा कर्मचारीहरूप्रति पनि कृतज्ञ छु ।

मलाई यो स्थानसम्म पुऱ्याउन सदैव प्रेम, प्रेरणा, हौसल्ला प्रदान गर्नुहुने बुवा गङ्गाराम साउद र आमा सरस्वती साउद तथा आर्थिक टेवा पुऱ्याउनु हुने मेरो परिवारप्रति ऋणी छु । यसका साथै शोधकार्यमा आवश्यक सहयोग गर्नुहुने आदरणीय साथी कृष्ण साउद, र दुर्गा रिजाललाई हार्दिक धन्यवाद दिन चाहन्छु । यसै गरी अध्ययनका क्रममा प्रत्यक्ष सहयोग पुऱ्याउने सम्पूर्ण साथीहरूलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष पेस गर्दछु ।

शैक्षिक सत्र २०७८-८१

........................

शोधकर्ता
सुमन्द्रा कुमारी साउद
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ
२०८१

# बिषयसूची

**पहिलो परिच्छेद : शोधपरिचय** **१–१२**

१.१ विषयपरिचय १

१.२ समस्याकथनक २

१.३ शोधको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ शोधकार्यको औचित्य १०

१.६ शोधकार्यको सीमाङ्कन ११

१.७ शोधविधि ११

१.७.१ सामग्री सङ्कलनविधि ११

१.७.२ सामग्री विश्लेषणविधि ११

१.८ शोधपत्रको रूपरेखा १२

**दोस्रो परिच्छेद : *योगमाया* उपन्यासका पात्रहरूको वर्गीकृत विश्लेषण** **१३–३०**

२.१ विषयप्रवेश १३

२.२ पात्र वर्गीकरणको सैद्धान्तिक परिचय १३

२.२.१ पात्रको वर्गीकरण १६

२.३ *योगमाया* उपन्यासका पात्रहरूको वर्गीकरण २१

२.३.१ लिङ्गका आधारमा २१

२.३.२ कार्यका आधारमा २२

२.३.३ प्रवृत्तिका आधारमा २४

२.३.४ स्वभावका आधारमा २५

२.३.५ जीवन चेतनाका आधारमा २६

२.३.६ आशन्नताका आधारमा २७

२.३.७ आबद्धताका आधारमा २८

२.४ निष्कर्ष २९

**तेस्रो परिच्छेद : *योगमाया* उपन्यासका पात्रहरूको कथानकीय भूमिका र चरित्रचित्रण ३१–५८**

३.१ विषयप्रवेश ३१

३.२ चरित्रचित्रणको सैद्धान्तिक आधार ३१

३.२.१ प्रत्यक्ष वा वर्णनात्मक विधि ३२

३.२.२ अप्रत्यक्ष वा नाटकीय विधि ३२

३.२.३ आत्मकथात्मक विधि ३३

३.३ *योगमाया* उपन्यासका पात्रहरूको कथानकीय भूमिका र चरित्रचित्रण ३४

३.३.१ प्रमुख पात्र ३५

३.३.२ सहायक पात्र ४३

३.३.३ गौण पात्र ४९

३.४ निष्कर्ष ५७

**चौथो परिच्छेद : सारांश र निष्कर्ष ५९–६३**

४.१ विषयप्रवेश ५९

४.२ सारांश ५९

४.३ निष्कर्ष ६२

**सन्दर्भसामग्री सूची ६४–६५**

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

नीलम कार्की 'निहारिका' नेपाली साहित्यकी चर्चित उपन्यासकार हुन् । उनको जन्म २०३२ चैत्र २७ गते पाल्पा जिल्लाको गोठारी भन्ने ठाउँमा भएको हो । उनले वि.सं. २०४४ सालको 'किसान' मुखपत्रमा 'आमा' शीर्षकको कविता प्रकाशन गरी आफ्नो साहित्य यात्रा सुरु गरेकी हुन् । उनले कथा, कविता र उपन्यास विद्यामा कलम चलाएकी छन् । उनका प्रकाशित कविता सङ्ग्रहहरूमा *मस्तिष्क ज्वर* (२०६३) र *नीलम कार्की निहारिकाका कविता* (२०६३) रहेका छन् । उनका प्रकाशित कथासङ्ग्रहमा *हवन* (२०६२), *कागजमा दस्तखत* (२०६४), *बेली* (२०६७) रहेका छन् । उनको *मौनजीवन* (२०५२) र *नियतिको खेल* (२०५४) उपन्यासमा सामाजिक यथार्थको प्रस्तुति पाइन्छ । पछिल्लो समयमा निहारिका पौराणिक उपन्यासकारका रूपमा पनि चिनिन्छिन् । उनका *चिरहरण* (२०७२) र *द्रौपदी अवशेष* (२०७७) पौराणिक कथावस्तुमा आधारित उपन्यास हुन् । उनका उपन्यासहरू सामाजिक, पौराणिक र ऐतिहासिक विषयवस्तुमा केन्द्रित छन् । *योगमाया* (२०७४) इतिहासका घटनामा आधारित ऐतिहासिक उपन्यास हो ।

*योगमाया* ऐतिहासिक घटनामा आधारित उपन्यास हो । उपन्यासको सम्पूर्ण कथावस्तु योगमायाको जीवन सङ्घर्ष, समाज सुधारमा दिएको महत्वपूर्ण योगदानमा आधारित रहेको छ । यस उपन्यासमा नारी पात्रलाई प्रमुख नायकत्व प्रदान गरिएको छ । योगमायालाई उपन्यासमा विद्रोही चेतना भएकी क्रान्तिकारी एवम् परिवर्तनकामी नारी पात्रका रूपमा प्रस्तुत गरिएको छ । तत्कालीन समाजको सामाजिक, सांस्कृतिक, राजनीतिक, धार्मिक आदि पक्षले समाजमा पारेको प्रभावको प्रस्तुति उपन्यासमा भएको छ । यसका साथै वर्गीय समाजमा व्याप्त रहेको लैङ्गिक विभेद, बालविवाह, बहुविवाह, जातीय असमानता, वर्गीय शोषण, सतीप्रथा आदिको उन्मूलन गर्नु पर्छ भन्ने विचार प्रकट गरिएको छ । परम्परागत रूपमा रहेको कुसंस्कारप्रतिको विद्रोह, क्रान्तिकारी चेतना, समाज परिवर्तन, मानवतावादी चेतना तथा हिन्दु धर्मको पुनर्व्याख्या आदि पक्ष पनि उपन्यासमा समेटिएको

छन् । *योगमाया* उपन्यासमा समाजमा भएका कुरीति, कुसंस्कार, रूढीवादी परम्परा, अन्याय, अत्याचार र शोषणको विरोध गरी समाज सुधार गर्न खोजिएको छ ।

*योगमाया* उपन्यासमा बहुपात्रहरूको प्रयोग गरिएको छ । पात्र भनेको कुनै पनि आख्यानात्मक कृतिको पूर्वाधारभित्र व्यवस्थित गरिएको व्यक्ति हो । पात्रलाई उपन्यासको प्रमुख तत्वको रूपमा लिइन्छ । यसले कथालाई गतिशील बनाउँछ । उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव र मानवेतर प्राणीलाई पात्र भनिन्छ (बराल र एटम, २०६६: पृ. २६) । आख्यानात्मक कृतिमा पात्रको जीवन जगत्को सङ्घर्ष घातप्रतिघातको प्रस्तुति भएको हुन्छ । निहारिकाको *योगमाया* उपन्यासका पात्रहरूको कथानकीय भूमिका र चरित्रचित्रण पद्धतिको आधारमा अध्ययन गर्नु यस शोधकार्यको मूल विषय हो र यसै विषयमा केन्द्रित रहेर यो शोधकार्य गरिएको छ ।

## १.२ शोधसमस्या

नीलम कार्की 'निहारिका' को *योगमाया* उपन्यासमा पात्रगत उपस्थिति के-कस्तो छ र उपन्यासमा ती पात्रहरूको कथानकीय भूमिका तथा चरित्रचित्रण पद्धतिबारेको प्राज्ञिक जिज्ञासा नै यस शोधको प्रमुख समस्या हो । यस शोधसमस्यासँग सम्बन्धित प्राज्ञिक प्रश्न निम्नअनुसार रहेका छन् :

(क) *योगमाया* उपन्यासमा के-कस्ता पात्रको प्रयोग भएको छ ?

(ख) *योगमाया* उपन्यासका पात्रहरूको कथानकीय भूमिका तथा चरित्रचित्रण के-कसरी गरिएको छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधकार्य गर्दा समस्याकथनमा उल्लेख गरिएका शोध समस्याहरूको समाधान खोजिएको छ । नीलम कार्की 'निहारिका' को *योगमाया* उपन्यासमा पात्रगत उपस्थिति तथा तिनका भूमिका र चरित्रचित्रण पद्धतिबारे अध्ययन गर्नु यो शोध कार्यको मूल उद्देश्य रहेको छ । यस शोधकार्यका उद्देश्यहरू बुँदागत रूपमा देहायबमोजिम प्रस्तुत गरिएको छ :

(क) *योगमाया* उपन्यासका पात्रहरूको वर्गीकृत विश्लेषण गर्नु,

(ख) *योगमाया* उपन्यासका पात्रहरूको कथानकीय भूमिका तथा तिनको चरित्रचित्रण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

उपन्यासकार नीलम कार्की 'निहारिका' को *योगमाया* उपन्यासका बारेमा यस शोधकार्य पूर्व नै विभिन्न विद्वानहरूले समीक्षा, समालोचना, टीकाटिप्पणी गरेको पाइन्छ । विभिन्न पत्रपत्रिकामा अनुसन्धानमूलक लेखहरू प्रकाशन भएका छन् तापनि योगमाया उपन्यासका पात्रहरूमा मात्रै केन्द्रित रहेर अध्ययन भएको छैन् । यस उपन्यासका विषयमा गरिएका अनुसन्धान एवम् समालोचनात्मक लेख रचनालाई यहाँ कालक्रमिक आधारमा समीक्षात्मक विवरणका रूपमा प्रस्तुत गरिएको छ :

दुर्गाबहादुर घर्ती (२०६७), को *मनोविश्लेषणात्मक नेपालीमा उपन्यासमा पात्रविधान* नामक पस्तकमा नेपाली प्रतिनिधि मनोवैज्ञानिक उपन्यासका पात्रहरूको मनोविश्लेषणात्मक अध्ययन गरिएको छ । यसमा *पल्लो घरको झ्याल, अनुराधा, सर्पदंश र सुम्निमा* उपन्यासको पात्रविधानको अध्ययन गरिएको छ । यस पुस्तकमा *योगमाया* उपन्यासको अध्ययन नगरिएको भए पनि पात्रहरूको विश्लेषण गर्ने सैद्धान्तिक आधारका लागि उपयोगी रहेको छ ।

गायत्री कुमार चापागाई (२०७५,) को *बैशाख ८ को अनलाइन खबर* मा प्रकाशित 'योगमाया उपन्यास शोधयुक्त आख्यान' शीर्षकको लेखमा उपन्यासका पात्र र उपन्यासभित्रको परिवेशको वर्णन गरिएको छ । यस लेखमा उपन्यासकी मुख्य पात्र योगमायाले जीवनमा भोग्नु परेका सुख दुःख, आरोह-अवरोहको विश्लेषण गरिएको छ । उपन्यासमा योगमायाको योगसाधना, जातीय विभेद, सतीप्रथा, धर्म र पाप मुक्तिको नाममा लगाउने गरुडपुराण जस्ता कुप्रथाको चित्रण गरिएको छ । यसमा पितृसत्तात्मक समाज र रूढीवादी सोचका कारण नारीहरूले सामाजिक लाञ्छना, शोषण, दमन, हिंसा, शारिरीक र मानसिक उत्पीडन सहेर बस्नु परेको अवस्थाको प्रस्तुति पाइन्छ । चापागाईंले योगमायालाई लैङगिक विभेद, जातीय विभेदका साथै अन्याय, अत्याचार, शोषण, दमन, महिला हिंसा विरुद्धमा वकालत गर्ने निडर र साहसी पात्रका रूपमा उपन्यासमा चिनाइएको कुरा उल्लेख

गरेका छन् । योगमायालाई विविध पक्षबाट विश्लेषण गरिएको छ । कसैले भक्ति मार्गको निर्गुण सन्तधारालाई, कसैले उनको वाणी र कवित्व शक्तिलाई, कसैले योगी साधक तपस्विनीको रूपलाई, कसैले नारी उत्पीडन तथा सामाजिक कुरीति विरुद्धको आवाज र न्यायको खोजी गर्ने अभियानताका रूपमा अध्ययन गरेको कुरा चापागाईंले प्रस्तुत गरेका छन् । यस लेखले योगमायाको व्यक्तित्वको अध्ययन गर्न सहयोग पुऱ्याएको छ ।

विमल भौकाजी (२०७५) को *जेठ १२ गतेको नागरिक न्यूज* मा प्रकाशित 'योगमायाको आयाम' शीर्षकको लेखमा *योगमाया* उपन्यासको पात्र, आयाम र उपन्यासको सामान्य परिचय प्रस्तुत गरिएको छ । उपन्यासमा योगमायाको जीवन सङ्घर्ष र सर्म्पूण शोषित पीडित नारी वर्गको मुक्तिको लागि गरेका कार्यहरू उल्लेख गरिएको छ । नेपालको इतिहासमा पुरुषले समेत आँट्न नसक्ने कार्य एउटा नारीले गरेर देखाएकी छन् । योगमायाले आफ्नो सारा जीवन शोषित पीडित सम्पूर्ण नारी वर्गको उन्मुक्तिका लागि समर्पित गरेकी छन् । यस आलेखमा योगमाया नेपालको इतिहासमा एउटा महत्वपूर्ण नारी पात्र हुन् । पुरुषहरूले समेत आट्नै नसक्ने एक विद्रोही पात्र, जसले नारीमुक्तिको पक्षमा जिन्दगीको पूरै समय समर्पण गरेकी छिन् । योगमाया राणा कालको बिगबिगीका समयमा नारी वर्ग, जसको अभिव्यक्ति स्वतन्त्रता पुरुषको भन्दा कम थियो, त्यस्तो अवस्थामा शासनलाई घुँडा टेकाउन सक्ने ऐतिहासिक पात्र हुन् । उपन्यासमा योगमाया एक साहसी, निडर, परिवर्तनकारी पात्रका रूपमा रहेकी छिन् । यस लेखले उपन्यासको आयाम र पात्रको बारेमा अध्ययन गर्न सहयोग गरेको छ ।

सहदेव चौधरी (२०७५) को *असोज २५ गतेको देशसञ्चार* मा प्रकाशित 'योगमाया नै बनेर लेखेँ योगमाया' शीर्षकको अर्न्तवार्तामा लेखकको परिचय, उपन्यास लेख्दै गर्दाको जीवन सङ्घर्ष र योगमाया उपन्यासले दिएको सफलतालाई प्रस्तुत गरिएको छ । लेखकसँगको प्रत्यक्ष कुराकानीमा लेखिकाले कुसंस्कार र कुसंस्कृतिलाई मेटाउन समयको खाँचो पर्ने कुरा व्यक्त गरेकी छन । अहिले पनि महिलाहरूमाथि गाउँ र सहरमा गरिने व्यवहार र प्रवृतिमा पृथकता छ । उनीहरू अहिले पनि शोषण, अत्याचार, दमनको शिकार भई रहेको यथार्थता कायमै छ । विभिन्न चाडपर्वमा नारीहरू पुजिन्छन् तर दिनदिनै नारीहरू बलात्कृत हुनु परेको बाध्यता अझै पनि हाम्रो समाजमा रहेको छ । नारीको पुजा गरेर खोपीको देउता बनाउदैमा नारीमाथिको अत्याचार समाप्त हुदैन । सम्मान सबैले पाउनु

पर्छ तर नारीको हैसियतले सम्मान पाउनु पर्छ भन्ने नीलमको तर्क छ । नारीमाथि गरिने गाउँको र सहरको व्यवहार उस्तै रहेको, अहिले पनि नारीहरू शोषण दमनको शिकार भइरहेका छन् । यस्ता शोषण, दमनको अन्त्य गर्न एकै पटक नसकिने भएकाले समयको परिवर्तनसँगै कुसंस्कार कुरीति पनि हराएर जानेछन् भन्ने योगमायाको आशावादी विचार व्यक्त भएको छ । यसले पात्रको चरित्र चित्रण गर्न सहयोग गरेको छ ।

सुनिता लोहनी (२०७६,) को *असार १० मङ्गलबारको नेपाल मयागानिज* मा प्रकाशित 'योगमाया वरिपरि' शीर्षकको अर्न्तवार्तामा योगमाया उपन्यासलाई आधार बनाएर निर्माण गरिएको नाटकको सन्दर्भलाई जोड्दै लेखिकाको विचारलाई समेत प्रस्तुत गरिएको छ । उनले उपन्यासका पात्रलाई नाटकमा प्रस्तुत गर्दा र उपन्यासलाई नाटकको सिमानाभित्र बाध्नु परेको, सबै पात्रलाई व्यवस्थित गरेर नाटकमा राख्न नसकेको नीलम कार्की निहारिकाको सङ्घर्षलाई यस आलेखमा वर्णन गरेकी छन् । इतिहासलाई तोड्न नहुने तर्क कार्कीले दिएकी छन् । योगमायाको निर्णयलाई उपन्यासमै उतार्न कठिन भएको उनी सम्भिन्छिन् । यस आलेखमा योगमाया राणा शासन कालमा समाज सुधारकका साथै सामन्तवाद विरुद्ध लड्न चेतना फैलाउने परिवर्तनकारी पात्रका रूपमा वर्णन गरिएको छ । यसमा एउटा नारी पात्र योगमायाले सामन्तवाद विरुद्ध आवाज उठाउनका साथै सतीप्रथा, दासप्रथाको उन्मुलन गर्ने  कुरा मानापाथिको कारोबारमा बेइमानी गर्न नहुने प्रस्तुत भएको छ । यसले योगमाया लगायत अन्य पात्रको अध्ययन गर्न सहयोग गरेको छ ।

भुमा बसेल (२०७६) को *योगमाया उपन्यासको लैङ्गिक अध्ययन* शीर्षकको स्नातकोत्तर तहको शोधकार्यमा योगमाया उपन्यास भित्रका लैङ्गिक विभेद, लैङ्गीक चेतना, लैङ्गिकताको भाषा जस्ता विभिन्न पक्षको अध्ययन तथा विश्लेषण गरिएको छ । उपन्यासमा समाजले नारीमाथि गरेको अन्याय, अत्याचार शोषण, दमन र विभेदलाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा बषौँदेखि महिलाहरू हिंसाको शिकार हुनु परेको प्रसङ्गका साथै समाजले जति पनि अन्याय, अत्याचार र हिंसा गरेको छ त्यसको भागिदार महिला नै हुनु परेको नेपाली समाजको तितो यथार्थलाई प्रस्तुत गरिएको छ । अशिक्षा, चेतनाको कमी पितृसतात्मक सोच राख्ने पात्रहरूले गर्दा महिलाहरू लैङ्गिक विभेदको शिकार हुन पुगेको देखिन्छ । समाजमा बनाएका पुरुष अनुकूलका परम्परागत कुसंस्कारका विरुद्धमा आवाज उठाउन योगमाया जस्तो निडर साहसी पात्रको छनोट गरिएको छ  । यसमा अन्याय,

अत्याचार, विभेद, नारीमाथि हुने हिँसाले एउटा नारीमाथि आएको समाज सुधारको चेतनालाई *योगमाया* उपन्यासले समेटेको छ । अशिक्षा र चेतनाको कमीले गर्दा र पितृसत्तात्मक सोच राख्ने पात्रहरूको कारणले गर्दा महिलाहरू लैङ्गिक विभेद, जातीय विभेद, अन्याय, अत्याचारको शिकार हुन पुगेको देखिन्छ । योगमायाले अन्याय, अत्याचारमा पिल्सिएकालाई उद्धार गरी सही बाटो देखाउनुका साथै त्यस्ता कुरीति र कुसंस्कारका विरुद्धमा आवाज उठाउँदै समाजमा सबै धर्म, जातजाति, लिङ्गका बिचमा समानता हुनुपर्छ भन्ने विचार प्रस्तुत गरेकी छन् । यस शोधकार्यले उपन्यासका नारी पात्रको अध्ययन गर्न सहयोग पुऱ्याएको छ ।

प्रणेता (२०७६) को *फागुन ३ गतेको कान्तिपुर कोसेली* मा प्रकाशित 'योगमायाको इतिहासमाथि अन्याय' शीर्षकको लेखमा योगमाया उपन्यास भित्रका विभिन्न पक्षमाथि प्रश्न चिन्ह खडा गरिएको छ । जस्तै बालविधुवाले उमेर पुगेपछि बिहे गर्नलाई नै परपुरुष र परस्त्री गमन मान्ने हो भने वर्णाश्रम परम्परालाई पनि सही ठहऱ्याउनु पर्ने हुन्छ । प्रायश्चित नै गर्ने भए त्यही परम्परालाई कुरीति मानेर विद्रोह किन गर्नु पऱ्यो ? भनेर प्रश्न गरिएको छ । योगमायाले राणाशासनसँग आँखा जुधाउने हिम्मत गरेकी छन् । गरिब किसान र स्थानीय जनजातिलाई मिटर ब्याज लगाउने र जाली तमसुक बनाएर जग्गा हडप्ने साहु महाजनको विरुद्ध ठूलो विद्रोह गरिन् । तर बिग्रेकी आइमाइ, धर्मछाडा, जातपात नमान्ने अशुद्ध नारीको रूपमा उनको छवि बनाउने र बाँचेको मौखिक इतिहासबाट उनलाई नामेट पार्ने प्रयास गरी योगमाया माथि अन्याय गरिएको छ । यस सामग्रीले योगमायाको व्यक्तित्व अध्ययन गर्न सहयोग गरेको छ ।

खिम लामिछाने (२०७६) को *फागुन ८ गतेको समाधान न्यूज* मा प्रकाशित 'को हुन योगमाया' शीर्षकको लेखमा योगमाया उपन्यासमा प्रयोग भएको तत्कालीन समयको परिवेश, बालविवाह बहु विवाह, लैङ्गिक विभेद, जस्ता कुसंस्कारको विरोध र समाज परिवर्तनका लागि योगमायाले गरेको योगदानको चर्चा गरिएको छ । योगमाया तत्कालीन समाजकी क्रान्तिकारी नारीहरूकी प्रतिक हुन् । यस लेखमा तत्कालीन राणा शासनको अवस्थामा नारी शोषण, बाल विवाह, सतीप्रथा, कमाराकमारी प्रथा, चक्रबर्ती ब्याज, जातपात, छोइछिटो, उचनिच, दमन, उत्पीडनका विरुद्धमा आवाज उठाएको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । समाजमा व्याप्त रूढीवादी परम्परा, कुसंस्कार, कुरीतिलाई परिवर्तन

गर्न योगमाया अनवरत रूपमा लागि रहिन् । योगमाया निरक्षर भए पनि आशु कवियत्री हुन् । उनी जे देख्यो त्यसैलाई कविताको रूपमा भन्न सक्ने जे सुन्यो त्यही विषयलाई कविताबाटै बिट मार्न सक्ने बिलक्षण प्रतिभाकी प्रतिमूर्ति थिइन् भनेर लामिछानेले टिप्पणी गरेका छन् । यसमा योगमाया उपन्यासलाई इतिहासकै पुर्नलेखन रहेको कुरालाई प्रस्तुत गरिएको छ । यसका साथै योगमाया सामाजिक अभियानता, समाज सुधारक र नारी वर्गको प्रेरणाकी स्रोत भएको कुरा यस आलेखमा उल्लेख गरिएको छ । यसले लेखले योगमायाको चरित्रचित्रण गर्न सहयोग गरेको छ ।

अच्यूत सुवेदी (२०७७) को *जेठ २९ गतेको अनलाइन* मा प्रकाशित 'पाठकको दृष्टिकोणमा योगमाया उपन्यास' शीर्षकको लेखमा उपन्यासकी मुख्य पात्र योगमायाको जीवनका जटिलता, सङ्घर्ष र उनले गरेका समाज सुधारका कामको वर्णन गरिएको छ । महिलाहरू रुग्ण समाजका अनेक अप्ठयारा झल्दै आत्मदाहको साहसिक र ऐतिहासिक निर्णय लिन्छन् । राज्य सञ्चालकको अविवेकीपन र समाजको उत्पीडन विरुद्ध विद्रोहको हुङ्कार बोल्छन् । यसको ज्वलन्त उदाहरण योगमाया रहेकी छिन् । यसले योगमायाको जीवन-चित्रलाई देखाएको छ । यस उपन्यासले प्रत्येक व्यक्तिलाई सङ्घर्ष र जीवनप्रति आशाको दीप जगाउने प्रेरणा दिएको छ । यस लेखमा समाजमा रहेको सामाजिक कुरीति, सामन्ती चलखेल, वर्ग विभेद र नारीमाथिको एकोहोरो सामाजिक उत्पीडन विरुद्ध योगमायाले गरेको विद्रोहलाई प्रस्तुत गरिएको छ । अब योगमायालाई नेपाली समाजले कहाँ राख्ला ? सामाजिक अभियान्ता, महिला अधिकारवादी, वा सामन्त विरोधी ? गरिब र निमुखाको उद्दारकर्ता, तपस्वी र सन्त, निरङ्कुश सत्तालाई ढाल्न अग्रणी भूमिका खेल्ने नारी पात्र ? भनेर अच्यूत सुवेदीले प्रश्न गरेका छन् । समाजमा रहेको सामाजिक कुरीति, सामन्ती चलखेल, वर्गीय विभेद र नारीमाथिको एकोहोरो सामाजिक उत्पीडन विरुद्धमा योगमायाले आवाज उठाएकी छन् । यसले योयमायाको व्यक्तित्वको अध्ययन गर्न मद्दत गरेको छ ।

तारा कुमारी पौडेल (२०७८) को *योगमाया उपन्यासमा नारीवाद* शीर्षकको स्नातकोत्तर तहको शोधपत्रमा नारीशक्ति, नारीपहिचान, नारी उत्पीडनको विश्लेषण गरिएको छ । यसमा तत्कालीन समाजको जहानियाँ राणा शासन र ब्राह्मणवादी उक्त समाजमा महिलाहरूले भोग्नु परेको अन्याय, अत्याचार, उत्पीडन, विभेदलाई प्रस्तुत गरिएको छ । उनले उपन्यासमा योगमायालाई नारीमुक्ति, समाज परिवर्तनकी मुख्य अभियानकर्ताका

रूपमा लिएकी छन् । यसमा *योगमाया* उपन्यासका नारीपात्रहरूको अवस्था, अर्थहिनता र न्यूनताको चित्रण गरिएको छ । उनले नारी वर्गमाथि पितृसत्तात्मक समाजको दमन, उत्पीडन र शक्ति प्रयोगका साथै नारीमाथि पुरुष उत्पीडन र शक्ति प्रयोगलाई सघन रूपमा प्रस्तुत गरेकी छन् । *योगमाया* उपन्यासमा पुरुषप्रधान समाजमा लैङ्गिक विभेदका कारण नारीहरूले पुरुष शक्तिसत्ताको अधिनमा रहनु परेको अवस्था, नारी पात्रहरूले आफ्नो लैङ्गिक पहिचान र अस्तित्वको खोजीको लागि गरेको सङ्घर्षको चित्रण भएको छ । समाजले बनाएका  नीति नियममा बस्नु पर्ने बाध्यता, नियममा नबस्दा कूलकै इज्जत जान्छ भन्ने परम्परागत सोचका कारण धेरै महिलाले आफ्नो पहिचान गुमाउनु परेको छ । यसले उपन्यासका नारी पात्रहरूको अध्ययन गर्न मद्दत गरेको छ ।

कृष्णराज अधिकारी (२०७८) को *समकालीन साहित्यमा*  प्रकाशित 'योगमायालाई नियाली हेर्दा' शीर्षकको लेखमा *योगमाया* उपन्यासको कथानक, योगमायाको विद्रोही चेतना, सन्त कवियत्री योगमाया जस्ता विभिन्न पक्षको विश्लेषण गरिएको छ ।  उनले यस लेखमा योगमायाको बाल्यकालदेखि जलसमाधिसम्मको कथावस्तुलाई छोटकरीमा प्रस्तुत गरेका छन् । उपन्यास भित्रका जातभात, छुवाछुत, उचनीच, रूढीवादी र अन्धविश्वासले गाँजिएको नेपाली समाज, शोषक सामन्तीको शोषण, दमन, पुरुष हैकम, र नारी उत्पीडन जस्ता शोषणलाई *योगमाया* उपन्यासले समेटेको भनी अधिकारीले टिप्पणी गरेका छन् । यस लेखमा तत्कालीन समाजमा चलाइएका बालविवाह, बहुविवाहका कारण, धेरै नारीहरू बालविधवा बन्दै सम्पूर्ण जीवन अन्धकारमा डुबाउन विवश नारीहरूको अवस्थाको चित्रणका साथै मानव समाजको कलङ्कको रूपमा रहेको सतिप्रथा, दासप्रथा,अशिक्षा गरिबी आदि पक्षको चित्रण भएको छ । उनले यसमा समाजका कुरीति, कुसंस्कार, अन्धविश्वासलाई जरैबाट उखेली समाजमा स्वतन्त्रता, समानता र धर्मराज्य स्थापना गर्न योगमायाले गरेको सङ्घर्ष र योगदानलाई प्रस्तुत गरेका छन् ।  योगमाया आफुले दुःख, पीडा, लाञ्छना, तिरस्कार भोगेर भए पनि समाज सुधार गर्न लागि सामाजिक कुरीति, कुसंस्कार, लैङ्गिक विभेद विरुद्ध आवाज उठाएर सचेतना फैलाउने क्रान्तिकारी नारी पात्र हुन् । योगमाया तपस्वीनी, भक्तिनी मात्र नभएर नारी जागरणकी अग्रज  अनि रूढी अन्धविश्वास, कुप्रथा, अन्याय, शोषण र विभेद विरुद्धकी अभियन्ता पनि हुन् । यस सामग्रीले योगमायाको जीवनका विभिन्न पाटाको अध्ययन गर्न मद्दत गरेको छ ।

देवी नेपाल (मि.न.) को *पौष ८ बुधबारको साहित्य पोस्ट* मा प्रकाशित 'बलिदानीपूर्ण इतिहासको आख्यानात्मक पुनर्जीवन योगमाया उपन्यास' शीर्षकको लेखमा योगमायालाई आर्दश पात्रका रूपमा व्याख्या गरिएको छ । उनले तत्कालिन वर्गीय समाजमा रहेको लैङ्गीक विभेद, कूर बुहार्तन, नारीलाई हेर्ने सामाजिक दृष्टिकोण, बालविवाह, बहुविवाह, जातीय असमानता, वर्गीय विभेद, अन्याय, अत्याचार, शोषण, दमन आदि उपन्यासका गुणात्मक पक्ष र अन्र्तवस्तुलाई यस लेखमा प्रस्तुत गरेका छन् । योगमाया क्रान्तिकारी, परिवर्तनकी एक मात्र संवाहक तथा सामाजिक जागरण र सांस्कृतिक  रुपान्तरणकी कारकका रूपमा परिचित छन् । यसमा तत्कालीन समाजमा पुरुषले जत्ति बिहे गरे पनि केही नहुने र नारीचाहिँ बालविधवा भएपछि अनेकौ आरोप प्रत्यारोप, लाञ्छना सहेर बस्नु पर्ने बाध्यात्मक अवस्थाको उद्घाटन गरिएको छ । यसका साथै परम्परागत रूढीवादीमा जात काढ्ने जात झार्ने जस्ता सामाजिक यथार्थको जीवन्त चित्रण पाइन्छ । योगमाया उपन्यासलाई कथावस्तु, कथानक विन्यास, चरित्रप्रतिको न्याय, परिवेशगत विश्वसनीयता र भावगत सबलताले निकै सफल कृति हो । यस लेखले योगमायाको व्यक्तित्वको विश्लेषण गर्न सहयोग गरेको छ ।

बसन्त  पराजुली (मि.न.) को *जेठ ८ बिहिबारको साहित्य पोस्ट* मा प्रकाशित 'योगमाया : धार्मिक तथा सामाजिक सुधारकी अभियन्ता' शीर्षकको लेखमा तत्कालिन समाजको धार्मिक, सामाजिक परम्परा र जातीय पक्षलाई प्रस्तुत गरिएको छ । उनले योगमाया संन्यासी बनेसँगै उनले गरेका सामाजिक विकृति, विसङ्गति, सतिप्रथा, कमाराकमारी प्रथा, बालविवाह, जातीय विभेद, धर्म भित्रको विकृतिको अन्त्यका लागि लगातार गरेको सङ्घर्षलाई यस लेखमा प्रस्तुत गरेका छन् । उपन्यास भित्रका सवल पक्ष र कमजोर पक्षलाई पनि छोटकरीमा प्रस्तुत गरेका छन् । सबै जातजातीका मानिसहरू समाजमा मिलेर बसेको दुःख सुखमा एक अर्कालाई सहयोग गरेको पक्षलाई सवल पक्ष मानेका छन् भने सामाजिक सुधार जति सबै संन्यास ग्रहणबाट मात्रै सम्भव छ भन्ने कुरालाई उपन्यासको कमजोर पक्षको रूपमा वर्णन गरेका छन् । उपन्यास भित्रका विभिन्न ठाउँको प्रसङ्ग मनकामना, स्वर्गद्वारी, हिमाल यात्रा, काठमाडौँका पशुपति लगायत अन्य स्थानको वर्णन गरिएको देखिन्छ । यसका साथै पूर्वेली झर्रो भाषाको प्रयोग, र त्यहाँको स्थानीय संस्कृतिले उपन्यासमा मौलिकता थपेको प्रसङ्गलाई पराजुलीले यस लेखमा प्रस्तुत गरेका छन् । यस लेखले योगमाया र अन्य पात्रको विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

हेमकुमारी सुवेदी (२०८१) को *नीलम कार्की 'निहारिका' का उपन्यासमा प्रयुक्त शरीर राजनीति* शीर्षकको अप्रकाशित दर्शनाचार्य शोधपत्रमा योगमाया उपन्यासमा रहेका नारी पात्र योगमाया, गङ्गा, नैनकला, तुलसा आदि पात्रहरूको शरीरप्रति पितृसत्ताबाट स्थापित सामाजिक संरचना धर्म, संस्कृति, राजनीति, श्रम आदिका माध्यमबाट शोषण कुरा उल्लेख गरिएको छ । यसमा महिला शरीरलाई श्रममा जोताउने, बालविवाह गरिदिने, घर खान नसके सामाजिक लाञ्छना खप्नुपर्ने, धर्मका नाममा जिउँदै जलाउने, आजिवन वैधव्य र तिरस्कारपूर्ण जीवन बाच्नु पर्ने पितृसत्तात्मक सामाजिक व्यवस्थाले योगमाया उपन्यासका नारी पात्रमा भएको शोषण भएको तथ्य उल्लेख भएको छ । यसमा पितृसत्तात्मक दृष्टिकोणका कारण नारीहरूले भोग्नु परेको शोषण, दमन, अन्याय, अत्याचार विभेद, उत्पीडनको अभिव्यक्ति हुनुका साथै नारी स्वतन्त्रता र समानताको स्वर प्रस्तुत गरिएको छ । सुवेदीले नारी शरीर लिएर जन्मिएकै कारण उपन्यासका नारी पात्रहहरूले आफ्ना इच्छा, आकाङ्क्षा र स्वतन्त्रतालाई त्यागेर आफ्नो जीवन पनि अरूकै लागि बाँचिदिनु पर्ने बाध्यात्मक अवस्थाको चित्रण गरेकी छन् । *योगमाया* उपन्यासमा सामन्ती पुरुष सत्ता र प्रभुत्वले महिलामाथि शोषण, दमन, अन्याय गरेको कुरालाई अभिव्यक्त गरिएको छ । यसले उपन्यासका नारी पात्रको विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

यसरी हेर्दा *योगमाया* उपन्यासका पात्रहरूको व्यक्तित्व र चरित्रबारे विभिन्न कोणबाट अध्ययन भएको देखिन्छ । यस उपन्यासलाई विभिन्न समालोचकहरूले आ-आफ्नो दृष्टिकोणले विश्लेषण गरेका छन् । उपन्यासलाई लैङ्गिक चेतनाका आधारमा, उपन्यासको आयामका आधारमा, नारी अस्तित्व र नारी स्वतन्त्रता, उपन्यासको आन्तरिक स्वरुप र बाह्य संरचनाको आधारमा अध्ययन विश्लेषण गरिएको भए पनि उपन्यासभित्रका पात्रलाई मात्र केन्द्रित बनाएर अध्ययन अनुसन्धान भएको देखिदैन त्यही नै यस शोधकार्यको शोध अन्तराल हो त्यसैले यस शोधमा योगमाया उपन्यासमा उपस्थित पात्रहरूको वर्गीकरण सहित कथानकीय भूमिकाका आधारमा प्रमुख, सहायक र गौण पात्रहरूको चरित्रचित्रण बारे विस्तृत अध्ययन गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

नीलम कार्की 'निहारिका' को *योगमाया* उपन्यासले साहित्यको ऐतिहासिक नेपाली उपन्यासको क्षेत्रमा छुट्टै आयाम प्रदान गरेको छ । उपन्यासभित्र विभिन्न विचार भएका

पात्रको प्रयोग गरिएको छ । कार्कीको योगमाया उपन्यासको विभिन्न पक्षको अध्ययन अनुसन्धान भएका भए पनि पात्रविधानका आधारमा  समग्र उपन्यासको अध्ययन अनुसन्धान नभएकाले यस शीर्षकमा शोधकार्य गर्नु यस शोधकार्यको औचित्य हो । यस शोधकार्यमा *योगमाया* उपन्यासका पात्रहरूको वर्गीकरण र चरित्रचित्रण विधिबारे अध्ययन गरिएको छ । त्यहीँ नै यस शोधकार्यको महत्व हो ।

### १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधका लागि उपन्यासकार नीलम कार्की 'निहारिका' को *योगमाया* उपन्यासलाई मात्र लिइएको छ । *योगमाया* उपन्यासका पात्रहरूको चरित्रचित्रण गर्नु यस शोधको सीमा हो ।

### १.७ शोधविधि

शोधविधिअर्न्तगत सामग्री सङ्कलन विधि र सामग्री विश्लेषण विधि पर्दछन् ।

#### १.७.१ सामग्री सङ्कलनविधि

यस शोधकार्यका लागि आवश्यक सामग्रीको सङ्कलनको मूल आधार पुस्तकालयीय कार्यलाई बनाएको छ । यस शोधकार्यको प्राथमिक सामग्रीका रूपमा नीलम कार्की 'निहारिका' को *योगमाया* उपन्यासलाई लिइएको छ भने द्वितीयक सामग्रीको रूपमा उपन्यास सिद्धान्तसँग सम्बन्धित सामग्री तथा प्रायोगिक पूर्वकार्यलाई लिइएको छ ।

#### १.७.२ सामग्री विश्लेषणविधि

प्रस्तुत शोधकार्यका लागि औपन्यासिक पात्रविधानसम्बन्धी आधारभूत मान्यतालाई विश्लेषणको  आधार बनाइएको छ । सामग्रीको विश्लेषण विषयवस्तु विश्लेषण विधिमा आधारित छ ।  लिङ्ग, कार्य, प्रवृति, स्वभाव, जीवनचेतना, आशन्नता, आवद्धता पात्र वर्गीकरणका आधार र मुख्य, सहायक र गौण पात्रहरू चरित्रचित्रणका सूचक हुन् ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखालाई निम्न प्रकारमा राखिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : *योगमाया* उपन्यासका पात्रहरूको वर्गीकृत विश्लेषण

तेस्रो परिच्छेद : *योगमाया* उपन्यासको कथानकीय भूमिकाको आधारमा चरित्रचित्रण

चौँथो परिच्छेद : सारांश र निष्कर्ष

सन्दर्भ सामग्रीसूची

# दोस्रो परिच्छेद

# *योगमाया* उपन्यासका पात्रहरूको वर्गीकृत विश्लेषण

## २.१ विषयप्रवेश

नीलम कार्की 'निहारिका' को *योगमाया* (२०७४) यथार्थ घटनामा आधारित ऐतिहासिक उपन्यास हो । यसमा तत्कालीन समाजको जातीय विभेद, लैङ्गिक असमानता, अन्याय, अत्याचार, वर्गीय विभेद, कुरीति, कुप्रथा, विकृति र विसङ्गतिको विरुद्धमा सङ्खघोष गरिएको छ । तत्कालीन समयमा उत्पीडनमा परेका नारी वर्ग र शोषित पीडित वर्गमाथि भएका शोषण, दमन, लाञ्छना, अपहेलनाको विरोध गरी सभ्य समाज निर्माणमा योगमाया क्रियाशील देखिन्छिन् । यो ऐतिहासिक उपन्यास भएकाले यसका पात्रहरू पनि ऐतिहासिक रहेका छन् । यस उपन्यासमा मानवता, समानता र सहअस्तित्वको पक्षपोषण गरिएको छ । जात, धर्म, लिङ्ग र वर्गविहीन समाजको निर्माण गरी धर्मराज्य स्थापना गर्नु यस उपन्यासको मुख्य उद्देश्य रहेको छ । यस उपन्यासमा प्रमुख नायकको भूमिका नारी पात्र योगमायाले निर्वाह गरेकी छन् । उपन्यासमा प्रमुख, सहायक र गौण पात्रको प्रयोग गरिएको छ । विशिष्ट पात्रहरू कर्मठ, मिहिनेती, साहसी र कर्ममा विश्वास गर्ने खालका हुन्छन् । त्यस्तै यस उपन्यासका पात्रहरू पनि आफुले गरेको कर्म र सत्य धर्मको विश्वास गर्ने साहसी र निडर देखिन्छन् । समाजमा हरेक किसिमका व्यक्तिहरू भए जस्तै यस उपन्यासमा पनि विभिन्न प्रकारका पात्रहरू रहेको छन् । एकातर्फ समाजमा व्याप्त रूढीवादी परम्परा, कुरीति, कुसंस्कार, विकृति, विसङ्गतिलाई हटाइ शान्ति र सद्भाव फैलाउन चाहने आदर्श पात्रहरू छन् भने अर्कातर्फ यस्ता प्रथालाई प्रोत्साहन गरेर राख्ने, दुष्ट, सामन्ती प्रवृति भएका प्रतिकूल पात्रहरू पनि रहेका छन् । यस खण्डमा उपन्यासका पात्रहरूलाई प्रकारगत रूपमा लिङ्ग, कार्य, प्रकृति, स्वभाव, जीवन चेतना, आशन्नता, आबद्धताको आधारमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

## २.२ पात्र वर्गीकरणको सैद्धान्तिक परिचय

आख्यानका घटनासँग सम्बधित व्यक्तिलाई पात्र भनिन्छ । पात्रले उपन्यासको कथावस्तुलाई गतिशील बनाउँछ । पात्र मानवीय वा मानवेत्तर दुवै हुन सक्छन । उपन्यास

भित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेत्तर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । ( बराल र एटम, २०७९: पृ.२७ ) । उपन्यासभित्रका कुन सामाजिक वर्ग, जाति, पेसा आदि स्तरको प्रतिनिधित्व गरिरहेको छ भनी त्यसका बारेमा गरिएको खोजी, व्याख्या नै चरित्र हो ।

पात्र संस्कृतबाट आएको तत्सम शब्द हो । अङ्ग्रेजी साहित्यमा पात्रलाई क्यारेक्टर भनेको पाइन्छ । अङ्ग्रेजी क्यारेक्टर शब्द प्राचीन ग्रिसेली ख्यारेक्टर शब्दबाट आएको हो, जसको अर्थ अङ्कित गरिएको वा छाप लगाइएको चिह्न भन्ने हुन्छ । क्यारेक्टर शब्दको कोशीय अर्थ अङ्कित गर्नु, छाप लगाउनु, नाम लेख्नु, अभिनय गर्नु, प्रतीक वा सङ्केतद्वारा प्रस्तुत गर्नु, गुण वर्णन गर्नु, आदि हुन्छ (घर्ती, २०६७: पृ. ८२) । संस्कृत हिन्दीकोशमा कुनै वस्तुको आधार, भाँडो, प्राप्तकर्ता, जलाशय, दान पाउन योग्य व्यक्ति, दानपत्र, अभिनेता, नाटकको पात्र, राजाको मन्त्री, योग्यता र आदेशलाई पात्र भनिएको छ (न्यौपाने, २०७७: पृ. १३) ।  उपन्यासमा प्रत्येक चरित्रको रूप र बिम्ब फरक किसिमले निर्धारण गरिएको हुन्छ । आख्यानमा जुन तत्वको माध्यमद्वारा घटनाहरु हुन्छन् र विकसित बन्दछन् । त्यस तत्वलाई पात्र भनिएको छ । पात्रका हाउभाउ आनीबानी आचरण वा कार्यशैली आदिलाई चरित्र भनिन्छ । पात्रको चरित्रका विषयमा पाठकलाई जानकारी दिन वा बोध गराउन आख्यानकारले समातेको उपाय वा तरिकालाई चाहिँ पद्धती भनिएको छ (नेपाल, २०६८: पृ .५१) । पात्रले उपन्यासमा घटना सिर्जना गर्दछ । कृतिमा प्रयुक्त व्यक्ति, पात्र वा चरित्रलाई सहभागी भनिन्छ । साहित्यिक विधाका अनेक कृतिहरूमा प्रस्तुत गरिएका विभिन्न व्यक्ति नाम नै सहभागी हुन् । साहित्यिक सर्न्दभबाट कृति वा सङ्कथनमा संलग्न वा प्रयुक्त व्यक्ति वा चरित्रलाई सहभागी भनिन्छ (लुइटेल, २०६९: पृ. ४४) । मानव जीवनका व्यापक भाष्य उतार्ने तत्व नै चरित्र हो ।

नेपाली साहित्यमा पात्रको समानार्थी रूपमा चरित्र शब्द पनि प्रचलित छ । यसको शाब्दिक अर्थ व्यवहार, आदत, चालचलन, अभ्यास, कर्म, प्रकृति, स्वभाव, कर्तव्य आदि हुन्छ । आख्यानमा देखा पर्ने व्यक्तिहरू विभिन्न प्रकारका नैतिक र अभिवृतीय गुणहरूले हुन्छ ( घर्ती, २०६७: पृ. ८२) । पात्र भनेको कुनै पनि आख्यानात्मक कृतिको पर्याधार भित्र व्यवस्थित गरिएको व्यक्ति हो । आख्यानात्मक कृतिहरूमा प्रत्येक पात्रको रूप, छवि भिन्ना भिन्नै किसिमबाट कुदिएको हुन्छ ( शर्मा,  २०७९: पृ. १७१) । नैतिक र अभिवृतीय गुणले

युक्त पात्र नै चरित्र हो । आख्यानमा पाइने व्यक्तिलाई चरित्र भनिन्छ । घटनाको सिर्जना गर्ने, घटनाको नेतृत्व गर्ने र तिनलाई सघाउने व्यक्तिलाई पात्र भनिन्छ । पात्र कथानकमा आवद्ध हुन्छ । तिनै पात्रले कथानकलाई गतिशील बनाउँदछन् । सहभागी वा पात्र मानवीय मानवेतर दुवै हुन सक्दछन् । मानवेतर वस्तुलाई लेखकले मानवीय व्यक्तित्वमा आरोपित गरी प्रस्तुत गर्छ (लुइटेल, २०६९: पृ. ४४) । चरित्रले उपन्यासमा जीवनको भाष्य वर्णीत गरेको हुन्छ त्यस कारण उपन्यासमा चरित्रको महत्व सर्वोपरी मानिन्छ । चरित्र व्यक्ति बाह्य र आन्तकि प्रवृतिहरूको मूल व्यञ्जनासित सम्बद्ध हुने हुनाले यसको चित्रणमा व्यक्तिको जीवन स्वयम् मनुष्य र उसको वृहत्तर सत्य हो (प्रधान, २०५२: पृ. ८ ) । उपन्यासको कथानकलाई गतिशीलता प्रदान गर्ने मानवीय प्राणी र मानवेतर प्राणी पात्र हुन् जसले पाठक वर्गमा विचारको सञ्चार गर्दछन् ।

पात्रका बारेमा विभिन्न विद्वान तथा साहित्यिक चिन्तकहरूले आफ्ना अभिमत निम्न प्रकारमा प्रस्तुत गरेका छन् :

"उपन्यासका घटनासँग सम्बद्ध व्यक्तिलाई पात्र भनिन्छ" (घर्ती, २०६७: पृ. ८३) ।

"कृतिमा प्रयुक्त व्यक्ति वा चरित्रलाई सहभागी भनिन्छ" (लुइटेल, २०६९: पृ. ४४) ।

"पात्र भनेको कुनै पनि आख्यानात्मक कृतिको पर्याधार भित्र व्यवस्थित गरिएको व्यक्ति हो" (शर्मा, २०७९: पृ. १७१) ।

"उपन्यास भित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ" ( बराल र एटम, २०७९: पृ. २७) ।

"आख्यानमा जुन तत्वका माध्यमबाट घटनाहरू हुन्छन्, विकसित बन्दछन् त्यसलाई पात्र भनिएको छ" ( नेपाल, २०६८: पृ. ५१) ।

यसरी माथि प्रस्तुत गरिएका विभिन्न परिभाषालाई हेर्दा व्यक्ति, सहभागी, मानवीय मानवेतर प्राणी, घटना घटाउने बाहकको रूपमा पात्रलाई परिभाषित गरिएको पाइन्छ । यिनै परिभाषालाई आधार बनाएर निर्ष्कषमा पात्र भनेको उपन्यासमा कथानकलाई गतिशील बनाउने व्यक्ति नै पात्र हो जसले उपन्यासको उद्देश्य पुरा गर्न मुख्य भूमिका खेल्दछ ।

### २.२.१ पात्रको वर्गीकरण

पात्रलाई उपन्यासको प्रमुख तत्वको रूपमा लिइन्छ । उपन्यासभित्रका विभिन्न प्रकृतिको अङ्कन गर्ने काम पात्रले गर्दछ । कुनै पात्रले मुख्य भूमिका निर्वाह गरेका हुन्छन् भने कुनै पात्रले सहायक भूमिका गरेको देखिन्छ । माध्यमिककालीन उपन्यासहरूमा मानवीय र मानवेतर पात्रको प्रयोग गरिएको देखिन्छ । कृतिको कथानक प्रमुख पात्रमा घटित घटनाबाट गतिशील हुन्छ । विभिन्न खालका चरित्रहरूका विचमा हुने पारस्परिक सम्बध तथा द्वन्द्वले कथानकलाई जीवन्त तुल्याउनुका साथै पात्रलाई सक्रिय तुल्याउँछ । पात्रसम्बधी पूर्वीय र पाश्चात्य मान्यतालाई निम्न रूपमा प्रस्तुत गरिएको छ ।

पूर्वीय साहित्यमा भरतमुनिले पात्रलाई उत्तम, मध्यम, र अधम गरी तीन प्रकारमा वर्गीकरण गरेका छन् । त्यसै गरी उनले नायकलाई धीरोद्धत, धीरललित, धीरोदात्त, धीरप्रशान्त गरी चार किसिमका छन् भने नायिकालाई दिव्या, कुलस्त्री, गणिका गरी तीन प्रकारमा वर्गीकरण गरेका छन् (घर्ती, २०६७: पृ. ८४) ।

पाश्चात्य साहित्यमा एरिस्टोटलले दुःखान्तमा कुनै महिमाशाली व्यक्तिको दुर्भाग्यको चित्रण हुनुपर्छ भनेका छन् । महिमाशाली उक्त नायक आफ्नै चारित्रिक कमजोरीले दुर्भाग्यको शिकार बन्नु पर्ने मान्यता रहेको छ उनले नायक विशिष्ट, चरित्रवान, विचारशील, निष्कपट, सुसंस्कृत, उच्चकुलीन, भद्र, औचित्यपूर्ण, एकरुपताले युक्त सम्भाव्य प्रकृतिको हुनुपर्छ भन्ने धारणा राखेका छन (भण्डारी र अन्य, २०७३: पृ. २१) । उनले दुःखान्तका पात्रलाई अनुकूल र प्रतिकूल भनी विभाजन गरेका छन् । साहित्य चिन्तक तथा केही विद्वानले पात्रलाई विभिन्न प्रकारमा विभाजन गरेका छन् :

मोहनराज शर्माले उपन्यासका पात्रहरूलाई लिङ्गको आधारमा स्त्रीलिङ्ग र पुलिङ्ग, कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृतिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र गतिहीन, जीवनचेतनाको आधारमा वर्गगत र व्यक्तिगत, आशन्नताको आधारमा नेपथ्य र मञ्चीय, आबद्धताको आधारमा बद्ध र मुक्त गरी सात प्रकारमा विभाजन गरेका छन् (शर्मा, २०७९: पृ. १७२) ।

घनश्याम नेपालले आख्यानका पात्रहरूलाई गोला र च्याप्टा पात्र, सापेक्ष र निरपेक्ष पात्र, गतिशील र गतिहीन पात्र, सार्वभौम र आञ्चलिक पात्र, पारस्परिक र मौलिक पात्र, प्रकार र आद्यप्रकार गरी छ प्रकारमा पात्रको वर्गीकरण गरेका छन् (नेपाल, २०६८: पृ. ५६) ।

टङ्कप्रसाद न्यौपानेले उपन्यासका पात्रहरूलाई कथावस्तुका दृष्टिले : प्रधान र गौण पात्र, चरित्रचित्रणका दृष्टिले : स्थिर र गतिशीलपात्र, भूमिकाका दृष्टिले वर्गीय र वैयक्तिक गरी तीन प्रकारमा पात्रको विभाजन गरेका छन् (घर्ती, २०६७: पृ. ८४) ।

ऋषिराज बरालले उपन्यासका पात्रहरूलाई गतिशील र स्थिर पात्र, गोला र चेप्टा पात्र, प्रतिनिधि र व्यक्तिपरक पात्र, अन्तर्मूखी र बहिर्मूखी गरी चार भाग वर्गीकरण गरेका छन् (घर्ती, २०७४: पृ. ८४) ।

कृष्णहरि बराल र नेत्र एटमले उपन्यासका पात्रहरूलाई नायक तथा नायिका, प्रतिनायक, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक, अन्तर्मूखी र बहिर्मूखी, पारस्परिक तथा मौलिक गरी छ प्रकारमा वर्गीकरण गरेका छन् (बराल र एटम, २०६९: पृ. ६६) ।

माथि प्रस्तुत गरिएका पात्र वर्गीकरणका विभिन्न आधारलाई हेर्दा मोहनराज शर्माले प्रस्तुत गरेको पात्रविधानको सैद्धान्तिक आधार उल्लेखनीय रहेको छ । मोहनराज शर्माको शैली वैज्ञानिक अध्ययनका क्रममा प्रस्तुत पात्रको वर्गीकरणलाई यस शोधकार्यको विश्लेषणको आधार बनाइएको छ ।

### १. लिङ्गका आधारमा

लिङ्गले प्राकृतिक जात छुट्याउँछ । त्यसैले पात्रलाई स्त्रीलिङ्ग र पुलिङ्गमा बाँडिएको देखिन्छ । नायक नायिका एवम् स्त्री र पुरुष छुट्याउने आधार नै लिङ्ग हो । यस अन्तर्गत पुरुषमा पुरुषोचित गुण र स्त्रीमा स्त्रीयोचित गुणको अपेक्षा गरिएको हुन्छ । वर्तमान समयमा पात्र स्त्री र पुरुषका अतिरिक्त समलिङ्गी वा तेस्रो लिङ्गी पनि हुने गर्दछन् । त्यसैले लिङ्गका आधारमा पात्र तीन प्रकारका हुन्छन् भन्ने अवधारणा पनि अगाडि सार्न थालिएको छ । पात्रको बाह्य वर्णन तथा शरीर, तिनको क्रियाकलाप, स्वभाव, नामकरण, बोलीचाली र तिनले प्रयोग गर्ने भाषा एवम् प्रयुक्त क्रियापदबाट यो कुरा

छुट्याउन सकिन्छ ( बराल र एटम, २०८९: पृ. २८) । यो व्यक्ति वा पात्रको शारीरिक जात छुट्याउने आधार हो । जस्तैः *मुलुक बाहिर* उपन्यासको रने पुरुष पात्र हो भने म्याउची स्त्री पात्र हो ।

### २. कार्यका आधारमा

कार्यका आधारमा पात्रहरू प्रमुख, सहायक, र गौण गरी तिन वर्गका हुन्छन् । आख्यानात्मक कृतिमा सबै पात्रले उत्तिकै कार्य गरेका हुदैनन् । उपन्यासमा पात्रको उपस्थिति, उसको भूमिका र कार्यगत मूल्यका आधारमा पात्रको कार्य निर्धारण हुन्छ । उपन्यासको मूल कथावस्तुसँग सम्बन्धित पात्रहरू प्रमुख पात्र भित्र पर्दछन् । खास गरी नायक नायिका, प्रतिनायक र प्रतिनायिका जस्ता पात्रहरू प्रमुख पात्रअन्र्तगत पर्दछन् । त्यसैले बढी कार्य गर्ने पात्र प्रमुख वर्गको हुन्छ त्यसभन्दा घटी कार्य गर्ने पात्र सहायक वर्गको हुन्छ र त्यसभन्दा पनि न्यून भूमिका भएका पात्रहरू चाहिँ गौण वर्गको हुन्छ (शर्मा, २०७९: पृ. १७२) । आख्यानात्मक कृतिमा नाम /सर्वनामको पुनरावृति सबभन्दा बढी हुन्छ त्यो प्रमुख पात्र हुन्छ , जुन नाम/सर्वनामको पुनरावृति सबैभन्दा कम हुन्छ त्यो सहायक पात्र  हुन्छ र जुन नाम/सर्वनामको पुनरावृति त्योभन्दा पनि कम हुन्छ त्यो गौण पात्र हुन्छ । उपन्यासमा पात्रले गर्ने कार्य वा भूमिकाको आधारमा उक्त पात्र प्रमुख, सहायक र गौण के हो छुट्याउन सकिन्छ । जस्तैः *नरेन्द्रदाइ* उपन्यासको नरेन्द्रदाइ प्रमुख पात्र हो भने सानोबाबु सहायक पात्र हो र सान्नानी गौण पात्र हो ।

### ३. प्रवृतिका आधारमा

प्रवृतिका आधारमा पात्र अनुकूल र प्रतिकूल गरी दुई वर्गका हुन्छन् । उपन्यासका पात्रहरूले सकारात्मक र नकारात्मक दुवै भूमिका निर्वाह गरेका हुन्छन् । सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल हुन्छ भने नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने पात्र प्रतिकूल हुन्छ (बराल र एटम, २०७९: पृ. २९) । अनुकूल वर्गको पात्रमा खलत्व हुदैन र प्रतिकूल वर्गको पात्रमा खलत्व हुन्छ । जुन पात्रले उपन्यासमा सकारात्मक कार्य गर्छ त्यो अनुकूल पात्र हो भने नकारात्मक कार्य गर्ने पात्र प्रतिकूल पात्र हो । जस्तै : *मुलुकबाहिर* उपन्यासको दलबहादुर अनुकूल पात्र हो भने शेर्पा बुढा प्रतिकूल पात्र  हो ।

### ४. स्वभावका आधारमा

कृतिमा प्रयुक्त सहभागीहरूमा परिस्थिति अनुसार देखा पर्ने परिवर्तन र चारित्रिक विकासका आधारमा गतिशील र स्थिर गरी विभाजन गर्न सकिन्छ । विभिन्न अवस्था अनुसार परिवर्तन भइरहने सहभागीलाई गतिशील पात्र भनिन्छ भने कृतिभरी जस्तो परिस्थिति आए पनि गतिहीन ढङ्गले उही रुपमा रहिरहने पात्रलाई स्थिर सहभागी भनिन्छ ( लुइटेल, २०६९: पृ.४६) । अवस्थाअनुसार चलायमान हुने पात्रहरू गतिशील भित्र पर्दछन् । यिनीहरू जटिल किसिमका हुन्छन् । क्रियाशीलता यिनीहरूको पहिचान हो । गतिहीन पात्रहरू सुरुमा नै एउटा आदर्श समातेर बस्छन् र अन्त्यसम्म पनि यसबाट विचलित हुँदैनन् । वातावरण र पस्थितिले यिनीहरूलाई प्रभाव पार्न सक्दैन । प्रायः आर्दशवादी पात्रहरू यस वर्ग भित्र पर्दछन् । जस्तैः *भोक र भिताहरू* उपन्यासको हर्के साहिला गतिहीन पात्र हो भने उपन्यासको चन्द्रे गतिशील पात्र हो ।

### ५. जीवन चेतनाका आधारमा

आफ्नो पात्र वा अरूका जीवनको प्रतिनिधित्व गर्ने पात्रलाई वर्गगत र व्यक्तिगत गरी विभाजन गर्न सकिन्छ । वर्गगत पात्रले कृतिमा कुनै सामाजिक वर्गको प्रतिनिधित्व गर्छ भने व्यक्तिगत पात्रले आफ्नै मात्र प्रतिनिधित्व गर्छ (शर्मा, २०७९: पृ. १७४) । निश्चित समूह विशेषको प्रतिनिधित्व गरेर आउने हुँदा वर्गगत पात्रलाई प्रतिनिधिमुलक पात्र भनिन्छ । व्यक्तिगत पात्रले कुनै पनि सामाजिक वर्गको प्रतिनिधित्व नगरी एक व्यक्तिमा पाइने स्वभावलाई मात्र अनुसरण गरेको हुन्छ । वर्गगत पात्रले कृतिमा कुनै सामाजिक वर्गको प्रतिनिधित्व गर्छ भने व्यक्तिगत पात्रले यस तरहको प्रतिनिधित्व नगरेर आफ्नै मात्र प्रतिनिधित्व गर्छ । जस्तै : *उपसंहार अर्थात् चौथो अन्त्य* उपन्यासकी लक्ष्मी व्यक्तिगत पात्र हो भने रवि वर्गीय पात्र हो ।

### ६. आसन्नताका आधारमा

उपन्यासको कथानकमा हुने पात्र उपस्थितिलाई आसन्नता भनिन्छ । आख्यानात्मक कृतिमा आसन्नताका आधारमा पात्रलाई मञ्चीय र नेपथ्य गरी दुई वर्गका हुन्छन् । उपन्यासमा केही पात्रले मञ्चमा उपस्थित भएर आफ्नो कार्य व्यापारलाई सम्पन्न गर्छन् भने

केही पात्रहरू मञ्चमा उपस्थित देखिदैनन् अरु पात्रका माध्यमबाट उनीहरूका बारेमा सङ्केत वा जानकारी मात्र गराइन्छ । मञ्चमा उपस्थित भएर कार्यव्यापार गर्नेलाई मञ्चीय पात्र र अरु पात्रका माध्यमबाट जानकारी मिल्ने पात्रलाई नेपथ्य पात्र भनिन्छ । कृतिमा नेपथ्य पात्रको परोक्ष वर्णन र उपस्थिति हुन्छ भने मञ्चीय पात्रले प्रत्यक्ष कार्य गर्दछ । कृतिको काल मापदण्डमा मञ्चीय पात्रहरू वर्तमान विन्दुमा हुन्छन भने नेपथ्य पात्रहरू सो विन्दुभन्दा पूर्ववर्ती कालमा स्थित हुन्छन् (शर्मा, २०७९: पृ. १७४) । प्रत्यक्ष रूपमा उपस्थित भई भौतिक तथा चारित्रिक विशेषताको बयान गरिएका पात्रहरू मञ्चीय पात्र हुन भने प्रत्यक्ष रूपमा उपस्थित नभई नाम मात्रै उल्लेख भएका पात्र नेपथ्य पात्र हुन् । जस्तै : *सुम्निमा* उपन्यासकी सुम्निमा मञ्चीय पात्र हो भने भिल्ल युवक नेपथ्य पात्र हो ।

**७. आबद्धताका आधारमा**

उपन्यासमा कथानकसँग पात्रको सम्बन्ध नै आवद्धता हो । कृतिको कथानकमा बाधिने र नबाधिने आधारमा पात्रलाई बद्ध र मुक्त गरी दुई वर्गका हुन्छन् । कृतिको पर्याधारमा रहेका सर्न्दभहरूमा बाधिएर सार्थक हुने पात्रलाई बद्ध पात्र भनिन्छ भने कृतिको पर्याधारबाट स्वतन्त्र भए पनि सार्थक हुने पात्रलाई मुक्त पात्र भनिन्छ (शर्मा, २०७९: पृ. १७४) । बद्ध पात्रलाई झिक्दा कृतिको संरचना भत्किन्छ तर मुक्त पात्रलाई झिक्दा कृतिको संरचनामा कुनै असर पर्दैन । उपन्यासको मूल कथावस्तुसँग सम्बन्धित पात्रलाई बद्ध पात्र भनिन्छ भने मूल कथावस्तुसँग असम्बन्धित अति नगन्य भूमिका भएका पात्रलाई मुक्त पात्र भनिन्छ । जस्तैः *नरेन्द्रदाइ* उपन्यासकी गौरी बद्ध पात्र हो भने सान्नानी मुक्त पात्र हो ।

समग्रमा भन्दा उपन्यासको कथानकलाई गतिशील बनाउन विभिन्न घटना घटाउने काम पात्रले गरेको हुन्छ । उपन्यासमा विभिन्न खालका पात्रको प्रयोग गरिएको हुन्छ । उपन्यासका घटनासँग जोडिएर आउने व्यक्तिलाई पात्र भनिन्छ । उपन्यासमा कथावस्तु प्रमुख तत्व मानिन्छ । त्यही उपन्यासको कथावस्तुलाई डोऱ्याउँदै घटना घटाउन् काम पात्रले गर्दछ । पात्रले उपन्यासलाई जीवन्तता दिने कार्य गर्दछ । पात्रलाई पूर्वीय र पाश्चात्य साहित्यमा आ-आफ्नै ढङ्गले परिभाषित गरिएको पाइन्छ । उपन्यासमा पात्रहरूलाई कुशल ढङ्गले प्रस्तुत गरिएको हुन्छ ।

विभिन्न विचारक, चिन्तकका पात्र वर्गीकरणका तरिका फरक-फरक रहेका छन् । उपन्यासका पात्रको वर्गीकरणका बारेमा मोहनराज शर्मा, कृष्णहरि बराल र नेत्र एटम, घनश्याम नेपाल, दुर्गाबहादुर घर्ती, खगेन्द्रप्रसाद लुइटेल लगायतका विचारक तथा चिन्तकहरूले चर्चा गरेका छन् । सम्पूर्ण पात्रहरूलाई समेट्न सक्ने मोहनराज शर्माको पात्र वर्गीकरणको मान्यतालाई आधिकारिक र समय सापेक्ष मानिएको छ । यस शोधपत्रमा मोहनराज शर्माको पात्र वर्गीकरणको मतलाई मुख्य आधार बनाइएको छ । उनले पात्रलाई लिङ्ग, कार्य, प्रवृति, स्वभाव, जीवनचेतना, आशन्नता, आबद्धताका आधारमा पात्रको वर्गीकरण गरेका छन् ।

## २.३ योगमाया उपन्यासका पात्रहरूको वर्गीकरण

*योगमाया* उपन्यास ऐतिहासिक उपन्यास हो । यसमा बहु पात्रको प्रयोग गरिएको छ । *योगमाया* उपन्यासमा समाजका कुरीति, कुसंस्कार, लैङ्गिक विभेद, जातीय असमानता, बाल विवाह, बहुविवाह, विकृति, विसङ्गतिलाई हटाउन, सामाजिक परिवर्तन ल्याउन, योगमाया जस्तो साहसी पात्रको प्रयोग गरिएको छ । योगमायाले समाजमा महिलामाथि भएका सामाजिक लाञ्छना, हिंसा, शोषण, दमन, अन्याय, अत्याचार, भेदभावका विरुद्धमा आवाज उठाएकी छन् । धर्मका नाममा सोझासाझालाई ठग्नु, लुट्नु हुदैन, कसैलाई छुवाछुत, विभेद गर्नु हुँदैन, सबैले समान अधिकार पाउनु पर्छ भन्ने योगमायाको धारणा रहेको छ । *योगमाया* उपन्यासका सम्पूर्ण पात्रहरूलाई मोहनराज शर्माको पात्र वर्गीकरणको आधारमा यस परिच्छेदमा वर्गीकरण गरिएको छ । यहाँ पात्रहरूलाई लिङ्ग, कार्य, प्रवृति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताको आधारमा निम्नअनुसार वर्गीकरण गरिएको छ :

### २.३.१ लिङ्गका आधारमा

लैङ्गिक दृष्टिले प्रस्तुत उपन्यासका पात्रहरूलाई पुरुष र स्त्री गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । समाजका विभिन्न वर्ग, चरित्र, स्वभाव, जीवनचेतनाको प्रतिनिधित्व गर्ने पुरुष पात्रअर्न्तगत अग्निधर, प्रेमनारायण, महानन्द, गिरी, गञ्जबहादुर, महेश्वर, बडा बा, साहिला दर्जी, श्रीलाल, रघुनाथ, जिते, नरबहादुर, कडेल, पुष्पलाल, बस्नेत मुखिया, साधु-सन्त, सानापुरेत, ठूलापुरेत, चापागाई बाजे, कविराज घर्ती, धनबहादुर

राई, टेकबहादुर बस्नेत, जङ्गबहादुर माझी, डिल्लिबहादुर बस्नेत, नरेन्द्रबहादुर बस्नेत, रत्नमान, पहलमान, रामहरि कुमाल, ठालुहरू, भण्डारी दाजुभाइ, जोगी, टेकबहादुर, हर्कबहादुर, भिमबहादुर, बलबहादुर, डम्बरबहादुर, कृष्णभक्त, गोविन्द उपाध्याय, काइँला बाजे, गोपिकृष्ण, छविप्रसाद गौतम, कविप्रसाद गौतम, यज्ञनिधि, बडाहाकिम, गरुणध्वज कार्की, शेरबहादुर राई, जुद्धशमशेर, भिमशमशेर, मोहनशमशेर, चन्द्रशमशेर, पदमलाल रहेका छन् ।

स्त्री पात्रअन्तर्गत योगमाया, गङ्गा, तुलसा, नैनकला, दुखुना, देउरानी, जेठानी, कडेल्नी, सुवेदीनी, खनाल्नी, पुरेत्नी, साहिँली, नातिनी, ठूलो जेठानी, हजुरआमा, बुढीआमै, घर्तिनी कान्छी, फुपू, पँधेर्नी, काकीआमा, निरौलाकी बुहारी, सुवेदीकी बुहारी, गौतामिनी, मुखेनी, इन्द्रमाया, महेश्वरकी आमा, बाहुनी, भुजेल्नी, न्यौपाने कान्छी, मझेनी, कान्छी मझेनी, नरमाया, काइँली कमिनी, खड्किनी आम्मै, दिव्यश्वरी, साहिँली मझेनी, माहिँली मझेनी, सेतीआम्मै, खड्केनी हजुरआमा, देउतीमाया, मनमाया, चमेली, घर्तिनी, बालुमाया, नन्दकुमारी, कोकिला, सरस्वती, बृद्धआमा, यदुकुमारी, कृष्णकुमारी, नर्मदा, शिवमाया, निरकुमारी, लिलादेवी, गङ्गा अधिकारी, रानीहरू, हाकिमनी पर्दछन् । प्रस्तुत पात्रहरू घटना आरम्भ भएपछित्र क्रमशं एकपछि अर्को गर्दै उपन्यासमा देखिएका छन् । यिनीहरूमध्ये कोही उपन्यासको सुरुदेखि अन्त्यसम्म उपस्थित देखिन्छन् भने कोही पात्रहरू प्रसङ्गवश बिचमा आएर बिचमै हराएका छन् ।

### २.३.२ कार्यका आधारमा

उपन्यासमा विभिन्न किसिमका पात्रहरूको प्रयोग गरिएको हुन्छ । ती सबै पात्रहरूले फरक-फरक भूमिका खेलेका हुन्छन् । प्रस्तुत *योगमाया* उपन्यासमा प्रयुक्त पात्रहरूले खेलेको भूमिकाका आधारमा पात्रहरूलाई प्रमुख, सहायक र गौण गरी तीन भागमा विभाजन गर्न सकिन्छ । उपन्यासमा सबैभन्दा महत्वपूर्ण भूमिका निर्वाह गर्ने पात्रलाई प्रमुख पात्र भनिन्छ यस उपन्यासमा योगमाया प्रमुख पात्रका रूपमा उपस्थित छिन् ।

योगमाया उपन्यासको सम्पूर्ण कथावस्तु योगमायाको केन्द्रियतामा सञ्चालित रहेको छ । योगमायाको कथा नै यस उपन्यासको विषयवस्तु हो । योगमायाले समाजमा रहेका बालविवाह, नारी र पुरुषबिचको असमानता, वर्गीय विभेद जस्ता कुसंस्कारको अन्त्य गरी

समाज सुधार गर्न चाहेकी छन् । योगमायाले सीमित ठाउँलाई परिवर्तन गरेर हुँदैन समाजका कुरीति हटाउन राज्यबाटै पहल गरिनु पर्छ भन्दै धर्मराज्य स्थापना गर्ने अभियान चलाएकी छिन् । समाजका रुढीवादी परम्परा, भेदभाव र कुरीतिलाई  जरैबाट उखेलेर भेदभावरहित समाजको निर्माण गर्नु योगमायाको मूल उद्देश्य हो । योगमायाले जीवनमा जति दुःख कष्ट भोगे पनि समाज सुधार र धर्मराज्य स्थापना गर्नमा लागेकी योगमायाले पटक-पटक विन्तिपत्र राज्यको ढोकासम्म पुऱ्याउदा पनि राज्यबाट बेवास्ता गरिन्छ । झुटो आशा मात्रै देखाउने, दिएको बचन पूरा गर्न नसक्ने पापीको राज्यमा बाच्नु छैन् भन्दै आफ्ना अनुयायीका साथमा अरुण नदीमा जलसमाधि लिएकी छिन् । उपन्यासका सुरूदेखि अन्त्यसम्म घटेका सम्पूर्ण घटनामा नयाँ-नयाँ मोड ल्याउने काम योगमायाबाट भएको छ । त्यसैले योगमाया यस उपन्यासकी प्रमुख नारी पात्र हुन् ।

उपन्यासमा प्रमुख पात्रको भन्दा कम कार्य गर्ने र प्रमुख पात्रको सहयोगीको रूपमा आउने पात्रहरू सहायक पात्र हुन् । प्रस्तुत उपन्यासमा गङ्गा, प्रेमनारायण, नैनकला, दुखुना सहायक पात्रका रूपमा आएका छन् ।  *योगमाया* उपन्यासमा योगमायाको सहयोगी रूपमा गङ्गा आएकी छिन् । उपन्यासमा सुरूदेखि अन्त्यसम्म उनको भूमिका सक्रिय देखिन्छ  । गङ्गाले योगमायाका प्रत्येक विचारलाई आत्मसाथ गरेकी छिन् । उनले श्रीमान अग्निधर र छोराछोरी तुलसा र गिरीलाई गुमाएपछि आफ्नो भौतिक सुख सम्पत्तिलाई त्यागेर आफ्नो मनलाई हरिभजनमा लगाएकी छिन् । योगमायाले सुरू गरेको धर्मराज्य स्थापना गर्ने अभियानलाई सफल बनाउन पूर्ण रूपमा सहयोग गरेकी छन् । त्यसैले गङ्गा सहायक पात्र हुन् । प्रेमनारायणले योगमायाको सम्पूर्ण कार्यलाई सफल बनाउन सहयोगी भूमिका खेलेका छन् । उनले समाजमा रहेका विकृति, विसङगतिलाई हटाई विभेदरहित समाज निर्माणमा महत्वपूर्ण भूमिका वहन गरेका छन् । योगमायाले राज्यसम्म पठाएको विन्तिपत्र लिएर श्री ३ को ढोकासम्म पुग्ने साहस गर्ने निडर पुरुष पात्र हुन् । त्यसैले प्रेमनारायण उपन्यासमा योगमायाका सहयोगी रूपमा उपस्थित भएका छन् । नैनकला योगमायाको छोरी भएकाले पनि आफ्नो सम्पूर्ण जीवन आमा (योगमाया) को सेवामा लगाएकी छिन् । बालविवाह जस्तो कुरीतिको शिकार हुन पुगकी नैनकला बालविधवा हुन् । मानव सेवालाई ठूलो धर्म ठान्ने उनी योगमाया उपन्यासकी अर्की सहायक पात्र हुन् । उनले योगमायाले गरेका समाज सुधारका सम्पूर्ण कार्यमा सहयोग गरी आफ्नो सम्पूर्ण जीवनलाई  मानव  सेवामा अर्पण गरेकी छिन् । दुखुनाले उपन्यासको अन्तिममा महत्वपूर्ण भूमिका निर्वाह गरेकी छन् ।

उपन्यासमा योगमायाको समाज सुधार गर्ने कार्यमा सहयोगीको रूपमा काम गरेकी हुनाले दुखुना यस उपन्यासकी सहायक बाल पात्र हुन् ।

उपन्यासमा गौण भूमिका भएका वा नाम मात्रै उल्लेख भएका पात्रहरू गौण पात्र हुन् । यिनीहरूलाई उपन्यासबाट हटाउदा पनि खासै असर पर्दैन । यस उपन्यासमा गौण पात्रका रूपमा महानन्द, अग्निधर, तुलसा, गिरी, सानापुरेत, ठूलापुरेत, चापागाई बाजे, श्रीलाल, रघुनाथ, महेशवर, देउरानी, गञ्जबहादुर, नरबहादुर, कडेल, गोपिकृष्ण, जङ्गबहादुर माझी, टेकबहादुर बस्नेत, डिल्लिबहादुर बस्नेत, नरेन्द्रबहादुर बस्नेत, जेठानी, कडेल्नी, हजुरआमा, बस्नेत मुखिया, पुष्पलाल न्यौपाने, साधु-सन्त, धनबहादुर राई, मुखेनी, इन्द्रमाया, बालुमाया, नरमाया, रत्नमान, पहलमान, कृष्णभक्त, बलबहादुर, डम्बरबहादुर, बुढीआमै, घर्तिनी कान्छी, फुपू, गोविन्द उपाध्याय, काइँलाबाजे, कविराज घर्ती, देउतीमाया, मनमाया, छविप्रसाद गौतम, कविप्रसाद गौतम, यदुकुमारी, सरस्वती, जुद्धशमशेर, भिमशमशेर, चन्द्रशमशेर, मोहनशमशेर, नर्मदा, शिवमाया, निरकुमारी, पदमलाल, शेरबहादुर राई, सुवेदीनी, लिलादेवी, रानीहरू, हाकिमनी, जिते महेश्वरकी आमा, गंगा अधिकारी, खनाल्नी, पुरेत्नी, साहिँली, बुढीआमा, नातिनी, फुपू, पर्धेनी, काकी आमा, निरौलाकी बुहारी, सुवेदीकी बुहारी, गौतामिनी, बाहुनी, भुजेल्नी, न्यौपाने कान्छी, मझेनी, सेतीआम्मै, खड्केनी हजुरआमा, चमेली, घर्तिनी, नन्दकुमारी, कोकीला, बृद्धआमा, कृष्णकुमारी, बडा बा, साहिला दर्जी, जिते, रघुनाथ तिवारी, रामहरि कुमाल, ठालुहरू, भण्डारी दाजुभाइ, जोगी, टेकबहादुर बस्नेत, हर्कबहादुर, भिमबहादुर, यज्ञनीधि बडाहाकिम, गरुडध्वज कार्की, पदमलमल रहेका छन् । महानन्दको भूमिका सहायक पात्रको भन्दा तुलनात्मक रूपमा कम देखिन्छ । साना पुरेतको सहभागिता उपन्यासमा कुनै कुनै ठाउँमा मात्रै देखिए पनि प्रतिपक्षको पाटोलाई सक्रिय बनाउने काम साना पुरेतले गरेका छन् । अन्य पात्रहरूको उपन्यासमा नाम मात्रै उल्लेख भएको देखिन्छ ।

### २.३.३ प्रवृत्तिका आधारमा

प्रवृत्तिका आधारमा उपन्यासका पात्रहरू अनुकूल र प्रतिकूल गरी दुई प्रकारका हुन्छन् । सकारात्मक भूमिका निर्वाह गर्ने पात्रहरू अनुकूल पात्र हुन् भने नकारात्मक भूमिका निर्वाह गर्ने पात्रहरू प्रतिकूल पात्र हुन् । यस आधारमा *योगमाया* उपन्यासमा प्रयुक्त पात्रहरूलाई हेर्दा अनुकूल पात्रअन्तर्गत योगमाया, गङ्गा, प्रेमनारायण, महानन्द, नैनकला,

दुखुना, गञ्जबहादुर, टेकबहादुर बस्नेत, गोपिकृष्ण, नैनकलाका बा, सेतीआमै, जोगी, बालुमाया, पहलमान, इन्द्रमाया, मोतीबहादुर, यदुकुमारी, देवीथापा, गोविन्द उपाध्याय, मनमाया, हिरा, रत्नमान, नरेन्द्रबहादुर, देउतीमाया, भीमबहादुर, डिल्लिबहादुर बस्नेत, पार्वती, गणेश, सावित्री अधिकारी, डम्बरबहादुर, रघुनाथ तिवारी, गंगा अधिकारी, नरजङ्ग बस्नेत, माहिँली मभ्केनी, जेठी मभ्केनी, हर्कमाया, चमेली, कान्छी थपेनी, काली थपेनी, सूर्यबहादुर, बलभद्र बस्नेत, शिवमाया, भक्तबहादुर, पर्दछन् । यी पात्रहरूले उपन्यासमा योगमायाको धर्मराज्य स्थापना गर्ने अभियानलाई सफल बनाउन सहयोग गरेका छन् । समाज सुधार गर्नमा सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गरेका छन् । प्रतिकूल पात्रअर्न्तगत कृष्णभक्त, सानापुरेत, ठूलापुरेत, चापागाई बाजे, रघुनाथ, जुद्धशमशेर, भिमशमशेर, मोहनशमशेर, चन्द्रशमशेर अग्निधर माधवशमशेर, गरुणध्वज कार्की, रानीहरू, पर्दछन् । यिनले उपन्यासमा योगमायाको समाज परिवर्तन गर्ने कार्यमा बाधा उत्पन्न गरेका छन् । कुरीति र अन्धविश्वासलाई बढावा दिई नकारात्मक भूमिका निर्वाह गरेका छन् ।

### २.३.४ स्वभावका आधारमा

स्वभावका आधारमा पात्रहरू गतिशील र गतिहीन गरी दुई प्रकारका हुन्छन् । परिस्थिति अनुसार आफ्नो विचार परिवर्तन गर्ने पात्रहरू गतिशील पात्र हुन् भने जस्तोसुकै परिस्थितिमा पनि आफ्नो स्वभावमा परिवर्तन नदेखाउने पात्रहरू गतिहीन पात्र हुन् । यस उपन्यासमा योगमाया, अग्निधर, चापागाई बाजे गतिशील पात्रका रूपमा आएका छन् । अग्निधरले सुरुमा आफ्नी दिदीको कार्यको विरोध गरेको देखिन्छ भने पछि दिदीको कुटीमा जान भजन कीर्तन सुन्ने गरेको देखिन्छ । आफ्नो स्वभावलाई स्थिर राख्न नसकेको हुनाले ऊ गतिशील पात्र हो । चापागाई बाजे पनि गतिशील पात्र हुन् । उपन्यासको सुरुमा जातभातको कुरा गर्ने, जात काढ्ने योगमायालाई बुद्धि बिगारेकी आइमाई भनेर गाली गर्ने चापागाई बाजे पछि योगमायाले श्री ३ चन्द्रशमशेरलाई भेटेर आएको कुरा सुनेर उनी मभ्कुवाबेशीमा योगमायालाई भेटेर पहिले गरेको गल्ति स्वीकार गरेको देखिन्छ ।

प्रस्तुत उपन्यासमा गतिहीन पात्रका रूपमा गङ्गा, प्रेमनारायण, नैनकला, महानन्द, दुखुना, सानापुरेत, ठूलापुरेत, कृष्णभक्त, गोपिकृष्ण, श्रीलाल, रघुनाथ, गञ्जबहादुर, तुलसा, गिरी, जङ्गबहादुर, इन्द्रमाया, महेश्वर, साधु-सन्त, नरमाया, देउतीमाया, मनमाया,

नरबहादुर, माहिँली मभ्रेनी, साहिँली मभ्रेनी, टेकबहादुर, रत्नमान, पहलमान, चापागाईं, धनबहादुर राई, डिल्लिबहादुर बस्नेत, नरेन्द्रबहादुर बस्नेत, रामहरि कुमाल, नर्मदा, यदुकुमारी, कृष्णकुमारी, बालुमाया, शिवमाया, हर्कबहादुर, भीमबहादुर, कविराज घर्ती, गरुणध्वज कार्की, कविप्रसाद गौतम, देउतिमाया, पुष्पलाल नेउपाने, निरकुमारी, आएका छन् । यी पात्रहरू उपन्यासको सुरुदेखि अन्त्यसम्म एउटै विचारमा अडिग छन् । कुनै पनि परिस्थितिमा उनीहरूले आफ्नो स्वभावमा परिवर्तन देखाएका छैनन् ।

## २.३.५ जीवन चेतनाका आधारमा

जीवन चेतनाका आधारमा पात्रहरू वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । वर्गगत पात्रले कृतिमा कुनै सामाजिक वर्गको प्रतिनिधित्व गरेको हुन्छ भने व्यक्तिगत पात्रले आफ्नै मात्र प्रतिनिधित्व गरेको हुन्छ । यस उपन्यासमा वर्गीय पात्रका रूपमा गङ्गा, प्रेमनारायण, महानन्द, नैनकला, दुखुना, काइँली कमिनी, गञ्जबहादुर, गरुणध्वज कार्की, साहिँला दर्जी, नर्मदा, कान्छी मभ्रेनी, अग्निधर, रत्नमान, पहलमान, नरेन्द्रबहादुर, टेकबहादुर, रामहरि कुमाल गोपिकृष्ण काइँला बाजे, कृष्णकुमारी, मोतिबहादुर, यदुकुमारी, चन्द्रकुमारी, नरजङ्ग, बालुमाया, गोपिकृष्ण, डम्बरबहादुर, धनपति भण्डारी, डिल्लिबहादुर, साहिली मभ्रेनी, माहिली मभ्रेनी आदिले निम्न मध्यम वर्गको प्रतिनिधित्व गरेका छन् भने जुद्धशमशेर, रानीहरू, मोहनशमशेर, भीमशमशेर, चन्द्रशमशेर, माधवशमशेर, बडाहाकिम, गरुडध्वज चाहिँ उच्च वर्गको रूपमा उपस्थित छन् । निम्न मध्यम वर्गका व्यक्तिहरूले उपन्यासमा शोषित पीडित वर्गको प्रतिनिधित्व गरेका छन् भने उच्च वर्गका व्यक्तिले शोषक सामन्तीको प्रतिनिधित्व गरेका छन् ।

प्रस्तुत उपन्यासमा व्यक्तिगत पात्रका रूपमा योगमाया, चापागाई बाजे, ठूलापुरेत, सानापुरेत, कृष्णभक्त, श्रीलाल, रघुनाथ, ब्राह्मण, जोगी, साधु-सन्त रहेका छन् । यिनीहरूले समाजको भलाईका लागि कुनै पनि काम गरेको देखिदैन । ठुलापुरेत र सानापरेतले धर्मको नाममा गरुडपुराण लगाउने, सकी नसकी दान गर्न लगाउने, दानको नाममा खेत, घोडा, सुनचाँदी माग्ने कार्य गरेर समाजलाई धमिल्याउने काम गरेका छन् । यिनीहरूले आफ्नो व्यक्तिगत फाइदाका लागि मात्रै कार्य गरेको देखिन्छ ।

### २.३.६ आशन्नताका आधारमा

यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । कृतिमा प्रत्यक्ष उपस्थित भई कार्यव्यापार सञ्चालन गर्ने पात्रहरू मञ्चीय पात्र हुन् भने नाम मात्रै उल्लेख भएका पात्रहरू नेपथ्य पात्र हुन् । प्रस्तुत उपन्यासका मञ्चीय पात्रहरूमा योगमाया, गङ्गा, प्रेमनारायण, महानन्द, अग्निधर, नैनकला, दुखुना, ठूलापुरेत, सानापुरेत, चापागाई बाजे, टेकबहादुर, गञ्जबहादुर, गोपिकृष्ण, कृष्णभक्त, चन्द्रशमशेर, जुद्धशमशेर, रहेका छन् । यिनीहरूले उपन्यासमा प्रत्यक्ष उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गरेका छन् । यिनीहरूले समाजका व्यथिति, विसङ्गति, रूढीवादी परम्परा, भेदभावको खुलेर विरोध गरेका छन् । त्यसैले यिनीहरू मञ्चीय पात्र हुन् ।

प्रस्तुत उपन्यासका नेपथ्य पात्रहरूमा श्रीलाल, रघुनाथ, गिरी, तुलसा, महेश्वर, देउरानी, जेठानी, कडेल्नी, सुवेदीनी, खनाल्नी, साहिँला दर्जी, जिते, ईश्वर कोइराला, नरबहादुर, कडेल, पुष्पलाल न्यौपाने, बस्नेत मुखिया, साधु-सन्त, कविरा घर्ती, धनबहादुर राई, नरेन्द्रबहादुर बस्नेत, पहलमान, रत्नमान, पुरेत्नी, साहिँली, नातिनी, ठुलो जेठानी, हजुरआमा, घर्तिनी कान्छी, बुढीआमा, फुपू, पधेर्नी, काकीआमा, निरौलाको बुहारी, जङगबहादुर माझी, डिल्लिबहादुर बस्नेत, रामहरि कुमाल, ठालुहरू, भण्ढारी दाजुभाइ, जोगी, पण्डित, हर्कबहादुर, भीमबहादुर, बलबहादुर, डम्बरबहादुर, गोविन्द उपाध्याय, काइँला बाजे, ब्राह्मण, सुवेदीकी बुहारी, गौतामिनी, मुखेनी, इन्द्रमाया, महेश्वरकी आमा, माहिँली मझेनी, साहिँली मझेनी, छविप्रसाद गौतम, कविप्रसाद गौतम, यज्ञनिधि, गरुणध्वज कार्की, शेरबहादुर राई, भीमशमशेर, मोहनशमशेर, पदमलाल, बाहुनी, भुजेल्नी, न्यौपाने कान्छी, मझेनी, कान्छी मझेनी, नरमाया, काइँली कमिनी, खड्केनी आमै, दिव्यश्वरी, सेतीआमै, खड्केनी हजुरआमा, देउतीमाया, मनमाया, कोकिला, चमेली, घर्तिनी, बालुमाया, नन्दकुमारी, इन्द्रमाया, सरस्वती, बृद्धआमा, यदुकुमारी, कृष्णकुमारी, नर्मदा, शिवमाया, निरकुमारी, लिलादेवी, गङ्गा अधिकारी, रानीहरू, हाकिमनी काशीराज, रहेका छन् । उपन्यासमा यिनीहरूको भूमिका अप्रत्यक्ष रूपमा भएको देखिन्छ । त्यसैले यिनीहरू नेपथ्य पात्र हुन् ।

### २.३.७ आबद्धताका आधारमा

उपन्यासमा कथानकसँग पात्रको सम्बन्धका आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । उपन्यासको मूल कथानकसँग बाँधिएर सार्थक हुने पात्रलाई बद्ध पात्र भनिन्छ भने मूल कथानकसँग नबाँधिएका स्वतन्त्र पात्रलाई मुक्त पात्र भनिन्छ । यस उपन्यासमा बद्ध पात्रका रूपमा योगमाया, गङ्गा, प्रेमनारायण, महानन्द, अग्निधर, नैनकला, दुखुना, ठूलापुरेत, सानापुरेत, कडेल, कृष्णभक्त, महेश्वर चन्द्रशमशेर आएका छन् । उपन्यासमा यी पात्रहरूको भूमिका महत्वपूर्ण रहेको हुन्छ । यिनीहरूमध्ये कसैलाई पनि उपन्यासबाट हटाउँदा कृतिको संरचना बिग्रिने देखिन्छ ।

प्रस्तुत उपन्यासका मुक्त पात्रहरूमा गञ्जबहादुर, गिरी, रघुनाथ, श्रीलाल, जिते, नरबहादुर, पष्पलाल न्यौपाने, बस्नेत मुखिया, चापागाई बाजे, कविराज घर्ती, धनबहादुर बस्नेत, टेकबहादुर बस्नेत, नरेन्द्रबहादुर बस्नेत, डिल्लिबहादुर बस्नेत, हर्कबहादुर, भीमबहादुर, बलबहादुर, रत्नामन, पहलमान, तुलसा, देउतीमाया, नरमाया, बालुमाया, मनमाया, देउरानी, जेठानी, फुपू, पधेर्नी, काकीआमा, बुढीआमै, रामहरि कुमाल, ठालुहरू, इन्द्रमाया, खड्केनी हजुरआमा, जोगी, ब्राह्मण, गोविन्द उपाध्याय, काइँला बाजे, गोपिकृष्ण, छविप्रसाद गौतम, कविप्रसाद गौतम, यज्ञनिधि, गरुणध्वज कार्की, शेरबहादुर राई, मोहनशमशेर, भीमशमशेर, जुद्धशमशेर, पदमलाल, गौतामेनी, चमेली, कमिनी, खड्केनीआमा, सेतीआमै, घर्तिनी, नन्दकुमारी, कोकिला, सरस्वती, बृद्धआमा, यदुकुमारी, कृष्णकुमारी, नर्मदा, शिवमाया, निरकुमारी, लिलादेवी, गङ्गा अधिकारी, रानीहरू, हाकिमनी साधु-सन्त, पण्डित, साहिँला दर्जी, जेठानी, देउरानी, कडेल्नी, सुवेदीनी, खनाल्नी, पुरेत्नी, साहिँली, नातिनी, ठूलो जेठानी, बाहुनी, महेश्वरकी आमा पर्दछन् । यिनीहरू मूल कथानकसँग सम्बद्ध देखिदैनन् । उपन्यासमा कुनै प्रसङ्गवश यिनीहरूको नाम मात्रै उल्लेख भएको देखिन्छ । यिनीहरूलाई उपन्यासबाट झिक्दा उपन्यासको संरचनामा खासै असर पर्दैन। उपन्यासमा यिनीहरूको भूमिका गौण रूपमा देखिन्छ । त्यसैले यी पात्रहरू मुक्त पात्र हुन् ।

## २.४ निष्कर्ष

*योगमाया* उपन्यास ऐतिहासिक विषयमा आधारित उपन्यास हो । यस उपन्यासको कथावस्तु योगमायाको बाल्यावस्थादेखिका जीवनका सुख, दुःख सन्यासी जीवन र समाज सुधारमा उनले दिएको योगदानको वरिपरी घुमेको छ । योगमाया उपन्यासमा सामाजिक अन्धविश्वासबाट जन्मिएका कुरीति, कुसंस्कार, जातीय विभेद, बालविवाह, वर्गीय विभेद, शोषण, अन्याय, अत्याचार आदिको चित्रण भएको छ । यस उपन्यासमा परम्परागत पितृसतात्मक विचार, कुसंस्कार, कुप्रथा, रूढीवादी परम्परा परिवर्तन गरी सामाजिक सांस्कृतिक अन्धविश्वासलाई जरैबाट निराकरण गरी सभ्य र समतामूलक समाज निर्माण गर्न खोजिएको छ । योगमायाले समाजलाई अन्याय र अत्याचार र लैङ्गिक असमानताबाट मुक्ति दिलाउन ठूलो सङ्घर्ष गरेकी छन् ।

*योगमाया* उपन्यासमा प्रयुक्त पात्रहरूको अध्ययन गर्न मोहनराज शर्माको पात्र वर्गीकरणको मतलाई लिइएको छ । उनले दिएका पात्र वर्गीकरणका आधारहरू लिङ्ग, कार्य, प्रवृति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धता हुन् । लिङ्गका आधारमा पुरुष र स्त्री गरी दुई प्रकारका हुन्छन् । कार्यका आधारमा योगमाया प्रमुख पात्र हुन् । गङ्गा, प्रेमनारायण, नैनकला, दुखुना सहायक पात्र हुन् । अग्निधर, साना पुरेत, ठूला पुरेत, महानन्द, गिरी, तुलसा आदि पात्रहरू गौण पात्रका रूपमा खाएका छन् । प्रवृतिका आधारमा योगमाया, गङ्गा, प्रेमनारायण, महानन्द, नैनकला अनुकूल पात्र हुन् भने साना पुरेत, ठूला पुरेत, अग्निधर चापागाईं बाजे प्रतिकूल पात्र हुन् । स्वभावका आधारमा योगमाया, अग्निधर, चापागाईं बाजे गतिशील पात्र हुन् भने गङ्गा, प्रेमनारायण, साना पुरेत, ठूला पुरेत, नैनकला गतिहीन पात्र हुन् । जीवनचेतनाका आधारमा गङ्गा, महानन्द, नैनकला, काइँली कमिनी वर्गीय पात्र हुन् भने योगमाया, साना पुरेत, ठूला पुरेत, चापागाईं बाजे आदि पात्रहरू व्यक्तिगत पात्र हुन् । आसन्नताका आधारमा योगमाया, गङ्गा, प्रेमनारायण, साना पुरेत, ठूला पुरेत, दुखुना नैनकला मञ्चीय पात्र हुन् भने महानन्द, श्रीलाल, रघुनाथ, गञ्जबहादुर, जङ्गबहादुर आदि पात्रहरू नेपथ्य पात्र हुन् । आबद्धताका आधारमा योगमाया, गङ्गा, प्रेमनारायण, अग्निधर, नैनकला, दुखुना बद्ध पात्र हुन् भने साना पुरेत, ठूला पुरेत, चापागाईं बाजे, महानन्द, श्रीलाल, रघुनाथ, गञ्जबहादुर, जङ्गबहादुर आदि पात्रहरू मुक्त पात्र हुन् । यिनै पात्रहरूले उपन्यासको कथावस्तु गतिशील बनाउन सहयोग गरेका छन् ।

*योगमाया* उपन्यासमा विकृति र विसङ्गतिको विरोध गर्दै वर्ग विहीन समाज निर्माण गर्ने पात्रहरू एकातिर छन् भने अर्कातिर भ्रष्ट, रूढीवादी, स्वार्थी र समाजलाई खोको बनाउने पात्रको प्रयोग भएको छ  आदर्श पात्रहरूमा योगमाया, गंगा, प्रेमनारायण, महानन्द र योगमायाका अनुयायी रहेका छन् भने अर्काथरी भ्रष्ट पात्रहरूमा चापागाई, ठूलापुरेत, सानापुरेत, भण्डारी दाजुभाइ रहेका छन् । यति हुँदाहुँदै पनि यी पात्रहरूले यी पात्रहरूले आफ्नो वास्तविक धरातललाई छोडेका छैनन् । यसरी पात्रविधानका दृष्टिले यस उपन्यासका पात्रहरू सफल देखिन्छन् ।

# तेस्रो परिच्छेद

## *योगमाया* उपन्यासको कथानकीय भूमिकाको आधारमा चरित्रचित्रण

### ३.१ विषयप्रवेश

*योगमाया* उपन्यास वि.सं.२०७४ सालमा प्रकाशित नीलम कार्की 'निहारिका' को ऐतिहासिक उपन्यास हो । यस उपन्यासलाई आरम्भ भाग, ठूलीहजुर (५५अङ्क) र दुखुना भन्छे शीर्षकमा वर्गीकरण गरी उपन्यासको संरचना निर्माण गरिएको छ । उपन्यासको आरम्भ भागमा आएका पात्रहरू  सूत्राधारको रूपमा मात्रै आएका छन् । उपन्यासको मूल कथानकसँग उनीहरूको कुनै भूमिका रहेको छैन् । योगमाया वृत्तकारीय ढाँचामा संरचित उपन्यास हो । यसमा उपन्यासमा प्रथम पुरुषीय दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस उपन्यासमा धेरै पात्रहरूको प्रयोग गरिएको छ । ती पात्रलाई आधार मानेर हेर्दा यसलाई बहुपात्रीय उपन्यास भन्न सकिन्छ ।  यसमा योगमाया जस्तो निडर, साहसी र इतिहास रच्न सक्ने पात्रलाई नायकत्व प्रदान गरिएको छ । उनले समाजमा व्याप्त सतीप्रथा, दासप्रथा, छुवाछुत, जातीय भेदभाव, वर्गीय विभेदजस्ता कुप्रथा विरुद्धमा आवाज उठाई यस्ता कुप्रथाको अन्त्य गर्न जनतालाई समेत सचेत बनाउने काम गरेकी छन् । यसमा योगमाया उपन्यासको कथानकसँग प्रत्यक्ष रूपमा जोडिएर आएकी छन् । उपन्यासको कथानकलाई गतिशील बनाउने काम पात्रले गरेको हुन्छ । कथानक र पात्र एक अर्काको परिपूरकको रहेका हुन्छन् । यस उपन्यासमा प्रयुक्त पात्रहरूलाई अघिल्लो परिच्छेदमा वर्गीकरण गरेर देखाइ सकिएको छ । त्यसैले यहाँ यिनीहरूको कथानकीय भूमिका र चरित्रचित्रणलाई मात्र समेटिएको छ । यस खण्डमा उपन्यासको कथानकलाई अगाडि बढाउन कुन पात्रले के कस्तो कार्यव्यापार गरेका छन् त्यसलाई प्रस्तुत गरिएको छ ।

### ३.२ चरित्रचित्रणको सैद्धान्तिक आधार

उपन्यासमा प्राण भर्ने काम नै चरित्रचित्रणले गर्दछ उपन्यासका चरित्रले कुनै सामाजिक वर्ग, जाति, पेसा वा मनोवैज्ञानिक  स्तरको प्रतिनिधित्व गरिरहेको हुन्छ उपन्यासमा चरित्रहरूको कथानकसँग सम्बद्ध रहेर गरिन्छ । उपन्यासमा साधारण तया प्रत्यक्ष वा वर्णनात्मक र अप्रत्यक्ष वा नाटकीय पद्धतिबाट चरित्रचित्रण गरिन्छ (बराल र

एटम, २०७९: पृ. ३१) । पात्रलाई देखाउने ढङ्ग चरित्रचित्रण हो । चरित्रले कृतिमा सहभागीलाई जनाउँछ भने चरित्रचित्रणले सहभागीहरूलाई पाठक समक्ष प्रस्तुत गर्ने तरिका वा सहभागीताको अवस्थालाई जनाउँछ । चरित्रचित्रणकै माध्यमबाट हरेक सहभागीहरूका व्यक्तिगत र निजी प्रवृति एवम् गुणलाई स्पष्टयाउने तथा तिनलाई सशक्त र जीवन्त तुल्याउने काम गरिन्छ । उपन्यासमा चरित्र वा पात्रका रूपमा देखिने व्यक्तिहरूलाई सहभागी र तिनलाई देखाउने ढङ्ग वा तरिकालाई चरित्रचित्रण भनिन्छ (लुइटेल, २०६९: पृ. ४८) । चरित्रचित्रणका माध्यमबाट नै आधुनिक उपन्यासकारहरूले केही कलात्मक त्रुटि छ भने तिनलाई ढाकछोप गरी जीवन्त उपन्यासको सिर्जना गर्दछन् । उपन्यासमा प्रस्तुत गर्ने शैली चरित्रचित्रण हो भने पात्रका भरित्रको उद्घाटन गर्ने तरिका चरित्रचित्रण विधि हो । उपन्यासमा प्राण भर्ने काम पात्रको चरित्रचित्रणले गर्दछ । चरित्रचित्रण विधिलाई निम्नअनुसार तीन भागमा विभाजन गरी देखाउन सकिन्छ :

### ३.२.१ प्रत्यक्ष वा वर्णनात्मक विधि

सहभागीहरूको शारीरिक आकृति तथा उसका गुण एवम् विशेषताहरूको प्रत्यक्ष वर्णन गरिने प्रक्रियालाई वर्णनात्मक वा प्रत्यक्ष विधि भनिन्छ । प्रत्यक्ष वा वर्णनात्मक पद्धतिबाट चरित्रचित्रण गर्दा उपन्यासकारले बाहिरबाट चरित्रको स्थिति, सोचाइ, विचार, अनुभव जस्ता कुराहरूमा आफ्नो दृष्टिकोण उल्लेख गर्दछन् (बराल र एटम, २०७९: पृ. ३१) । कति आख्यानकारहरू आफ्ना पात्रका चरित्र र व्यक्तित्व सोझै स्पष्ट शब्दमा परिभाषित गरी दिन्छन् । यस्तो तरिकालाई चरित्रचित्रणको प्रत्यक्ष विधि भनिन्छ (नेपाल, २०११: पृ. ६७) । जस्तैः यसको उदाहरणका रूपमा रुद्रराज पाण्डेको 'रुपमति' उपन्यासलाई लिन सकिन्छ । रुपमति उपन्यासको कथानक र पात्रहरूको बारेमा लेखकले स्वयम्ले वर्णन गरेको देखिन्छ ।

### ३.२.२ अप्रत्यक्ष वा नाटकीय विधि

उपन्यासमा प्रयुक्त भएको संवाद, घटना, वातावरण, प्रकृति चित्रण आदिको माध्यमद्वारा अप्रत्यक्ष रूपमा चरित्रचित्रण गरिएको हुन्छ । अप्रत्यक्ष वा नाटकीय पद्धतिबाट चरित्रचित्रण गर्दा उपन्यासकार टाढा बस्छ र उसका चरित्रलाई आफै परिचित हुने तथा प्रदर्शित हुने उचित अवसर प्रदान गर्दछ (बराल र एटम, २०७९: पृ. ३२) । पात्रको शारीरिक

गठन, उसको चाल-ढाल, हिँडाइ, बोलाइ, पहिरन, रूप रङ्ग आदिको ठाडो विवरण दिनाको साटो कति आख्यानकारले सन्दर्भ, परिवेश र अन्तर्क्रियाहरू प्रस्तुत गर्दा तिनैको अङ्गका रूपमा विभिन्न जुक्ति लगाएर पात्रको व्यक्तित्वबारे सूचनात्मक सङ्केत दिन्छन् । यस्तो तरिकालाई परोक्ष पद्धति भनिन्छ (नेपाल, ई.२०११: पृ. ६९) । रचनाकारले घटनाहरूको प्रस्तुति कथानकलाई गति दिन मात्र नगरेर पात्रको चरित्र विकास तथा तिनका विविध अवस्थाको उद्घाटन गर्नका लागि पनि गर्छ । यसैलाई नाटकीय चित्रण भनिन्छ (न्यौपाने, २०७७: पृ. ४४) । लेखकले व्याख्यात्मक टिप्पणी बिना नै कार्यव्यापारद्वारा सहभागीलाई प्रस्तुत गर्ने प्रक्रियालाई अप्रत्यक्ष वा नाटकीय विधि भनिन्छ ।

### ३.२.३ आत्मकथात्मक विधि

यसलाई उपन्यासका पात्रको चरित्रचित्रण गर्ने महत्वपूर्ण विधिका रूपमा आत्मकथात्मक विधिलाई लिइन्छ । सहभागीहरूका आन्तरिक पक्षको प्रतिनिधित्व गर्ने प्रक्रियालाई आत्मकथात्मक विधि भनिन्छ । यसमा लेखकले वाह्य घटनाद्धारा सहभागीहरूका सक्रिय विचार तथा आवेगहरूको आवश्यक वर्णन गर्दछ (लुइटेल,२०६९:पृ.४८) । पात्रको चरित्र प्रकाशका लागि उसको सामाजिक तथा मानसिक अवस्था, अन्तर्द्वन्द्व, सङ्घर्ष, व्यवहार, आन्तरिक प्रेरणा, जीवनप्रतिको दृष्टिकोण आदिलाई प्रकाशमा ल्याउनु अन्तरङ्ग चित्रण हो (न्यौपाने, २०७७:पृ.४४) । यस विधिमा उपन्यासकारहरूले कथामा घटेका घटनाहरूलाई म पात्रको आफ्नै जीवनमा घटेको घटना जस्तो गरी प्रथम पुरुष दृष्टिविन्दुमा प्रस्तुत गर्दै गएको देखिन्छ । यसको उदाहरणमा विजय मल्लको *अनुराधा* उपन्यासलाई लिन सकिन्छ । उपन्यासमा अनुराधाले आफ्नो आत्मकथालाई प्रस्तुत गरेकी छ ।

निष्कर्षमा भन्दा माथि उल्लिखित विभिन्न विधि चरित्रचित्रणका लागि निकै महत्वपूर्ण देखिन्छ । आधुनिक नेपाली उपन्यासमा अन्य विभिन्न विधिहरू भए पनि वर्णनात्मक, नाटकीय, आत्मकथात्मक विधिलाई चरित्रचित्रण गर्ने महत्वपूर्ण विधिका रूपमा लिइएको पाइन्छ ।

### ३.३ *योगमाया* उपन्यासका पात्रहरूको कथानकीय भूमिका र चरित्रचित्रण

*योगमाया* उपन्यासमा बहु पात्रको प्रयोग गरिएको छ । *योगमाया* उपन्यासको कथावस्तु आदि, मध्य र अन्त्यको क्रममा विकास भएको छ । तीन वटा खण्डमा संरचित यस उपन्यासमा आरम्भ भागमा उपन्यासको पूर्व प्रसङ्ग उल्लेख भएको छ भने दोस्रो खण्डको चौथो अङ्कसम्मको कथावस्तु आदि भाग हो भने दोस्रो खण्डको पाँचौँ अङ्कदेखि उनपचास अङकसम्म उपन्यासको मध्य भाग पर्दछ त्यसै गरी पचासौँ अङ्कदेखि दुखुना भन्छेसम्म उपन्यासको अन्त्य भाग हो ।

उपन्यासको आरम्भ भागमा विदेशी महिला र्बाबरा निम्री अजिज पारिजातलाई भेट्नका लागि उनको घरमा पुगेको, पारिजातको बहिनी सुकन्याले बार्बरा निम्रीको स्वागत गरेको, निम्रीले पारिजातसँगको संवादमा नेपाली नारीको विगत र वर्तमानका बारेमा बुझ्न खोजेको प्रसङ्ग उल्लेख भएको छ । ठूलीहजुर शीर्षकबाट उपन्यासको मूल कथा सुरुवात भएको छ । भोजपुरको दिङ्ला क्षेत्रका न्यौपाने परिवारका तुलसाका बा, आमाको संवादबाट योगमाया आसाम गएको र वर्षौंसम्म भेट नभएको प्रसङ्ग उल्लेख भएको छ । पछि तुलसाको बा दिदी र भान्जीलाई आसामबाट लिएर आएको, तुलसाकी आमा गङ्गाले दिदी र भान्जीको सेवा गरेको, कुरा गर्दै जाँदा योगमायाले आफ्नो विगत सुनाउने क्रममा धोद्लेका ईश्वर पाध्ये कोइरालासँग सानैमा विहे भएको, बुहार्तन खप्न नसकेर माइत बसेको, माइतीको घृणा र लाञ्छना सहन नसकेपछि कडेलसँग आसाम घरजम गरी बसेको, कडेलको मृत्यु भएको केही समय पछि नैनकलाको बाबुसँग पुनः अर्को विवाह गर्नु, नैनकलाको बाबुको पनि निधन भएपछि एक्लिएको कहानी सुनाउनु, योगमायाले आफु भोगवादी जीवनबाट विरक्ति भएर अध्यात्म मार्गमा लागेको जानकारी दिनु, छोरीलाई माइतीमै छोडेर स्वर्गद्वारी घुम्न जाँदा योगमायाका बारेमा गाउँघरमा अनेकौँ नराम्रा कुरा चल्न थाल्नु, आफ्नै भाइले पनि दिदीलाई अनेक आरोप लगाउनु, भाइ बुहारी भने योयमायाको कुराबाट प्रभावित हुनु, स्वर्गद्वारीबाट फर्केर आएपछि मझुवाबेँसीमा कुटी बनाएर तपस्या गर्नु, नैनकलाको बालविवाह भएर पनि बालविधवा हुन पुग्नु, त्यसपछि सतीप्रथा र विधवा विवाहका बारेमा बहस सुरू हुनु, यसका साथै योगमायामा क्रान्तिकारी विचारले प्रवेश पाउनु, समाजका जातीय विभेद र वर्गीय विभेद विरुद्धमा आवाज उठाउनु, अग्निधरको निधनमा गरुडपुराण लगाउन नदिनु, समाज सुधार गर्ने उनको अभियानलाई

प्रेमनारायण भण्डारी, महानन्द भण्डारी र गञ्जबहादुर बस्नेत आदिले साथ दिनु, उनी योग, भजन र भक्तिमा समर्पित हुदै जानु र भक्तजनहरूको सङ्ख्यामा दिनप्रतिदिन वृद्धि हुँदै जानु, वि.स. १९९० सालको भुइँचालोको चर्चा हुनु, प्रेमनारायणले पटक-पटक सरकार समक्ष बिन्तिपत्र चढाए पनि सुनुवाई नहुनु, धर्मराज्य स्थापनाका लागि श्री ३ लाई भेट्न योगमाया आफै काठमाडौं जानु, पशुपतिमा श्री ३ जुद्धशमशेरलाई भेटेर बिन्तिपत्र चढाउनु, काठमाडौंमा पनि योगमायाले ब्राह्मण विरोधीको नाममा गाली खानु, काठमाडौंबाट फर्किएपछि विभिन्न ठाउँमा तिर्थव्रत गर्न जानु, भक्त-भक्तिनीको सङ्गठन निमाण गर्न थाल्नु, आफ्ना मागहरूका बारेमा सुनुवाई नहुँदा सामूहिक रूपमा अग्निसमाधि लिने निर्णयमा पुग्नु, आत्मदाह गर्नेहरूको सङ्ख्यामा दिनप्रतिदिन वृद्धि हुदै जानु, २४० जनाले एकै दिन अग्निसमाधि लिनका लागि खाल्डा खनेर, घिउ, दाउरा सबै तयार बनाई सकेपछि धनकुटाबाट आएको बडाहाकिमको टोलीले योगमाया लगायत उनका अनुयायीलाई जेल हाल्नु, जेलबाट छुटेपछि भक्त र भक्तिनीहरूले गोप्य रूपमा योजना बनाई वि.स. १०९८ असार महिनाको हरिशयनी एकादशीका दिन योगमाया लगायत ६७ जना अनुयायीका साथमा अरुण नदीमा सामूहिक रूपमा जलसमाधि लिएसँगै उपन्यासको कथावस्तु टुङ्गिएको छ ।

प्रस्तुत उपन्यासमा विभिन्न घटनासँगै नयाँ-नयाँ पात्रहरू आएका छन् । उपन्यासमा धेरै पात्रहरूको प्रयोग गरिएको भए पनि यहाँ उपन्यासमा प्रतिनिधि भूमिका खेल्ने पात्रको मात्रै अध्ययन गरिएको छ । उपन्यासका प्रमुख, सहायक र गौण पात्रहरूको चारित्रिक विशेषताको आधारमा निम्नअनुसार विश्लेषण गरिएको छ ।

### ३.३.१ प्रमुख पात्र

उपन्यासमा सबैभन्दा बढी भूमिका खेलेका पात्रहरूलाई प्रमुख पात्र भनिन्छ । *योगमाया* उपन्यासमा सबैभन्दा बढी भूमिका योगमायाको रहेको छ । त्यसैले उनी यस उपन्यासकी प्रमुख पात्र हुन् । यिनै प्रमुख पात्र योगमायाको चरित्रचित्रणलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

### (१) योगमाया

योगमाया यस उपन्यासकी प्रमुख पात्र हुन् । योगमाया बालविवाहिता हुन् । उनी घरको बुहार्तन खप्न नसकेर माइतीमा आएर बस्छिन् । माइतीमा गाली, लाञ्छना, अवहेलना हेला सहन नसकेर योगमाया कडेलसँग आसाम जान्छिन् । कडेलसँग विवाह गरेको केही वर्षपछि पतिको मृत्यु भएपछि योगमाया विधवा बन्न पुगेकी छिन् । कसैको सहारा नपाएपछि उनी अर्को विवाह गर्छिन् । दोस्रो पतिको पनि निधन भएपछि योगमायाले अत्यन्तै दुःख पाउँछिन् । जीवनको लामो समय आसाममा बिताएकी योगमाया दशकौ पछि माइतीमा आएकी छिन् । योगमायाकी एउटा छोरी पनि छिन् । योगमाया वृद्ध पात्र हुन् । नातिनी जत्री लिएर माइतीमा आएकी छ भनेर गाउँलेले कुरा काटेका छन् । यस भनाईले योगमायाको उमेर पाको भएको सङ्केत गरेको छ । योगमाया अस्तित्ववादी पात्र हुन् । जीवनमा सङ्घर्ष गर्दागर्दै योगमायाले भजन किर्तन सुन्ने, साधु-सन्तका जागरण र स्वतन्त्रताको कुराले योगमायामा अस्तित्वबोधको विकास भएको छ । अन्धविश्वास र कुरीतिले समाजलाई भित्रभित्रै खोक्रो बनाएको देखेर योगमायाले यस्ता समाजका कुरीति र कुसंस्कारलाई हटाउने सोच बनाउँछिन् । पुरुषप्रधान समाजमा नारीलाई गर्ने असमान व्यवहारलाई लिएर योगमाया आफ्नो आलोचकीय मतलाई यसरी प्रस्तुत गर्छिन् :

> "कति अत्याचार । मर्दानाले मन लाग्दो गर्नुहुने । मोजमस्तीको लागि आठ-दशवटी जति जोई राख्न हुने । जनाना भने मर्नभन्दा बहुलाउन निको ठानेर एकबाट दुई भो भने बिग्रिएकी हुने ? मर्दना र जनानामा किन फरक-फरक नियम । उसले जे जात ल्याए पनि माथिको माथि, स्वास्नी मान्छे भने लाग्नेमान्छेको जातअनुसार जात झर्ने ?" (पृ. १०९) ।

समाजले बनाएका नियम, बन्धन नारी पुरुषमा बराबर रूपमा लागु हुनु पर्ने कुराको प्रस्तुति भएको छ । योगमाया विद्रोही पात्र हुन् । योगमायाले विना गल्ति अन्याय सहेर बस्ने होइन् यसको सामना गर्नु पर्छ भनेकी छन् । उनी अन्याय र अन्यायको चर्को विरोध गर्छिन् । उनी "अन्याय सहेर बाँच्नुभन्दा न्यायको निम्ति रेटिनु बेस" (पृ.११९) । भन्दै अन्याय सहेर बस्नु भनेको कायरता हो न्याय खोज्दा खोज्दै ज्यान जान्छ भने स्वीकार छ तर अन्याय सहेर नबस्ने कुरामा दृढ छिन् । कसैले बाटो छेक्छ भने त्यसको डटेर सामना गर्छु भन्ने सङकल्पका साथ अगाडि बढेकी छन् । समाजमा फैलाइएको अन्यायको जालोलाई हटाउन

उनी अग्रसर बनेकी छन् । त्यसैले उनी विद्रोही चेत भएकी पात्र हुन् । योगमायाको यो विचारमा आत्मकथात्मक विधिको प्रयोग भएको छ ।

योगमाया धार्मिक पात्र हुन् । उनले विभिन्न ठाउँमा तिर्थव्रत, योगसाधना, साधु-सन्तको सङ्गत आदि गरेको देखिन्छ । उनी  महिना दिनसम्म केही नखाएर तपस्या गर्छिन र त्यसबाट जीवन दर्शन प्राप्त गर्छिन् ।

> "यो शरीर खोल हो । आत्मा मुख्य हो । हामी जेजति आर्जन गर्छम् यहीँ छाडी जाने हो; आत्माले बोकेर लाने कर्म मात्र हो । हामी जाँ छौ; जे छौ; ईश्वरले लिइरहेको परीक्षामा छौ । चोरी गर्नु हुन्न; झुटो बोल्नु हुन्न; अरूलाई नोक्सान पुराउनु हुन्न; गलतबाट निस्किएर सात्विक गुण समाउनुपर्छ । धर्म, अर्थ, काम र मोक्षलाई बुझ्नु पर्छ । यो परीक्षामा खरो उत्रिन सकेमा जन्म मृत्युको चक्रबाट मुक्त हुन्छौँ । मुक्ति पाउँछौ । जस्तो कर्म गरिन्छ त्यहीअनुसार फल पाइन्छ । असल कर्म गरे ईश्वर भेट्न सकिन्छ । म कठोर योगसाधना गर्नेछु । कर्मबाट, तपस्याबाट, भक्ति मार्गबाट ईश्वरलाई भेट्नेछु । म भक्त भएँ । मेरो प्रेम ईश्वर हो" (पृ.१३७) ।

योगमायाले रूढीवादी परम्पराबाट जगडिएको हाम्रो समाजका मानिसहरूले आत्मा तत्वलाई चिनेर धर्म, अर्थ, काम र मोक्षलाई चिन्नु पर्ने विचार व्यक्त गरेकी छिन् । आफूले जतिसूकै दुःख पाए पनि, गाली खाए पनि अरूको कुभलो नचिताउने भएकाले योगमाया अनुकूल पात्र हुन् । उनी तत्कालीन समाजमा रहेको जातीय विभेद र छुवाछुतको अन्त्य गर्न चाहन्छिन् ।

योगमाया उदारवादी पात्र हुन् । उनले निम्न वर्गको अधिकारको लागि बोली दिएकी छिन् । सबैलाई समान व्यवहार गरेकी छन् । भेदभाव र छुवाछुत, अपहेलना कसैलाई नगर्ने मानवीय संवेदना भएकी पात्रका हुन् भनेर महानन्दले योगमायाको उदारवादी चरित्रलाई पुष्टि गरेका छन् । यसमा अप्रत्यक्ष वा नाटकीय विधिको प्रयोग  भएको छ ।

"सामन्तअघि नडराई गरिब-दुःखीका आवाज बोलिदिनुभा'को छ । सबैलाई समान प्रेम बाँड्नुहुन्छ, धनी, गरिब, जातपात, उच-निच केही भनने छैन उहाँका द्वारमा । एक

समान, एकै आँखाले हेर्नुहुन्छ । दुःखीको दुःख बाड्ने चौतारो हुनुभा'छ । अन्यायमा बोल्न सिकाउनुभा'छ" (पृ. १५५) ।

योगमाया परिवर्तकारी पात्र हुन् । समाजका परम्परागत सोच, रूढीवादी विचारलाई उनी परिवर्तन गर्न चाहन्छिन् । यस्ता विचारलाई हटाउन चेतना फैलाई रहेकी छन् । जसलाई निम्न तथ्यले पुष्टि गरेको छ । प्रस्तुत भनाईमा योगमायाको चरित्रलाई प्रस्तुत गर्न प्रत्यक्ष वा वर्णनात्मक विधिको प्रयोग गरिएको छ ।

> "अन्धविश्वासको वृक्षले तलैसम्म जरो गाडेको छ । त्यस्तो रूख ढल्न समय लाग्छ । ढल्न अवश्य ढल्छ; त्यसलाई ढाल्न लगातार प्रहार गर्नुपर्छ ; छोड्नु हुन्न । नढली सुख छैन । ढाल्ने हो मानवताले, चेतनाले, ज्ञानले र धर्मका मार्गले" (पृ. १५१) ।

प्रस्तुत कथ्यले समाजका कुरीतिलाई एकै पटक परिवर्तन गर्न सकिदैन । समाज सुधार गर्न ज्ञानको ज्योती फैलाउदै जानु पर्छ, मनभित्रको अज्ञानता हटाउनु पर्छ, अन्धविश्वास जस्तो कुरीति लाई जरैबाट उखेल्न निरन्तर प्रयास गरी राख्नु पर्छ अनि मात्रै सभ्य समाजको निर्माण गर्न सकिन्छ भन्ने योगमायाको विचारलाई समाख्याताले प्रष्ट पारेकी छन् । यसमा आख्यानकारले योगमायाको चरित्रको वर्णन गरेकोले यसमा प्रत्यक्ष वा वर्णनात्मक विधिको प्रयोग भएको छ ।

योगमायाको अर्को लक्ष्य नारीमुक्तिको चाहना हो । तत्कालीन समाजमा धर्मको नाममा कसैलाई नारी जिउदै जलाउन पाइदैन । सती भनेको जनानामाथि मर्दनाको ठूलो अन्याय हो भन्दै योगमायाले यसको विरोध गरेकी छन् । "छोरी-चेलीलाई खसमको चितामा जल्नबाट जोगाउनु त एक मुख्य काम नै भो" (पृ.१६७) । यस भनाईले हाम्रो छोरी चेलिलाई हामीले नै जल्नबाट जोगाउनु पर्छ । बालविधवा भएर एक्लै बसेका छोरी-चेलिहरूले चाहेमा अर्को विवाह गरी दिने प्रबन्ध मिलाउनु पर्छ । बालिकालाई कन्यादान गरे धर्म हुन्छ भन्ने चलन हटाउनु पर्छ अनि मात्रै छोरी-चेलिको उद्धार हुन्छ भन्ने विचार व्यक्त गरेको छ । परम्परागत रूपमा चलि आएका कुरीति, कुप्रथा र विसङ्गतिलाई हटाउन योगमाया निरन्तर प्रयासमा लागेकी छन् । सरकारबाट नै सतीप्रथा र दासप्रथाको उन्मूलन भएको घोषणा भए झै एक दिन जातीय विभेद र लैङ्गीक विभेद वर्गीय विभेदको पनि अन्त्य हुनेछ भन्दै योगमायाले समाजमा निरन्तर सचेतना फैलाई रहन् काम गरेकी छन् । योगमाया भन्छिन्

"हिड्ने बाटा अप्ठारा छन् भनेर डराउने पक्षमा छैनौं अत्याचारको विरोध गर्छौं । धर्मको नाममा लुट्ने र शोषण गर्ने हाम्रो लक्ष्य होइन । ईश्वरका भजन गाउँछौ र गाउँछौ अत्याचारको विरोधमा गीत पनि । ईश्वर आराधना गर्दै समाज सुधार हाम्रो मुख्य ध्येय हो" (पृ. १९५) ।

योगमाया एउटा साहसी र कर्मठ पात्र हुन् । जीवनमा जतिसूकै अप्ठारा आए पनि विरोधीले बाटो छेके पनि समाज सुधार गर्ने आफ्नो लक्ष्यमा निरन्तर लागेकी कर्मवादी पात्र हुन् ।  उनको विरोध व्यक्तिसँग भन्दा पनि गलत शिक्षाप्रति हो, समाजमा जरा हालेर रहेको कुरीति माथि हो । खराबीलाई फाली असल संस्कारलाई स्थापना गर्नु योगमायाको मुख्य लक्ष्य हो । जसरी पुरोहितले आफ्नो फाइदाको लागि सोझसाझाको आँखामा अन्धविश्वासको जालो फिँजाएका छन् त्यो जालोलाई तिनै पुरोहित हटाउनु पर्छ भन्ने धारणा योगमायाको छ । उनी ब्राह्मणहरूलाई गरुडपुराण लगाउने, सकी नसकीदान गर्न लगाउने, पितृलाई बैतर्नी तार्ने जस्ता भ्रम छरी धर्मको नाममा गरीबमाथि शोषण नगर्न आग्रह गर्छिन् ।

"यसरी दुःख बोकेर बसेको बेलाँ नानाभाती भनेर डर, त्रास देखाएर बाँचेकालाई ऋणको भारमा डुबाएर दान गर्न लाउने त्यस्ता थोत्रा ज्ञान नबाँड पुरेत" (पृ.२०२) ।

योगमायाले मार्गदर्शकको भूमिका निर्वाह गरेकी छन् । दुःखमा परेकालाई साथ दिनु, समस्याको समाधान निकाल्नु, शोषक सामन्तीको विरोध गर्नु योगमायाको दिनचर्य बनेको छ । योगमाया बालविवाह गरेर त्यस्तो दुःख झेलेर पनि छोरीको पनि बालविवाह गरी दिएकोमा उनलाई ठूलो पश्चाताप भएको छ । योगमाया कुसंस्कार, कुरीति, जातीय विभेद, वर्गीय विभेद सबै सिङ्गो राज्यको समस्याको रूपमा लिन्छिन् । गाउँमा मात्रै सचेतना गीत गाउँदैमा, गाउँले मात्रै सचेत भएर हुदैन । यस्ता विभेदको अन्त्य गर्न राज्यले ऐन नियम बनाएर जारी गर्नु पर्छ । उनी भन्छिन् ।

"गरिब निमुखा सम्पन्नहरू बन्धक नै छन् । जात काढ्ने-मुडेने चलन ज्यूँका त्यूँ छ । छुवाछुत जातपातको भेदभावले मान्छेको जन्म यही लोकमा नर्क बनाएकै छ । हाम्रा गौचरन मासिएर शोषकका नाममा दर्ता छन् । घुसको लौरी टेकेर कानुन हिड्छ । चक्रवृत्ति ब्याज र अन्य पच्चिसाले गरिबका ढाँड भाँचेको भाँचै छ । जनाना र शूदै भनिएकाहरूलाई पनि त शिक्षा ज्ञान वर्जित छ । वेद कुनै जातिको पेवा हो ? सबैले

वेद पढ्न पाउनुपर्छ । किसानलाई नगदमा तिरो तिर्नमा समस्या परेको छ" (पृ. २४४) ।

वर्गीय समाजमा निम्न वर्गमाथि उच्च वर्गले गरेको शोषणका विरुद्धमा योगमायाले आवाज उठाउने काम गरेकी छन । यस्ता समस्याबाट गाउँ समाज मात्रै मुक्ति पाएर भएन राज्यलाई नै यस समस्याबाट मुक्ति दिलाउनु पर्छ । यस्ता कुरीति हटाउने ऐन माथिबाट राज्यले बनाउनु पर्छ भन्दै योगमायाले सम्पूर्ण समस्याहरूको समाधानका लागि भिक्षापत्र लेखी सरकार समक्ष पठाउँछिन् । त्यसैले योगमाया जीवनवादी पात्र हुन् । धर्मभिक्षा जस्तो मागलाई राज्यको ढोकासम्म पटक-पटक पुऱ्याउन खोजेकी छन् । योगमायाले समाजमा जरा हालेर बसेको अन्धविश्वास, रूढीवादी परम्परा, विकृति र विसङ्गतिलाई हटाई सभ्य समाज निर्माण गर्न दोजेकी छन् । त्यसैले देश र समाजका लागि आत्मबलिदान दिन सक्ने साहसी र त्यागी पात्रका रूपमा योगमायालाई लिन सकिन्छ । योगमायाले पठाएको बिन्तीपत्र सरकार पक्षले स्वीकार गर्दा धर्मराज्य स्थापना हुन्छ भन्ने कुरामा उनी आशावादी हुन्छिन् । राज्यले नयाँ मुहार फेर्न पाउने कुरामा उनी विश्वस्थ हुन्छिन् ।

> "बेथिति, थिचोमिचो, अत्याचार उकुसमुकुस ! हपहपी गर्मी हुन्छ सम्झेर ल्याउदा ! पहलिकदम एक पाइलो पनि रोक्न हुन्न । अर्को कुरा सुधारका द्वार धर्मबाटै खोल्नुपर्छ । धर्मबाट नै समाधान खोज्नुपर्छ । धर्मको मार्गमा चले सर्वत्र सुखशान्ति मिल्छ । यस्तो सुख दिगो हुन्छ । उहिलेदेखिन् गाउँमा सुधारका दिया बाल्ने प्रयास गरियो । कति सुतेकालाई जगाइयो बसेकालाई हिँडाइयो मनमा उज्यालो बाल्ने कोसिस थ्यो त्यो । जताततै अँधेरो चिर्ने उज्यालो त सरकारसँग छ । एकसाथ सबैतिर झिलिमिली पार्ने उसले हो । तर, त्यहाँ नै डम्म कालो बादल लागेपछि अन्धकार हुने नै भो ! राको बालेर उज्यालो माग्नेछम् । त्यहाँ उघ्रियो भने सबैले न्यानो र उज्यालो पाउनेछन् । घरघराँ एक समान न्यानो । एक समान उज्यालो । ती पाउनु प्रजाका अधिकार पनि हुन् । नत्र खोई न्याय" (पृ.३३३) ?

योगमायाले धर्मको पालना सबैलाई समान हुनुपर्छ भन्दै धर्मको माध्यमबाट छुवाछुत, वर्गीय विभेद, जातीय विभेदको अन्त्य गरी धर्मराज्य स्थापना गर्ने सोच बनाएकी छन् । धर्म चिन्ह पठाएको लामो समय भए पनि सरकार पक्षबाट कुनै कुराको सुनुवाई नहुँदा योगमाया भिक्षापत्र लिएर आफै काठमान्डौं जान्छिन् र जुद्धशमशेर समक्ष बिन्ति बिसाउँछिन्

।योगमायाको यस्तो वाणी सुने पछि श्री ३ ले धर्मभिक्षा दिए भन्ने वचन दिन्छन् । योगमाया र उनको भक्तहरू हर्षका साथ रेल चढेर मझुवाबेसीँ फर्किन्छन् । समय बित्दै जान्छ तर माथिबाट काम हुदैन् । सोझा साझा जनताले बोल्न नपाउने तत्कालीन समयमा भक्तनीको कुरालाई शोषक शामन्तले के पुरा गर्थे र ? पापीहरूले झुठो आश्वासन मात्रै देखाए । यस कुराले योगमायामा ठूलो निराशा छाउँछ ।

> "कहिले धर्मचिन्ह पठाएर झुक्काए; भुलाए । कहिले मैरै सामुन्ने कबोल गरेर पनि ती वचनका पक्का भएनन् । न्यायका माग सुनिएनन् । बेवास्ता भए । तिनले कानमा तेल ठोकी बसे । समाज ज्यूँका त्यूँ ! अधर्मीका अधर्म उस्तै । अब तिनका बाटो हेरेर बसी केही हुँदैन । समाज सुधारलाई हाफ्नो तपस्याकै अंश सम्झेकी थेँ । मेरो कर्मयोग साधना भनुम् । पटक-पटक भिक्ष माग्दै काठमाण्डु धाएर पनि साधना सिद्ध हुने देखिनँ । कहिले फूल दिएर त कहिले मोटर रेल चढाएर फिर्ता पठाउँछन् । साधुलाई सुनले किन्न खोज्छन् । अब यिनीहरूबाट साँचो धर्मभिक्षा पाउन मैले आफै अग्निमा प्रवेश गरी प्राण त्याग गर्नुपर्छ भन्नेमा छु । मलाई मर्नमा कुनै सन्ताप छैन । आखिरी यो लोकमा प्राण लेर जन्म भएपछि नमरी हुदैन । एक त मलाई यी पापीका  राज्यमा बाच्नुभन्दा मर्नु श्रेयष्कर लाग्दै गो । एक दिन मर्नै छ त म अब यी पापीको दुनियाँमा नरहने निर्क्योलमा पुगेँ" (पृ.३९०)

उपन्यासको अन्त्यमा योगमायामा निराशावादी विचार आएको छ । लैङ्गीक विभेद, वर्गीय विभेद, जातीय विभेद अन्त्य गरी वर्गविहीन समाज निर्माण गर्ने योगमायाको इच्छा पुरा हुन सकेको छैन । धर्मको नाममा शोषण गर्ने, जनभावनाको सम्मान नगर्ने शोषक सामन्तीको राज्यमा बाच्नुभन्दा मर्नु उत्तम ठानेकी योगमायाले आफ्ना अनुयायीहरूका साथमा अग्निसमाधि लिने निर्णय गरेकी छन् ।

देश र समाजको कल्याणका लागि आत्मबलिदान गर्न सक्ने योगमायालाई एक साहसी र उदार पात्रका रूपमा लिन सकिन्छ । योगमायाले आत्मदाह गर्ने कुरा सबै ठाउँमा फैलिएपछि माथिबाट बडाहाकिम पठाएर रोक्न लगाउँछन् र योगमाया लगायत उनका भक्तहरूलाई कैद गरेर लिएर जान्छन् । योगमायाले धर्मराज्य माग्दा झ्यालखाना दिने देशमा न्यायको आशा गरेर कहाँ पाउँथिन र ? मान्छेलाई बन्दी बनाउँदैमा उसको विचारलाई कहाँ बाध्न सक्थे र शोषकहरूको पतनको लागि भए पनि आत्मबलिदान दिनै पर्छ भन्ने शक्ति

योगमाया र उनका भक्तहरूमा थपिएको छ । उनी भन्छिन् । “धर्मको उदय, राणा र अधर्मको पतनका लागि हाम्रो प्राण आहुतिले निकै सघाउनेछ” (पृ. ४६१) । जेलमा परे पनि बन्दी बनाए पनि योगमायाले न्यायको लागि आवाज उठाउन छोड्छिनन् । आफ्ना सबै भक्तहरू जेलबाट छुटेपछि योगमाया लगायत छैसट्ठी जना भक्तहरूले १९९८ असार महिनाको हरिशयनी एकादशीका दिनमा जलसमाधि लिएर देह त्याग गरे । योगमायाले प्रस्तुत गरेको अन्तिम वाणी

अधर्मको नाश होस् !
धर्मराज्य स्थापना हास् !
अधर्मको अन्त्य हुनेछ ।
धर्मको उदय हुनेछ !

राम्रो काम गर्नेलाई राज्यले कहिले पनि अवसर नदिएको तर सत्यको जीत एक दिन अवश्य हुनेछ भन्ने सङ्केत योगमायाको प्रस्तुत वाणीले गरेको छ । निरङ्कुश राणा शासनको अन्त्य हुनेछ भन्ने योगमायाको धारणा रहेको छ । ढिलै भए पनि सत्य धर्मको उदय हुने योगमायाको विचार प्रस्तुत भएको छ । यस उपन्यासको कथावस्तु योगमायाको क्रान्तिकारी एवम् परिवर्तनकामी विचारमा घुमेको छ । योगमाया उपन्यासमा विभिन्न खालका परिवेश पनि आएका छन् । ग्रामीण परिवेशका रूपमा अरुण वरिपरीको क्षेत्र आएको छ । काठमाडौँ पशुपति क्षेत्र वरिपरी र वीरगन्ज, जोगजनी, विराटनगर, इटहरी सहरी परिवेशका रूपमा आएका छन् । त्यस्तै यस उपन्यासमा अशिक्षित, रूढीवादी, बालकैमा कन्यादान गरेमा धर्म हुन्छ भन्ने नेपाली समाजको चित्रण गरिएको पाइन्छ । शिवपुराण, अग्निीपुराण, गरुडपुराण लगाउने तिर्थव्रत गर्ने जस्ता धार्मिक परिवेशको पनि प्रस्तुती पाइन्छ । योगमाया उदार हृदय भएकी पात्र हुन् जसले अरुको भलाईमा आफ्नो सम्पूर्ण जीवन व्यतीत गरेकी छन् । नारी मुक्ति र समाज सुधारमा गरेको उनको योगदान अविस्मरणीय छ ।

समग्रमा योगमाया यस उपन्यासकी प्रमुख पात्र हुन् । उनी समाज सुधार गरी विभेदरहित समाज निर्माण गर्ने साहसी, देशप्रेमी, न्यायप्रेमी पात्र हुन् । योगमाया अन्याय र अत्याचारको विरोध गर्ने क्रान्तिकारी पात्र हुन् । उनी परम्परागत मुल्य मान्यता तथा रूढीवादी विचारलाई परिवर्तन गर्न चाहने परिवर्तनकारी पात्र हुन् । योगमाया समाजको

मात्रै हैन सिङ्गो देशको भलाईका लागि आत्म बलिदान दिन सक्ने ऐतिहासिक पात्र हुन् । योगमायाको चरित्रचित्रणमा प्रत्यक्ष वा वर्णनात्मक, अप्रत्यक्ष वा नाटकीय र आत्मकथात्मक विधिको प्रयोग गरिएको छ । पुरुष प्रधान समाजमा जातीय विभेद र वर्गीय विभेदको विरोध गर्न सङ्घर्षशील योगमाया नारीमुक्तिको लागि आवाज उठाउने सत् पात्र हुन् ।

### ३.३.२ सहायक पात्र

*योगमाया* उपन्यासमा प्रमुख पात्रको सहयोगी भएर गङ्गा, प्रेमनारायण, नैनकला र दुखुना सहायक पात्रका रूपमा आएका छन् । यिनै सहायक पात्रहरूको चारित्रिक विशेषतालाई निम्न रूपमा प्रस्तुत गरिएको छ :

#### (१) गङ्गा

गङ्गा *योगमाया* उपन्यासकी सहायक नारी पात्र हो  गङ्गा यस उपन्यासमा म पात्रका रूपमा प्रस्तुत भएकी छन् । यस उपन्यासमा गंगाले सुरुदेखि अन्त्यसम्म सक्रिय भूमिका निर्वाह गरेकी छन् । गङ्गाले योगमाया उपन्यासमा गंगाले अग्निधरको श्रीमती, तुलसा, गिरी र दुखुनाको आमा र योगमायाको भाइ बुहारीको भूमिका निर्वाह गरेकी छिन् । गंगाले आसाममा एक्लै परेकी आफ्नो आफ्नी आमाजु (योगमाया) दिदीलाई माइती लिन जान आग्रह गरेकी छन् । योगमायालाई आमाले गर्ने माया जस्तै माया गरेकी छिन् । गङ्गाले सामाजिक कुरीतिको अन्त्य गर्ने अभियानलाई साथ दिएकी छिन् साथै जातीय विभेदलाई हटाउन आफ्नै घरबाट सुरू  गरेकी छन् । समाजलाई असर गर्ने कुनै पनि काम नगरेकाले गङ्गा यस उपन्यासकी अनुकूल पात्र हुन् । गङ्गा सचेत नारी पात्र हुन् । राम्रो कार्यमा साथ र सहयोग गर्न र नराम्रो कार्यको विरोध गर्न सक्छिन् । घरव्यवहार सम्हाल्नु, खेतिपाती गर्नु, वस्तुभाउको स्याहार गर्नु गङ्गाको दैनिकी हो । पति अग्निधरको निधन भएर विधवा भएकी गङ्गामाथि ठूलो दुःख आइपर्छ ।  उनी जिम्मेवार नारी पात्र हुन् । पतिको निधन भएपछि एक्लै घर व्यवहार चलाएकी छन् । गाउँमा माहामारी फैलिदा छोरी तुलसा र छोरो गिरी त्यसै माहामारीको कारण हुँदा गङ्गामाथि अर्को वज्रपात आई पर्छ । दुःखैदुःखले गङगामा निराशा छाउँछ । आफ्नो सम्पूण धनसम्पत्ती, ब्राह्मण जातलाई समेत त्यागेर कुटीमा बस्न थाल्छिन् । आफ्नो बाकी जीवनलाई मानवसेवा लगाएकी गङ्गाले योगमायाको

अनुयायी बनेर काम गरेकी छिन् । धर्मराज्य स्थापना गर्न गङ्गाले पनि आत्म बलिदान दिएकी छिन् ।

गङ्गा योगमायाको सकारात्मक विचारले प्रभावित पात्र हुन् । गङ्गा परिवर्तनकारी पात्र हुन् । उनले समाजका रूढीवादी परम्पराको सुक्ष्म रूपमा विरोध गरेको देखिन्छ । एउटै आमाका छोरा छोरी भएर पनि एउटै ठाउँमा बसेर खाना खान नहुने भन्ने श्रीमानले कुरा सुनाउदा उनी भन्छिन् । “पहिला नै माथि चौकामा बसालिसकेँ; अब हटाएर तल सार्ने कसरी मैले ? नराम्रो लाग्दैन होला दिदीलाई त्यसो गर्दामा” (पृ.६१) ? प्रस्तुत तथ्यमा आफ्नै छोरी चेली हो, जातीयताको नाममा भेदभाव गर्नु हुदैन । समाजका कुरा सुनेर आफ्नो दिदीको मन दुखाउनु हुन्न भन्ने गंगाको विचार प्रस्तुत भएको छ । गंगाले जातीय विभेदको अन्त्य गर्न आफ्नै घरबाट सुरुवात गरेकी छन् । आफ्नो पतिले दिदी (योगमाया) लाई चौकामा नराख्न आग्रह गर्दा गंगाले त्यसको सोझै प्रतिकार गरेकी छन् । यस विचारले गङ्गामा समाज सुधारको भावना जागृत भएको बुझ्न सकिन्छ । गङ्गा मानवीय पात्र हुन । उनले आफ्नो आमाजु दिदीलाई आमाको जस्तो माया दिएकी छन् । योगमायाले देखाएको सत्यधर्मको बाटामो हिडेकी गङ्गाले योगमायाका हरेक काममा तन मनका साथ सहयोग गरेकी छन् ।

गङ्गा निडर र साहसी पात्र हुन् । जात काढ्छन्, कूल रिसाउँछ भन्ने डरले अग्निधरले गंगालाई दिदी भएको ठाउँमा नजान आग्रह गर्दा उनी आफ्नो श्रीमानलाई सम्झाउँछिन् ।“कुरा तपैँले बुझ्नु । उहाँ तपैँको साख्खै दिदी हो । आफ्ना भाइले नै नबुझेर कसले बुझ्ने ? किन डराउनुहुन्छ बित्थामा । सही सत्य बाटो हिँड्न डराउनु पर्दैन” (पृ.१८३) । सही र सत्य बाटोमा हिँडेकी दिदीलाई भाइले साथ र सहयोग गर्नु पर्छ । समाजले के भन्छन् भन्ने सोच्नु राख्नु हुदैन, दिदीले गर्न लागेको समाज सुधारको कार्यमा हामीले पनि साथ दिनु पर्छ भन्ने परिवर्तनकारी विचार गङ्गाले व्यक्त गरेकी छन् । समाज परिवर्तन र जातीय भेदभावको अन्त्य गर्ने अभियानको सुरुवात गङ्गाले आफ्नै घरबाट गरेकी छन् । उनी आफ्नो श्रीमानलाई रूढीवादी सोचबाट बाहिर ल्याउने कोशिस गर्दै छिन् । उपन्यासमा गङ्गा चेतनशील नारी पात्रका रूपमा चिनिन्छिन् । उनको चेतनशील विचारको प्रस्तुति निम्न कथ्यबाट भएको छ ।

"हो, सङ्गतकै फल हो । न्यायको कुरा गर्नु सङ्गतकै फल त हो । सङ्गत गर्ने सौभाग्य नपाको भए कहाँ खुल्दो र'छ र यी आँखा ? मेरा मात्र होइनन् जगतकै आँखा खोल्दिनुभा'छ ठूलीहजुरले" (पृ.१८७) ।

योगमायाको सङ्गतले गङ्गामा पनि बोल्ने साहस थपिएको थियो । गङ्गाको प्रस्तुत विचारमा अप्रत्यक्ष वा नाटकीय विधिको प्रयोग भएको छ । गङ्गामा राम्रो कुरालाई प्रोत्साहन र नराम्रो कुराको प्रतिकार गर्न सक्ने क्षमताको विकास भएको देखिन्छ । समाजले फिजाएको अन्धविश्वासको पर्दालाई ज्ञानको ज्योतिले खोलिदिएको कुरा गङ्गाले व्यक्त गरेकी छन् । पुरुषको हरेक कुरामा मन परेको छैन भने पनि सहमति गर्नु पर्ने समाजबाट माथि उठेर नारीहरू पनि आफ्नो विचारलाई प्रस्तुत गर्न सक्ने भएको तथ्य माथिको गंगाको संवादले प्रस्ट पारेको छ । गङ्गाले अचानक श्रीमान गुमाउँछिन् । त्यसको केही समयपछि छोरी तुलसी र छोरा गिरीलाई पनि गुमाउन पुग्छिन् । पुछिएको सिउँदो र उजाडिएको काख सम्झेर गंगाका रातदिन रोएर जान थाले । उनी जीवनमा एक्लै रोएर बस्नु भन्दा आफ्नो सारा जीवन मानव सेवामा लगाई ईश्वरको नाम जपेर बस्न उत्तम ठान्छिन  उनीले सांसारिक माया मोहलाई त्यागेर ईश्वरीय सुखलाई प्राप्तगर्न कुटीमै ध्यान गरेर बस्छिन् । जातभात भनेर भेदभाव गर्ने समाजको जातलाई त्यागेर गङ्गा स्वतन्त्र भएकी छन् । गंगाले आफ्नो भौतिक सम्पत्ति त्यागेर परम् सत्यको खोजी गरेकी छन् । उनी आफुलाई सांसारिक मायाबाट मुक्त गर्ने कोशिस गर्दै छिन् ।

"मैले हठ कसेँ; मन बाँधेँ । आफ्ना निजी दुःखमा डुबेर शोक गरी बस्ने छैन । जति बाटो हिँड्छु, ठूलीहजुरले देखाएकै बाटोमा हिँड्छु । दुखीको सहारा बन्छु । अत्याचारमा ठूलीहजुर झै अरू खुलेर निडर भएर लड्छु" (पृ.२३१) !

यस कथ्यमा गंगा भन्छिन् अब रोएर बस्दिन आफ्नो बाँकी जीवन मानव जातिको हितमा लगाउनेछु । यसमा चरित्रचित्रणको आत्मकथात्मक विधिको प्रयोग भएको छ । अन्याय र अत्याचारको डटेर विरोध गर्छु, धर्मको मार्गमा अगाडि बढ्न योगसाधना गर्छु, समाज सुधार गर्ने कार्यमा अझ बलियो भएर उभिनेछु । गङ्गालाई आफ्नो जीवनको दुःखलाई शक्तिमा बदलेर अगाडि बढ्न सक्ने साहसी पात्रका रूपमा लिइन्छ । उनी योगमायाको भक्त भएर कुटीमा बस्न थालेकी छिन् ।

तृष्णा ठूलो गोठ रहेछ जाते
ठेको शरीर हो मन हो मदाने.. (पृ.३६५) ।

मान्छे जतिसूकै सम्पन्न भए पनि मरेर जाँदा रितै जाने हो । धन सम्पत्ति त हातकामैला मात्रै हो । सँगै जाने त आफुले गरेको कर्म मात्र हो । धर्मराज्य स्थापना गरेर पुण्य कमाउनु भन्ने विचार गङ्गाले व्यक्त गरेकी छिन । योगमायाका प्रत्येक कार्यमा हित्तचित्तका साथ सहभागी भएकी गङ्गा यस उपन्यासको सहायक पात्र हुन् । घर बलियो हुनको लागि घरको जग बलियो हुनुपर्छ भनेझैँ समाज सुधार गर्नु भन्दा पहिले गङ्गाले आफ्नो घरभित्रको विभेदलाई सुधार गर्न खोजेकी छन् । उनी भौतिक सुखलाई छोडेर आत्मसुख प्राप्ती गर्न तर्फ लागेकी मानवतावादी पात्र हुन् । "आजका मितिबाट ठूलीहजुर, भक्त भलादमीसामु यो श्रीसम्पत्ति, घरगोठ, जायजेथा सबै छोरा महेश्वरको भो । आजबाट म ब्राह्मण जातकी पनि रहने छैन । ठूलीहजुरको जुठो खाएर म उहाँकै जातकी भएँ र कुटीतिरै रहने भएँ" (पृ.२२७) ।

प्रस्तुत कथ्यमा गङ्गाले भौतिक माया मोहलाई त्याग्ने विचार व्यक्त गरेकी छन् । आफ्नो सम्पूर्ण भौतिक सम्पत्तिलाई त्यागेर ईश्वरको भक्तिमा लागेकी छन् । जातीयताको नाममा ठूलो र सानो जात भनेर भेदभाव गर्ने समाजले दिएको जातबाट मुक्त भएको धारणा राखेकी छन् । समग्रमा गङ्गा समाज सुधारक, त्यागी, कर्मठ, साहसी, सत् चरित्र भएकी पात्र हुन् ।

**(२) प्रेमनारायण**

प्रेमनारायण *योगमाया* उपन्यासका सहायक पुरुष पात्र हुन् । उनी शिक्षित र सकारात्मक चरित्र भएका व्यक्ति हुन् । प्रेमनारायणको एक छोरा एक छोरी र श्रीमती भएको सानो परिवार पनि रहेको छ । प्रेमनारायण गाउँमा शिवपुराण, विष्णुपुराण, चण्डीपाठ, रुद्रीपाठ पढ्ने तथा भजन किर्तन गाउने काम गर्छन् । प्रेमनारायणको गाउँमा लोकप्रियता बढेपछि अन्य पण्डितले आफ्नो जजमानी खासिएको आरोप लगाउँछन् । आरोप सहन नसकेर प्रेमनारायण आसाम जान्छन् । सानैमा गुरुको सेवा गरी शिक्षा आर्जन गरेका प्रेमनारायण आसाम गएपछि त्यहाँका चर्चित पण्डितको सङ्गतले धेरै कुरा सिक्ने अवसर पाउँछन् । जसको परिणाम स्वरुप अहिले उनी ठूला पण्डितका रूपमा चिनिन्छन् । उनी पुजापाठमा

प्रवचन दिने, योगसाधना गर्ने, तिर्थव्रत जाने कार्य गर्छन् । उनले अन्याय र अत्याचार सहेर बस्ने हैन यसको विरुद्धमा आवाज उठाउनु पर्छ भन्दै समाजमा जागरण फैलाएका छन् ।कसैको कुभलो हुने काम नगरेकाले उनी यस उपन्यासका अनुकूल पात्र हुन् । उनी सज्जन इमान्दार र निडर पात्रका रूपमा देखिएका छन् । अन्याय सहेर बस्नु अपराध हो । सबै जनाले आ-आफ्नो स्थानबाट सामन्तीको विरुद्धमा बोल्नुपर्छ भन्दै प्रेमनारायणले यसो भनेका छन् -

> "जाँतोको हाँतो शोषक सामन्तीले चलाउँछन् र घान हामीलाई बनाउँछन् । हामीलाई पिस्छन् अत्याचारको जाँतोमा । हो त्यो जाँतो हामीले टुक्राटुक्रा पारेर फोर्नु पर्छ । सहेर बस्ने होइन । चुप लागेर बस्ने होइन । बोलम् हामी बोल्नै पर्छ" ( पृ. २३८) ।

प्रस्तुत कथ्यले शोषक सामन्तीको जालबाट निस्किनु पर्छ, समाजका कुरीति र अत्याचारको विरोध गर्नु पर्छ, सबै मिलेर आवाज उठाउनु पर्छ भन्ने प्रेमनारायणको विद्रोही स्वरलाई प्रस्तुत गरेको छ । उनी जातभात छुवाछुत माथि विश्वास गर्दैनन् । समाजलाई भेदभाव रहित बनाउन, रूढीवादी परम्परालाई हटाउन उनले महत्वपूर्ण भूमिका खेलेका छन् । राणा शासनको कठोर नीति नियममा पनि प्रेमनारायण पटक-पटक भिक्षापत्र लिएर राज्यको दैलासम्म पुगी धर्मराज्य स्थापना गर्ने अभियानलाई सक्रिय पार्न सक्ने साहसी पात्र हुन् ।

> "मैले सन्यास धारण गरेँ ! धर्मराज्यको पक्षमा हिजो पनि हिमायती थेँ । पहिला ठूलीहजुरका आज्ञा पालनामा ज्यानको बाजी लाएर श्री ३ भट्न धाउँथे तर पछि-पछि, दिन-दिन आफैँ कटिबद्ध हुँदै आएको छु । यसको लागि अन्तिम साससम्म ठूलीहजुरको साथ दिने छु" (पृ.३५५) ।

प्रस्तुत कथ्यमा प्रेमनारायणले जीवनबाट सन्यास लिएको धारणा प्रस्तुत गरेका छन् । उनी तत्कालीन समयका कुरीति, जातीय विभेद, वर्गीय विभेदको अन्त्य गर्न अहोरात्र रूपमा लागेर मानव सेवामा लागि रहेका कुशल पात्र हुन् । सत्यको ढिलै भए पनि विजय हुन्छ भन्ने मान्यता राख्ने प्रेमनारायण कुशल निभर्य पात्र हुन् । धर्मराज्य स्थापनाका लागि जेल नेल सबै भोगेका प्रेमनारायण वीर पुरुष पात्र हुन् । समग्रमा प्रेमनारायण अन्यायको विरोधी,

परिश्रमी, सशक्त, उत्तरदायी र सत् पात्र हुन् । उनले अन्याय र अत्याचारको खुलेर विरोध गरेका छन् ।

### (३) नैनकला

नैनकला *योगमाया* उपन्यासकी सहायक नारी पात्र हुन् । उनी यस उपन्यासकी प्रमुख पात्र योगमायाकी छोरी हुन् । आसाम जन्मिएकी नैनकलाको बाल्यकाल मामाघरमै बित्छ । मामा र आमाले सानैमा उमेर छिपिएको मान्छेसँग विवाह गरी दिएकाले उनी बालविधुवा हुन पुगेकी छिन् । उनी तत्कालीन समाजमा बालविधुवा हुने नारीहरूकी प्रतिनिधि पात्र हुन् । मझुवाबेशीमा आउने भक्तजनको स्वागत गर्ने, सेवा गर्ने, प्रसाद बनाउने, भजन किर्तन गर्ने काम गरेकी छन् साथै योगमायाका सम्पूर्ण कामलाई सफल बनाउन हरतरहले सहयोग गरेकी छन् । कसैमाथि अन्याय भयो भने सबै मिलेर त्यसको विरोध गर्नुपर्छ भन्ने मान्यता राख्ने नैनकला *योगमाया* उपन्यासकी अनुकूल पात्र हुन । उपन्यासको सुरूवातदेखि अन्त्यसम्म उनकी सहभागिता सक्रिय देखिन्छ । आमाले देखाएको सत्य धर्मको बाटोमा हिडेकी नैनकला असल चरित्र भएकी पात्र हुन् । छोरी पढ्न नहुने, क्षेत्री र ब्राह्मणले मात्रै वेद पुराण पढ्नु पर्छ भन्ने मान्यता राख्ने, सोझा-साझालाई अन्धविश्वासको जालोमा फसाउने समाजका ब्राह्मण, ठालुहरूप्रति आक्रोशित हुँदै नैनकलाले यसो भनेकी छन् - “असत्यलाई सत्यले थिच्छ-थिच्छ ; एकदिन कुल्चेर धुलोपिठो गराउँछ ; गराउँछ” (पृ. १९६) । यस तथ्यमा नैनकलाको असत्य लामो समयसम्म टिक्न सक्दै सत्यको दबाबले असत्य टुक्रा-टुक्रा परेर जाने विचार व्यक्त भएको छ ।

समाजको नारी र पुरुष नियम र बन्धन फरक-फरक देखेर नैनकलाले यस्ता कुरीतिप्रति प्रश्न गरेकी छन् - “मर्दानालाई जतिपटक बिहे गरेपनि छुट, कोहीलाई बन्धन किन” (पृ. २४१) ? नैनकला समाजका सबै नियम पुरुषहरूले आफ्नो अनुकूल बनाएकाले नारी जाति पछाडि परेको हो यस्ता नियमको विरोध गर्दै नियम सबैलाई समान हुनुपर्ने धारणा व्यक्त गर्छिन् । धर्मराज्य स्थापना गर्ने अभियानमा सक्रिय रूपमा सहभागी भएकी नैनकला धर्मभिक्षाको लागि राज्यसम्म पुगेकी छन् । नैनकला समाजका विकृति र विसङ्गतिका विरुद्धमा सचेतना फैलाउने हिड्ने सचेत नारी पात्र हुन् ।

### (४) दुखुना

दुखुना *योगमाया* उपन्यासकी सहायक नारी पात्र हुन् । उनी गङ्गा र अग्निधरको छोरी, तुलसा र गिरीको बहिनी पनि हुन् । मामा प्रेमनारायणको सहयोगमा पढ्न र लेख्न जान्ने दुखुना यस उपन्यासकी बाल पात्र हुन् । पढ्न, लेख्नका साथै सरकारलाई पठाउने भिक्षापत्र लेख्न र पढेर सबैलाई सुनाउन उनी सिपालु भएकी छिन् । सरकार समक्ष भिक्षापत्र पढेर सुनाउन सक्ने दुखुना चञ्चले र आटिली पात्र हुन् । दुखुनाले मझुवाबेसीँमा भएका कार्यहरूलाई लिपिबद्ध गर्ने काम गरेकी छिन् । सरकारले भिक्षापत्रको सुनुवाई नगर्दा योगमाया लगायत अन्य भक्तजनले अग्नी समाधि लिने निर्णय लिएपछि अग्नी समाधिमा जाने सम्पूर्ण भक्तजनको नामावली सङ्कलन गर्ने काम दुखुनाले नै गरेकी छिन् । दुखुना यस उपन्यासकी अनुकूल पात्र हुन् । सकारात्मक सोच भएकी दुखुना मानव सेवामा लागेकी छिन् । उनी सानै भए पनि समाजको कुरीति र अन्धविश्वासलाई हटाई विभेदरहित समाज निर्माण गर्ने अभियानमा सक्रिय रूपमा लागेकी छिन् । सत्य धर्मको उदयका निम्ति हाँसीहाँसी आत्म बलिदान दिन पछि परेकी छैनन् । जलसमाधि लिदैँ गर्दा दुखुनाले यसो भनेकी छन् -

"अब म पनि समाएको कलमलाई यहीँनिर विश्राम दिने हतारोमा छु । सबैसँग बिदा माग्दै यहीँनिर बिट मार्दै छु । मेरो लागि भनेर राखिएको टपरीको जुनले मलाई नै पर्खी रहेको छ । म पनि जाँदै छु पछि-पछि; उहीँ आस्था-विश्वासका साथ ! सत्कर्मले मोक्ष मिल्नेछ । असत् अधर्मको हार भै एक दिन सत् अर्थात् धर्मको उदय अवश्य हुनेछ ! हुनेछ जुग फिर्नेछ !" पृ. (१८२) ।

अधर्मको नाश भई सत्य धर्मको उदय हुने अपेक्षा गर्दै, समाज र देशको भलाईका लागि उनी अरुण नदीमा सदाका लागि बिलाएकी छन् । समग्रमा दुखुना चञ्चल स्वभाव भएकी असल  बाल पात्र हुन् । सानै उमेर भए पनि समाजको लागि आत्म बलिदान दिन सक्ने अनुकूल पात्र हुन् ।

## ३.३.३ गौण पात्र

उपन्यासमा सबैभन्दा कम भूमिका भएका पात्रहरू गौण हुन् । *योगमाया* उपन्यासका गौण पात्रहरूको चारित्रिक विशेषतालाई निम्न रूपमा उल्लेख गरिएको छ ।

### (१) साना पुरेत

साना पुरेतले *योगमाया* उपन्यासमा गौण पात्र हुन् । शास्त्रमा लेखेको कुरालाई विश्वास गर्नै पर्छ भन्ने मान्यता राख्ने, सामाजिक कुप्रथालाई अनुसरण गर्ने, जातपातको नामा छुवाछुत गर्ने, नारी र पुरुषबिच भेदभाव गर्ने साना पुरेत यस उपन्यासका रूढीवादीपात्र हुन् । उनी नारीलाई दोस्रो दर्जाको ठान्ने, जातीय भेदभाव, लैङ्गिक भेदभाव गर्ने विभेदकारी पात्र हुन् । योगमायाले रूढीवादी परम्परालाई परिवर्तन गर्न खोज्दा सानापुरेतले उनलाई धर्म विरोधीको संज्ञा दिएका छन् । सामाजिक परम्पराको विरोध गरेकी भनेर योगमायालाई नाँनाथरी गाली गरेका छन् । उनमा सामाजिक कुरीतिलाई प्रोत्साहन गर्ने, जातीयताको नाममा तल्लो जात माथिल्लो भनेर छुटाउने, ब्राह्मणलाई मात्रै ठूलो जात मान्ने प्रवृति धेरै देखिन्छ । समाजमा धर्मको नाममा अन्धविश्वास भ्रम फैलाई समाजलाई खोक्रो बनाउने काम गरेका छन् । अरूको भलाई हुने लागि केही पनि नगर्ने दान दक्षिणाको नाममा सोभ्रा-साभ्रालाई ठग्ने लुट्ने काम गर्ने साना पुरेत यस उपन्यासका प्रतिकूल पात्र हुन् । नारी जान्ने सुन्ने भएको देख्न नसक्ने साना पुरेतको चरित्रलाई आख्यानकारले यसरी प्रस्तुत गरेकी छन् ।

> "चु...चु...चु...नाति-नातिना खेलाएर बस्ने बेलाँ नातिनी जत्री छोरी लिएर कहाँ-कहाँ बास माग्दै हिड्ने होला ? भाग्यकै खेलो भन्नु कि कर्मको फल ? जे भए पनि अब लाज पचाएर आइसकेपछि माइती नै बसे पनि धर्मकर्म मानेर बसे हुँदो हो । हान्ने गोरुभ्रैँ सिँग तिखार्दै हिड्ने ! पण्डित र शास्त्रलाई औँला उठाउने ! चलेको रीतिथितिको विरोध गर्ने ! जात गएकी आइमाई । अभ्र सप्पैभन्दा उनै जान्ने सुन्ने ? घरकाले सहलान् बाहिरकाले सहन क`खाँचो" (पृ.१२३) ?

साना पुरेत अरूको प्रगति भएको हेर्न नसक्ने अनेक तरिकाले कुरा काट्ने समाजको प्रतिनिधि पात्रका रूपमा उपन्यासमा देखिएका छन् । उनले छोरी मान्छेको लागि माइतीघरलाई पराई घर ठान्नु पर्ने, नारीले दोस्रो विवाह गरेपछि जात गएको हुने, पण्डित र शास्त्रका सबै कुरा सत्य हुने जस्ता विभेदकारी प्रस्तुत गरेका छन् । नारी जातिलाई होच्याउने पुरुष मात्रै सर्वश्रेठ हो भन्ने मान्यता राख्ने धूर्त पात्र हुन् ।

उनले धर्मको नाममा अन्धविश्वास फैलाएर समाजलाई खोक्रो बनाउने काम गरेका छन् । अग्निधरको मृत्युमा गरुडपुराण लगाउन खोज्दा योगमायाले रोक्न खोजेकी छिन् । जसको कारण साना पुरेत आक्रोशित भएका छन् । "घोर अधर्म । यसरी पुराण बीचमा बिथोल्नु, निन्दा गर्नु र ब्राह्मणका् अपमान गर्नु, यो भन्दा ठूलो पाप के होला ? त्यो भन्दा ठूलो पापी को होला" (पृ.२०१) ? पुराण बिथोल्नु नहुने, ब्राह्मणको अपमान गर्न नहुने जस्ता रूढीवादी परम्परालाई प्रोत्साहन गर्न खोजेका छन् । योगमायाले गरुड पुराण लगाई दान र धर्मको नाममा सुन,चल अचल सम्पत्ति दान गर्न लगाउने कार्य बन्द गर्न लगाउदा साना पुरेतले त्यसको विरोध गरेका छन् । योगमायालाई गाली बेइजती गरेका छन् । "भ्रष्ट पतिता पापिष्ट । अब हामी पुरेतले यस्तासँग सोध्नुपर्ने भो हाम्रो काम र कर्तव्य ! हामी के बोल्ने के नबोल्ने" (पृ.२०२) ? एउटा नारीले समाजको भलाईको लागि काम गर्दा समाजका जान्ने सुन्ने भनाउदा व्यक्तिहरूले गर्ने व्यवहारको उदाहरणमा साना पुरेत आएका छन् । समाज परिवर्तत हुन नदिने शास्त्रमा लेखेको कुरा मान्नै पर्ने पर्छ भन्ने आत्मा भड्किने जस्ता भ्रम फैलाउने काम पण्डितहरूले नै गरेको देखिन्छ । योगमाया र साना पुरेत बिच भनाभन नै हुन्छ । भ्रमपूर्ण धर्मको पक्ष उभिएका साना पुरेतको विचारलाई आख्यानकारले यसरी प्रस्तुत गरेका छन् ।

> "अब हामीलाई धर्म-अधर्म, पुण्यपाप सिकाउन आइन् यी जैसिनी । जब केही विधुवाँ बेसहाराले शिवभक्तिनी भनेर मान्न के लागे ,तिनका लहै-लहै हो-हल्लामा लागेर दुई-चार गाउँका आउन के लागे आफुलाई साक्षात् देवी नै ठान्न लाग्यौ ? भक्ति-भजन ध्यान गर्ने हुँदा भक्तिमाता भने । एक-दुई जादु-टुना जस्तो देखेर कसैले भक्तिमाता पनि भने । त्यसैले दिन-दिन तिम्रो हिम्मत बढ्दै गो । बिचरा ती सबै भक्तलाई के थाहा बिहे गर्दै छोड्दै हिँडेकी जात गएकी जैसिनीको वास्तविक कुरा" ( पृ.२०३) ।

प्रस्तुत कथ्यमा साना पुरेत मानवीय संवेदना नभएको पात्र हुन् भन्ने कुरा आख्यानकारले प्रस्ट गरेकी छन् । उनी शास्त्र र धर्मको नाममा समाजमा गलत शिक्षाको प्रचार गरिरहेका छन् । ब्राह्मणहरूले आफ्नो अनुकूल जात बढाउने र खसाउने गरेको देखिन्छ । योगमायालाई जैसिनी, जात गएकी भनेर भनेर अनेक थरी गाली गरेका छन् । उनी पुरुषले जति वटा विवाह गरे पनि जात नजाने तर बाध्यतामा आएर दोस्रो विवाह

गरेको नारीलाई भने पतिता, जात गएकी भनेर नानाथरी खोट लगाउने नेपाली समाजको प्रतिनिधि पात्र हुन् ।

### (२) अग्निधर

अग्निधर योगमाया उपन्यासको गौण पात्र हुन् । उनको श्रीमती, दुई छोरी र एउटा छोरा भएको सानो परिवार रहेको छ । भन्ने उनी आफ्नी दिदीलाई आसाम जाने तयारी गर्दै छन् । अग्निधरले दिदीलाई लिएर आउदा पछि समस्या आउने हो भन्ने पूर्व सङ्केमा भनेका छन् । "यही गाम-ठाममा बस्न छ सधैँ हाम्लाई, हाम्रा दरसन्तानलाई । उनलाई यहाँ लिएर आएउपरान्त..." (पृ.२१) । अग्निधरमा दिदीलाई माइतीमा आउदा समाजले कुरा काट्छन् कि भन्ने डर पलाएको देखिन्छ । उनी रूढीवादी पात्र हुन् । सामाजिक रुपान्तरणमा उनको भूमिका कमजोर रहेको देखिन्छ । अग्निधर विभेदकारी पात्र हुन् । अरूले कुरा काट्छन् भन्ने डरले आफ्नै दिदीलाई भान्सामा नराख्ने विचार व्यक्त गरेको छ । "दिदीलाई भान्छामा मिसाउन मिल्दैन । मायामा काया हाल्न सकिन्न गङ्गा" (पृ.६१) । यस भनाईबाट अग्निधरले आफ्नी दिदी माथि जातीय विभेद गरेको देखिन्छ । यसमा एउटै आमाका छोराछोरी भएर पनि जात फरक हुनु पर्ने नेपाली समाजको यथार्थ चित्रण भएको छ ।

> "के गर्छेस् समाजमा बसेपछि यहीँको चलनमा चल्न पर्छ । दिदीलाई कोही छेत्रिनी मान्छन्, कोही भन्छन जैसिनी । अब उपाध्यायको भान्सामा तिनलाई बसाल्न मिल्दैन गङ्गा । सरोवर नगर् । हाम्रो पनि जात काट्न लागे भने के होला ? ल हाम्रो त जे होला-होला सहन हुन्थ्यो; भोली हाम्री छोरीको बिहे गर्न छ । छोराको बिहे गर्न छ । अप्ठयारोमा परिने छ गङ्गा, दिन हुदा खेरी नै कुरा बुझ । आँखा खोल्" (पृ.६१) ।

यस भनाईले विभेदकारी अग्निधरको स्वभावलाई स्पष्ट पारेको छ । यसमा समाजले चलाएका कुप्रथाले मानिस भित्रको मानवतालाई खाई सकेको तत्कालीन समाजको वास्तविकताको चित्रण भएको छ । पुरुष प्रधान समाजमा पुरुषभन्दा नारी जान्ने हुन सक्दैन भन्ने कुरा अग्निधरको "तँ धेर जान्ने न हो । खुकुरीभन्दा कर्द लाग्ने !" (पृ.६१) भनाईले स्पष्ट पारेको छ । यसमा लैङ्गीक विभेदले यसरी जरो गाडेको छ कि पुरुषले गरेका हरेक निर्णयमा नारीले सहमति जनाउनु पर्ने अवस्थालाई देखाइएको छ ।

अग्निधरले समाजमा बसेपछि त्यहाँका चालचलन रीतिथिति मान्नु पर्छ भन्ने धारणा व्यक्त गरेका छन् । उनी भन्छन् । "नमानेर हुन्छ चलेको चलन ? बाउबाजे, पुर्खाका पालादेखिन् यही चल्दै आ'को छ" (पृ.१०९) । पिता पुर्खाले जे गरेका छन्, त्यसलाई मान्नुपर्छ, जोगाउनु पर्छ भन्ने विचार अग्निधरले राखेका छन् । यस्ता जातभात, छुवाछुत जस्ता अन्याय कुरा मान्दिनँ भन्ने योगमायाको कुराले अग्निधर आक्रोशित भएर आफ्नी दिदीलाई यस्तोसम्म भनेका छन् "तिमी अनपढलाई के थाहा शास्त्रका बारे ? कनिकुथी अक्षर फोड्न खोज्नु र बुझेर शास्त्र भट्टाउनु बेग्लै कुरा हुन्" (पृ.१०९) । अग्निधरले शास्त्रमा लेखिएका नीतिनियम मान्नु पर्छ भन्ने विचारले पुरुषप्रधान समाजको चित्रण गरेको छ । अग्निधरले परम्परागत मूल्यमान्यता, जातीय विभेद, लैङ्गिक विभेद जस्ता रूढीवादी परम्परालाई प्रोत्साहन गर्ने समाज सुधार गर्न नचाहने प्रतिकूल पात्रको भूमिका निर्वाह गरेका छन् । अग्निधर परम्परागत सोच भएको रूढीवादी पात्र हुन् । उनी परिस्थितिको डटेर सामना गर्न नसक्ने कमजोर पात्र हुन् ।

### (३) ठूला पुरेत

ठूला पुरेत योगमाया उपन्यासका गौण पात्र हुन् । उपन्यासमा यिनले प्रतिकूल पात्रको भूमिका निर्वाह गरेका छन्  उनको उपस्थिति नै योगमायाको विरोध गर्ने क्रममा भएको छ । नारी शिक्षित, कुरीतिका विरुद्ध बोल्न सक्ने भएको मन ठूला पुरेतलाई परेको छैन् । योगमायाले वेद पुराण सबै जाति वर्गले पढ्न पाउनु पर्छ भन्दा पुराण पढ्ने शिक्षित ब्राह्मणलाई ज्ञानको पाठ सिकाउने भएकी भनेर उनले गाली गरेका छन् । ठूला पुरेत गाउँमा जजमानी गर्ने, धार्मिक कार्यमा पुराण पाठ गर्ने, पितृ कार्यमा गरुडपुराण लगाउने काम गर्छन् ।  उनी रूढीवादी पात्र हुन् । उनी परम्परागत रूपमा चलिआएका जातभात, छुवाछुत र पितृसतात्मक सोचले ओतप्रोत देखिन्छन् । उनको विभेदकारी सोचलाई आख्यानकारले यसरी देखाएकी छन् ।

> "एउटी अनपढको सोच र पुस्तकमा  लेखिएको फरक हुन्छ । अरूबाट सुनेका दुई-चार श्लोक कण्ठ पार्दैमा ज्ञानी भै'दैन । आजसम्म यही चलिआ'को छ । तपस्वी हुँ भन्नेलाई गुफा नै सुहाउँछ । हामी त्यहाँ बिथोल्न आका छैनम् । निकै जान्ने सुन्ने ज्ञानी जस्ती भएर चौबाटा बसेर सोझा-साझालाई भड्काए पनि केही भनेका छैनम् भने हाम्रा काममा पनि कोही भाजो हाल्न नआउनू" (पृ.२०२) ।

यस कथ्यमा ब्राह्मण मात्रै शिक्षित ज्ञानी  जान्ने बुझ्ने अरू सबै अज्ञानी अनपढ हुन् भन्ने ठूला पुरेतको परम्परित विचारको पुष्टि भएको छ । उनले पितृ कार्यमा गरुडपुराण लगाई जति धेरै द्रव्य-वस्त्र, स्वर्ण, भूमि दान गऱ्यो त्यति धेरै पितृ खुशी हुन्छन् भन्ने भ्रम फैलाउँदै गएको देखिन्छ । ठूला पुरेतले धर्मको नाममा गरिबमाथि शोषण गरेको देखिन्छ । आफ्नो निजी फाइदाका लागि सोझा साझाका आँखामा अन्धविश्वासको पट्टी लगाई दिएका छन् ।

उनले लैङ्गिक विभेद र जातीय विभेदलाई प्रोत्साहन गरेको देखिन्छ । अग्निधरको पितृ कार्यमा गरुडपुराण लगाउँदै गर्दा योगमायाले पुराण लगाउन बन्द गर भन्दा उनले भनेका छन् । "बीचमै रोकिनेछ ; भड्किनेछ मृत अग्निधरको आत्मा ! त्यसको पाप भोग्नु पर्नेछ, भक्तिनी भनाउँदी उनैको दिदीले र नेउपानेका खलकले" (पृ.२०३) । उनले गरुडपुराण लगाएपछि मृतको आत्माले शान्ति पाउने, नलगाएमा आत्मा भड्किने जस्ता भ्रम फैलाएका छन् । उनले दान गरेपछि मृतले गरेको पाप पखालिन्छ, बैतर्नी तर्न पाउँछन् भन्ने अन्धविश्वास फैलाउदै हिडेका छन् । समग्रमा ठूला पुरेत परम्परावादी सोच भएका रूढीवादी पात्र हुन् । उनमा आफ्नो फाइदाको लागि मात्रै काम गर्ने स्वार्थी प्रवृति देखिन्छ । समाजमा हुन लागेको राम्रो कामलाई स्वीकार गर्न नसक्ने, धर्म विरोधीको आरोप लगाउने ठूला पुरेत प्रतिकूल चरित्रका पात्र हुन् । समग्रमा ठूला पुरेत लोभी, स्वार्थी, धुर्त, ठग, प्रवृति भएका पात्र हुन् ।

### (४) महानन्द

महानन्द *योगमाया* उपन्यासको गौण पात्र हुन् । नारी र पुरुषको बिचमा भेदभाव नगर्ने, सबैलाई समान व्यवहार गर्ने महानन्द यस उपन्यासका अनुकूल पात्र हुन् । समाज सुधार गरी धर्मराज्य स्थापना गर्ने अभियानमा उनी सक्रिय भएर काम गरेका छन् । योगमायालाई सहयोग गरेको, रातदिन सेवा गरेको भन्दै महानन्दको आफ्नै दाजुले उनको जात काटिदिएका छन् । अर्कोले के भन्छ, जात जाने हो कि भन्ने जस्ता कुरालाई बेवास्ता गरी समाज परिवर्तन गर्ने कार्यमा सक्रिय हुने महानन्द तत्कालीन समाजका उदाहरणीय पात्र हुन् । समग्रमा  महानन्द असल चरित्र भएका पात्र हुन् । अरूले गरेका असल कार्यलाई प्रोत्साहन दिन सक्ने, सबैलाई बराबर ठान्ने, कोही कसैको चित्त दुखाउने काम नगर्ने महानन्द साहसी, सहयोगी चरित्र भएका पात्र हुन् ।

### (५) चापागाईं बाजे

चापागाईं बाजे *योगमाया* उपन्यासको गौण पात्र हुन् । उनले जातीय विभेद गर्ने राम्रो काम गर्नेको खुट्टा तान्ने, कुरा काट्ने, जात काटेर तल्लो जातको बनाई दिने, नारी र पुरुषमा विभेद गर्ने जस्ता सामन्तीवादी काम गरेका छन् । नारीहरूका लागि मात्रै कठीन नियम बनाउने, स्वः ईच्छाले नारीले केही गर्न विचार भएका चापागाईं बाजे पुरुषप्रधान समाजका प्रतिनिधि पात्र हुन् । दुःख परेकालाई साथ र सहयोग गर्नु पर्ने ठाउँमा उल्टै नाँनाथरी गाली गरेर समाज बिगारेको आरोप लगाउने चापागाईं बाजेले योगमायालाई यसो भनेका छन् -

"उही बेला बुद्धि नबिगारेको भए, सँघार ननाघेको भए घरले नभित्राए पनि माइतीलाई पाल्न कर लाग्थ्यो । पाल्न त उही बेला आफ्नै बा-आमाले पाल्दा हुन् । अहिले यसरी माउ-बाच्छी पाल्न र'छ भाइका पालाँ । नकचरी फुपू-भदाको माइत भन्थे । यही हो लाज हराएपछि" (पृ. १२३)

दुःखमा परेका छोरी बहिनी माइतीमा आएर बसेको मन परेको छैन् । समाजका विकृति हटाई समाज सुधार गर्ने योगमायाको कामप्रति उनले चर्को विरोध गरेका छन् । चापागाईं बाजेले धर्मको नाममा अन्धविश्वास फैलाउने कार्यलाई बढावा दिने काम गरेका छन् । जातीय विभेदको अन्त्य गर्ने र विधुवा भएका छोरी चेलीले चाहेको खण्डमा विवाह गर्न पाउनु पर्छ भन्ने योगमायाको परिवर्तनकारी विचार व्यक्त गर्दा त्यसको विरोधमा चापागाईं बाजेले यस्तो जवाफ दिएका छन् - "दिउँसै सपना नदेख ! ती ज्ञान नभएका अज्ञानीलाई ; अन्जान, लालाबाला, विधवाँ र बेजातकालाई फकाए जस्तो होइन" (पृ. १७८) । चापागाईं बाजे मानवीय संवेदना नभएका पात्र हुन् । उनले मान्छेलाई मान्छेको व्यवहार गर्न सकेका छैनन् । समग्रमा उनी खराब चरित्र भएका पात्र हुन् । यिनले कसैको पनि भलो चिताएका छैनन् । उनी ब्राह्मण जातिको भएको घमण्ड गर्ने विधवा, गरिब निमुखालाई मान्छे नै हैन को जस्तो व्यवहार गर्ने स्वार्थी, घमण्डी पात्र हुन् ।

### (६) कृष्णभक्त चापागाईं

कृष्णभक्त चापागाईं यस उपन्यासका गौण पात्र हुन् । परम्परागत सोचलाई त्याग्न नसक्ने उनी रूढीवादी पात्र हुन् । सामन्तवादी विचार भएका कृष्णभक्त चापागाईं समाजका शोषक सामन्तको प्रतिनिधि पात्र हुन् । उनले जातपात, छुवाछुत जस्ता विभेद गरेका छन् । निमुखा, आफ्नो अधिकारको लागि बोल्न नसक्ने वर्गमाथि शोषण गर्ने, जातीय भेदभाव विरुद्धमा कसैले आवाज उठाएमा उसको जात काढेर तल्लो जातको बनाइ दिने काम गरेका छन् । समाजमा बसेपछि संस्कारलाई पनि मान्नु पर्ने कुरालाई यसरी व्यक्त गरेका छन्- “जातमा पनि छु भन्ने संस्कार पनि नमान्ने अरूको एक-एक गरी हाम्ले नै काढ्न नपरोस् । सर्तक हुनू” (पृ. २७६) । यस भनाईमा उनको सामन्तवादी विचार व्यक्त भएको छ । समाजका सबै नीति नियम ठूलाबडाले बनाउनु पर्ने उनीहरूलाई नियम कानुन नलाग्ने तर जहिले पनि जहाँ पनि निमुखा नै अत्याचारको शिकार भएको देखिन्छ । सबैलाई समान व्यवहार गर्न नसक्ने कृष्णभक्त चापागाईं यस उपन्यासका प्रतिकूल पात्र हुन् । योगमायाले समाजमा सकारात्मक परिवर्तन ल्याउन खोज्दा उनले त्यस कामको विरोध गरी बाधा अड्चन सिर्जना गरेका छन् । उनले रूढीवादी परम्परालाई हटाउनुको साटो त्यसलाई प्रोत्साहन गरेर कायमै राख्न खोजेका छन् ।

समग्रमा कृष्णभक्त चापागाईं सोझासाझामाथि अन्याय अत्याचार गर्ने, जातीयताको नाममा शोषण गर्ने राम्रो कामलाई साथ र सहयोग गर्न नसक्ने प्रतिकूल पात्र हुन् । उनी आफु भित्रका खराब बानी र परम्परागत विचारलाई परिवर्तन गर्न नसक्ने रूढीवादी पात्र हुन् । कृष्णभक्त चापागाई जातीय विभेद, लैङ्गिक विभेद, वर्गीय विभेद गर्ने विभेदकारी पात्र हुन् ।

### (७) जद्धशमशेर

जुद्धशमशेर *योगमाया* उपन्यासका गौण पात्र हुन् । उनी सरकार पक्षको प्रतिनिधि पात्र हुन् । सरकारमा बसेर जनताको गुनासो, दुःख, पीडाको सुनुवाई नगर्ने, योगमायाले धर्मभिक्षा माग्दा सुनका असर्फी दिएर भुलाउन खाज्ने प्रतिकूल पात्र हुन् । जुद्धशमशेर बाचा गरेर पुरा नगर्ने, काम गर्छु भनेर आश्वासन मात्रै दिने खराब प्रवृतिका पात्र हुन् । उनले योगमायालाई धर्मभिक्षा दिए भन्दै यस्तो आश्वासन दिएका छन् - “लौ सत्यधर्मको भिक्षा

दिएँ । भक्तिनीको आशीर्वाद पाऊँ अवश्य धर्म गर्छु" (पृ. ३६३) । योगमायालाई धर्मराज्य स्थापना गर्छु भनेर आशा देखाएका उनले आशामै सीमित राखेका छन् । उनले समाजको भलाई हुने कुनै पनि काम गरेको देखिदैन ।

## ३.४ निष्कर्ष

*योगमाया* मानवतावादी विचारले ओतप्रोत उपन्यास हो । यस उपन्यासमा तत्कालीन राणा शासन कालका स्थापित जातीय विभेद, दासप्रथा, सतीप्रथा, वर्गीय विभेद, कुप्रथा, विकृति र विसङ्गतिको विरुद्धमा सङ्खघोष गरिएको छ । यो उपन्यास ऐतिहासिक भएकाले यस उपन्यासका पात्रहरू पनि ऐतिहासिक रहेका छन् । यस उपन्यासमा राणा शासन कालको राजनीतिक, धार्मिक, सामाजिक, सांस्कृतिक, शैक्षिक पक्षलाई प्रभावकारी रूपमा चित्रण गरिएको छ । यसका साथै जीवन जगतलाई हेर्ने सकारात्मक दृष्टिकोण, ग्रामीण जीवनशैलीको यथार्थ प्रस्तुति, रूढीवादी परम्परा, कुरीति, कुसंस्कारप्रतिको विद्रोह सामाजिक परिवर्तन, क्रान्तिचेतना जस्ता पक्षलाई उपन्यासले समेटेको छ ।  यस खण्डमा उपन्यासका प्रमुख, सहायक र गौण पात्रको विश्लेषण गरिएको छ । उपन्यासकी प्रमुख पात्र योगमाया हुन् भने सहायक पात्रहरूमा गङ्गा, प्रेमनारायण, नैनकला र दुखुना हुन् साथै गौण पात्रहरूमा साना पुरेत, अग्निधर, ठूला पुरेत, महानन्द, चापागाईं बाजे रहेका छन् ।

कथानकको  प्रमुख भूमिकामा योगमाया रहेकी छिन् । उनी आफैले निर्धारण गरेको लक्ष्यमा निरन्तर लागि रहने, जस्तोसूकै बिघ्न बाधा आए पनि विचलित नहुने निडर र साहसी पात्र हुन् । समाज र देशको भलाईका लागि आत्म बलिदान दिन सक्ने योगमाया ऐतिहासिक पात्र हुन् । गंगाले उपन्यासमा समाख्याताको भूमिका निर्वाह गरेकी छन् । योगमायाले देखाएको सत्य धर्मको बाटोलाई आत्मसाथ गरेकी गङ्गा अनुकूल पात्र हुन् । प्रेमनारायणले उपन्यासमा अगुवाइ गर्ने भूमिका निर्वाह गरेका छन् । उनले भिक्षापत्र लेख्ने र त्यसलाई राज्यको ढोकासम्म पुऱ्याउने जस्तो महत्वपूर्ण कार्य गरेका छन् । दुखुना यस उपन्यासकी बाल पात्र हो । उनी शिक्षित भएकाले मझुवाबेसीँमा भएका सम्पूर्ण कार्यहरूलाई लिपीबद्ध गर्नुका साथै आत्मदाह गर्ने सबै भक्तजनको नामलाई टिपोट गरेर राखेकी छन् । साना पुरेत रूढीवादी पात्र हुन् । उनले लैङ्गिक विभेद, जातीय विभेद जस्ता कुरीतिलाई प्रोत्साहन गरेका छन् । अग्निधर समयको परिवर्तनसँगै परिवर्तन हुन नसक्ने, परिस्थितिको सामना गर्न नसक्ने कमजोर पात्र हुन् ।

योगमायाका माध्यमबाट उपन्यासमा इतिहास रच्न खोजिएको छ । समाजमा व्याप्त कुरीति, कुसंस्कार, लैङ्गीक विभेद, जातीय विभेद र वर्गीय विभेदको अन्त्य गरी वर्गविहीन समाज निर्माण गर्नु यस उपन्यासको प्रमुख उद्देश्य हो । यस उपन्यासलाई अगाडि बढाउन र घटना  घटाउन अन्य पात्रहरूले पनि सहयोग गरेका छन् । यसमा *योगमाया* उपन्यासका प्रमुख, सहायक र गौण पात्रहरूको चारित्रिक विशेषताको आधारमा विश्लेषण गरिएको छ ।

# चौथो परिच्छेद

# सारांश र निष्कर्ष

## ४.१ विषय प्रवेश

नीलम कार्की 'निहारिका' को *योगमाया* उपन्यासमा पात्रविधान शीर्षकको प्रस्तुत शोधपत्र जम्मा चार परिच्छेदमा विभाजित छ । पहिलो परिच्छेदमा शोध परिचय, दोस्रो परिच्छेदमा *योगमाया* उपन्यासका पात्रहरूको वर्गीकृत विश्लेषण, तेस्रो परिच्छेदमा *योगमाया* उपन्यासका पात्रहरूको कथानकीय भूमिका र चरित्रचित्रण, चौथो परिच्छेदमा साराशं र निष्कर्ष क्रमशं राखिएको छ ।

## ४.२ सारांश

पहिलो परिच्छेदमा शोध परिचय रहेको छ । यसअर्न्तगत विषयपरिचय, शोध समस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधविधि, शोधपत्रको रूपरेखा जस्ता उपशीर्षकहरू समावेश गरी शोधको परिचय प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदमा *योगमाया* उपन्यासका पात्रहरूको वर्गीकृत विश्लेषण गरिएको छ । जसअर्न्तगत विषय प्रवेश, पात्र वर्गीकरणको सैद्धान्तिक परिचय, *योगमाया* उपन्यासका पात्रहरूको लिङ्ग, कार्य, प्रवृति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताको आधारमा वर्गीकरण र निष्कर्ष प्रस्तुत गरिएको छ ।

तेस्रो परिच्छेदमा योगमाया उपन्यासका पात्रहरूको कथानकीय भूमिका र चरित्रचित्रणको अध्ययन गरिएको छ । जसमा विषय प्रवेश, चरित्रचित्रणको सैद्धान्तिक आधार, *योगमाया* उपन्यासका पात्रहरूको कथानकीय भूमिका र चरित्रचित्रण यसभित्र प्रमुख पात्र- योगमाया, सहायक पात्र- गंगा, प्रेमनारायण, नैनकला, दुखुना, गौण पात्र- साना पुरेत, अग्निधर, ठूला पुरेत, महानन्द, चापागाईं बाजे रहेका छन् ।  र निष्कर्ष समावेश गरिएको छ ।

यस शोधको चौँथो परिच्छेदमा शोधपत्रका सबै परिच्छेदको साराशं र निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

*योगमाया* ऐतिहासिक घटनामा आधारित उपन्यास हो । उपन्यासमा कुरीति, अन्धविश्वास, जातीय भेदभाव, लैङ्गिक विभेद, वर्गीय विभेद जस्ता सामाजिक समस्याको अन्त्य गर्न गरेको सङ्घर्षलाई प्रस्तुत गरिएको छ । पुरुष प्रधान समाजको चपेटामा परेकी योगमायाको बाल्यकालदेखि जीवनको उत्तरार्धसम्म कथा नै यस उपन्यासको विषयवस्तु हो । योगमायाको कथालाई अगाडि बढाउने पात्रहरूमा गङ्गा, अग्निधर, प्रेमनारायण, साना पुरेत महानन्द आदि पर्दछन् । यस उपन्यासमा समाज परिवर्तन गर्न जनचेतना फैलाउन सके रूढीवादी सोचबाट समाजलाई बाहिर ल्याउन सकिने विचार प्रस्तुत भएको छ । यस उपन्यासका पात्रहरूको अध्ययनका लागि मोहनराज शर्माको मतलाई लिइएको छ । उनको मतअनुसार लिङ्गका आधारमा पुरुष र स्त्री, कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृतिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र गतिहीन, जीवनचेतनाका आधारमा वर्गीय र व्यक्तिगत, आसन्नताका आधारमा मञ्चीय र नेपथ्य, आबद्धताका आधारमा बद्ध र मुक्त भनी *योगमाया* उपन्यासका पात्रहरूको वर्गीकरण र विश्लेषण गरिएको छ । यसका साथै चारित्रिक विशेषताका आधारका प्रमुख, सहायक र गौण पात्रको विश्लेषण गरिएको छ ।

समग्रमा नीलम कार्की 'निहारिका' को *योगमाया* उपन्यासमा प्रयोग भएका पात्रहरू निम्नअनुसारका छन् ।

(क) लैङ्गिक दृष्टिले हेर्दा कार्कीको *योगमाया* उपन्यासमा नारी र पुरुष पात्रको प्रयोग बराबरी भएको देखिन्छ ।

(ख) कार्यका आधारमा *योगमाया* उपन्यासमा योगमाया प्रमुख पात्र हुन् । उपन्यासको सम्पूर्ण कथावस्तु यिनकै केन्द्रीयतामा अगाडि बढेको छ । योगमायालाई सहयोग गर्ने सहायक पात्रहरूमा गङ्गा, प्रेमनारायण, नैनकला, दुखुना पर्दछन् । गौण पात्रहरूमा अग्निधर, साना पुरेत, महानन्द, ठूला पुरेत, चापागाईं बाजे आदि रहेका छन् ।

(ग) प्रवृतिका आधारमा *योगमाया* उपन्यासमा प्रतिकूल पात्रको तुलनामा अनुकूल पात्र बढी देखिन्छन् । अनुकूल पात्रहरूमा योगमाया, गङ्गा, प्रेमनारायण, नैनकला, दुखुना, महानन्द, गञ्जबहादुर मुख्य रूपमा आएका छन् ।

(घ) स्वभावका आधारमा *योगमाया* उपन्यासमा गतिशील पात्र भन्दा गतिहीन पात्रको बाहुल्यता देखिन्छ । जसको प्रतिनिधित्व योगमाया, गङ्गा, प्रेमनारायण, साना पुरेत, ठूला पुरेत दुखुनाले गरेका छन् ।

(ङ) जीवनचेतनाका आधारमा *योगमाया* उपन्यासमा व्यक्ति पात्र भन्दा वर्गीय पात्रहरूको बाहुल्यता देखिन्छ । नैनकला, गङ्गा, महानन्द, काइँली कमिनी, गञ्जबहादुर आदि वर्गीय पात्र हुन् । व्यक्ति पात्रहरूमा योगमाया, अग्निधर, साना पुरेत, श्रीलाल, रहेका छन् ।

(च) आशन्नताका आधारमा *योगमाया* उपन्यासमा योगमाया, गङ्गा, प्रेमनारायण, नैनकला, दुखुना, साना पुरेत, ठूला पुरेत, चापागाईं बाजे, महानन्द लगायतका पात्रहरू मञ्चीय पात्र हुन् भने नेपथ्य पात्रका रूपमा श्रीलाल, रघुनाथ, गिरी, तुलसा, महेश्वर, धनबहादुर, नरेन्द्रबहादुर बस्नेत, डम्बरबहादुर आदि उपस्थित छन् । यस उपन्यासमा मञ्चीय पात्र भन्दा नेपथ्य पात्र तुलनात्मक रूपमा बढी देखिन्छन् ।

(छ) आबद्धताका आधारमा *योगमाया* उपन्यासमा योगमाया, गङ्गा, प्रेमनारायण, नैनकला, दुखुना लगायतका पात्रहरू बद्ध पात्र हुन् भने मुक्त पात्रमा श्रीलाल, नरबहादुर, गिरी, तुलसा, धनबहादुर आदि पात्रहरू उपस्थित छन् । समग्रमा योगमाया उपन्यासमा बद्ध पात्र भन्दा मुक्त पात्रहरूको प्रयोग बढी देखिन्छ ।

(ज) *योगमाया* उपन्यासमा प्रमुख पात्र योगमाया हुन् । उपन्यासको सबै घटनाक्रम योगमायाकै सेरोफेरोमा घुमेको देखिन्छ । चरित्रचित्रणका हिसाबले योगमाया ऐतिहासिक, क्रान्तिकारी, परिवर्तनकारी, जीवनवादी, उत्तरदायी पात्र हुन् । समाजमा भएका अन्याय र अत्याचारको विरोध गर्नुका साथै भेदभावरहित समाज निर्माणमा योगमायाले ठूलो योगदान दिएकी छन् ।

(झ) *योगमाया* उपन्यासमा योगमायालाई सहयोग गर्ने सहायक पात्रहरूमा गङगा, प्रेमनारायण, नैनकला, दुखुना रहेका छन् । गङ्गा परिवर्तनकारी पात्र हुन् । समाजका कुरीति र कुसंस्कारलाई हटाउन उनले आफ्नो घरबाट सुरूवात गरेकी

छन् । प्रेमनारायण हरेक परिस्थितिको डटेर सामना गर्ने साहसी पुरुष पात्र हुन् । नैनकला बालविवाह जस्तो कुसंस्कारबाट पीडित बालविधवा हुन् पुगेकी सत् पात्र हुन् । समाजका नीति नियम नारी र पुरुषको लागि बराबर हुनुपर्छ भन्दै लैङ्गिक विभेदको विरोध गरेकी छन् । दुखुना सकारात्मक सोच भएकी बाल पात्र हो । उपन्यासको अन्तिम खण्डमा उसले महत्वपूर्ण भूमिका निर्वाह गरेकी छे ।

(त्र) *योगमाया* उपन्यासमा सहायक पात्रको भन्दा कम भूमिका भएका पात्रहरूमा अग्निधर, साना पुरेत, महानन्द, ठूला पुरेत, चापागाईं बाजे रहेका छन् । अग्निधर, साना पुरेत, ठूला पूरेत र चापागाईं बाजेले योगमायाका सामाजिक सुधारका काममा बाधा सिर्जना गरेकाले यिनीहरू प्रतिकूल पात्रको रूपमा आएका छन् भने महानन्दले समाज सुधारलगायत धर्मराज्य स्थापना गर्ने अभियानलाई स्थापना गर्न सहयोग गरेका छन् । त्यसैले उनी अनुकूल पात्र हुन् । यिनै पात्रहरूले उपन्यासको कथावस्तुलाई अगाडि बढाएर जीवन्तता प्रदान गरेका छन् ।

## ४.३ निष्कर्ष

नीलम कार्की निहारिकाको *योगमाया* उपन्यास ऐतिहासिक विषयमा आधारित उपन्यास हो । *योगमाया* उपन्यासमा बहुल पात्रहरूको प्रयोग गरिएको छ । यस उपन्यासमा लैङ्गीक विभेद, जातीय विभेद, वर्गीय विभेद, सतीप्रथा, बालविवाह, रूढीवादी परम्परा, अन्धविश्वास जस्ता कुरीतिको अन्त्य गरी वर्गविहीन समाज निर्माण गर्न खोजिएको छ । उपन्यासमा दुई थरी पात्रको प्रयोग गरिएको छ । एक पक्ष सत्य धर्मलाई आत्मसाथ गरी समाज सुधार गर्न चाहन्छ भने अर्को पक्ष धर्मको नाममा व्यापार गर्न, शास्त्रको नाममा अन्धविश्वास फैलाई समाजलाई खोक्रो बनाउन चाहन्छ । समाजको त्यहीँ अन्धविश्वासलाई हटाउन र समाज परिवर्तन गर्न योगमाया जस्तो साहसी, निडर नारी पात्रलाई उपन्यासमा नायकत्व प्रदान गरिएको छ । योगमायाले उपन्यासमा नारीमुक्ति र समाज सुधारमा अग्रणी भूमिका निर्वाह गरेकी छन् ।  योगमाया उपन्यासमा तत्कालीन पुरुष प्रधान समाजमा रहेको वर्गीय विभेद, लैङ्गिक विभेद, नारीलाई हेर्ने सामाजिक दृष्टि, क्रूर बुहार्तन, बालविवाह, बहुविवाह, सतीप्रथा, जातीय असमानता दासप्रथा जस्ता कुरीति र कुसंस्कारलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । यसका साथै उपन्यास भित्रका नारी चेतना, समाज सुधार, पात्रले जीवन जगतलाई हेर्ने सकारात्मक दृष्टिकोण, परम्परागत रूपमा चलि आएका

कुसंस्कारप्रतिको विद्रोहलाई प्रस्तुत गरिएको छ । परिवर्तनकामी विचार, ग्रामीण जीवनशैलीको प्रस्तुती, मानवतावादी जीवन दृष्टिका साथै हिन्दु धर्मको पुनर्व्याख्या जस्ता विविध पक्षलाई यस उपन्यासले प्रस्तुत गरेको छ । समाज सुधार गरी धर्मराज्य स्थापना गर्न खाज्ने आदर्श पात्रहरू एकातिर छन् भने अर्कोतिर रूढीवादी सोच भएका, धर्मको नाममा समाजलाई खोक्रो बनाउने भ्रष्ट पात्रहरू पनि छन् । यति हुँदाहुँदै पनि *योगमाया* उपन्यासका यी पात्रहरूले आफ्नो वास्तविक धरातल छोडेका छैनन् । यसरी पात्रविधानका दृष्टिले *योगमाया* उपन्यास सफल देखिन्छ ।

## *योगमाया* उपन्यासका सम्भावित शोध शीर्षकहरू

(क) *योगमाया* उपन्यासको ऐतिहासिक अध्ययन

(ख) *योगमाया* उपन्यासको भाषिक अध्ययन

(ग) नीलम कार्की 'निहारिका'को उपन्यासकारीता

(घ) *योगमाया* उपन्यासको शैलीवैज्ञानिक अध्ययन

(ङ) *योगमाया* उपन्यासमा परिवेशविधान

(च) *योगमाया* उपन्यासमा क्रान्तिचेतना

# सन्दर्भसामग्री सूची


अधिकारी, कृष्णराज (सन २०२१). योगमायालाई नियाली हेर्दा. *समकालीन साहित्य.* २०८१ । www.samakalinsahitya.com

घर्ती, दुर्गाबहादुर (२०६७). *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान.* ललितपुर : साझा प्रकाशन ।

चापागाई, गायत्री कुमार (२०७५). योमाया उपन्यास शाेधमूलक आख्यान. *अनलाइन खबर* २०८१. www.onlikekhabar.com

चौधरी, सहदेव (२०७५). *योगमाया नै बनेर लेखेँ योगमाया. देशसञ्चार* २०८१. www.deshsanchar.com

निहारिका, नीलम कार्की (२०७४). *योगमाया.* काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा.लि. ।

नेपाल, घनश्याम (सन २०११). *आख्यानका कुरा.* काठमाडौँ : एकता बुक हाउस प्रा.लि. ।

नेपाल, देवी (मि.न.). बलिदानीपूर्ण इतिहासको आख्यानात्मक पुर्नजीवन: योगमाया उपन्यासमा. *साहित्यपोष्ट* २०८१. www.sahityapost.com

न्यौपाने, विष्णु (२०७७). *नेपाली ऐतिहासिक उपन्यासमा पात्रविधान.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पराजुली, बसन्त (मि.न.). योगमाया धार्मिक तथा सामाजिक सुधारकी अभियान्ता. *साहित्यपोष्ट* २०८१. www.sahityapost.com

पौडेल, ताराकुमारी (२०७८). *योगमाया उपन्यासमा नारीवाद.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रि.वि. नेपाली विभाग चितवन ।

प्रणेता, (२०७६, फागुन ३). योगमायाको इतिहासमाथि अन्याय. *कान्तिपुर कोसेली* २०८१. www.ekantipur.com

बराल, कृष्णहरि र एटम, नेत्र (२०५६). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* ललितपुर : साझा प्रकाशन ।

बसेल, भूमा (२०७६). *योगमाया उपन्यासको लैङ्गीक अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. नेपाली भाषा शिक्षा विभाग कीर्तिपुर ।

भौकाजी, विमल (२०७५). योगमायाको आयाम. *नागरिक न्यूज* २०८१. www.nagariknetwork.com

लामिछाने, खिम (२०७६). को हुन् योगमाया. समाधान न्यूज २०८१. www.samadhannews.com

लुइटेल, खगेन्द्रप्रसाद (२०६९). *नेपाली उपन्यासको इतिहास.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

लोहनी, सुनिता (२०७६). योगमाया वरिपरि : *नेपाल म्यागाजिन* २०८१. www.nepalmag.com.np

शर्मा, मोहनराज (२०४८). *शैलीविज्ञान.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

सुवेदी, अच्युत (२०७७). पाठकको नाममा योगमाया उपन्यास. *अनलाइन खबर* २०८१. www.onlinekhabar.com

सुवेदी, हेमकुमारी (२०८१). *नीलम कार्की 'निहारिका' का उपन्यासमा प्रयुक्त शरीर राजनीति.* अप्रकाशित दर्शनाचार्य शोधपत्र.नेपाली केन्द्रीय विभाग कीर्तिपुर ।